निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/– Pages-8

वर्ष २०: अङ्क: २७२, वि.सं. २०८३, असोज २१ गते, बुधवार, ७ अक्टोबर, २०२६ | POSTAL REGD NO. WB/SKM/119/2024-2026 | RNI NO.SIKNEP/2007/21386 | 07 OCTOBER, 2026, WEDNESDAY, GANGTOK

रम्फू-रानीपुल सड़क विस्तारको काम दिसम्बर-जनवरीदेखि शुरु हुने

गान्तोक, ६ अक्टोबर (हिस): सिक्किम सरकारका सड़क तथा पुल विभागका मन्त्री एनबी दाहालले गुजरातको एकता नगरमा आयोजित सड़क यातायात तथा राजमार्ग मन्त्रालयको दुईदिने 'चिन्तन शिविर २०२६' मा सिक्किमको प्रतिनिधित्व गरेका छन्। ५ अक्टोबरदेखि शुरु भएको चिन्तन शिविरको उद्घाटन केन्द्रिय सड़क यातायात तथा राजमार्ग मन्त्री नितिन गड़करीले गरेका हुन्।

कार्यक्रममा टाशी भ्यू पोइन्टदेखि मङ्गनसम्मको सड़क विस्तारको काम अन्तिम चरणमा पुगेको जानकारी दिइएको छ। यसैगरी, रम्फू-रोड़ाथाङ सड़कको मरम्मतसम्भारको जिम्मेवारी राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेडले लिने बताइएको छ।

राष्ट्रिय राजमार्ग १० अन्तर्गत रम्फूदेखि रानीपुलसम्मको सड़कखण्ड विस्तारका लागि निविदा प्रक्रिया अघि बढ़िसकेको र दिसम्बर-जनवरीदेखि निर्माण कार्य शुरु हुने जानकारी कार्यक्रममा दिएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

यसैगरी, मल्लीदेखि सिङ्तामसम्म नयाँ सड़क निर्माणका लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन स्वीकृतिका लागि सड़क यातायात तथा राजमार्ग मन्त्रालयमा पेश भइसकेको जानकारी पनि दिइएको छ।

मन्त्री दाहालसँगै सड़क तथा पुल विभागका प्रधान अभियन्ता तथा अतिरिक्त प्रमुख अभियन्ता पनि चिन्तन शिविरमा सहभागी थिए।

उच्च शिक्षामा एआईमार्फत रूपान्तरण ल्याउन शिक्षा विभाग र गुगलको सहकार्य

शैक्षिक प्रणालीलाई सुदृढ़ बनाउन समयसापेक्ष प्रौद्योगिकीको उपयोग गर्नुपर्छः मन्त्री बस्नेत

गान्तोक, ६ अक्टोबर (आईपीआर): डिजिटल रूपान्तरणतर्फको एक महत्त्वपूर्ण कदमको रूपमा सिक्किम सरकारको शिक्षा विभागले अत्याधुनिक कृत्रिम बुद्धिमत्ता (एआई) मार्फत राज्यभरिको उच्च शिक्षाको स्तर उकास्न प्रविधि क्षेत्रको दिग्गज कम्पनी गुगलसँग साझेदारी गरेको छ।

यस साझेदारीको मुख्य केन्द्रबिन्दु 'गुगल एआई एजुकेटर सिरिज'-को शुरुआत हो। यो उच्च शिक्षाका प्राध्यापक तथा शिक्षकहरूलाई गुगलका नवीनतम एआई उपकरणहरूबारे दक्ष बनाउन डिजाइन गरिएको एक विशेष र व्यावहारिक पहल हो।

यो कार्यक्रम १५ वटा सरकारी उच्च तथा प्रौद्योगिकी कलेजहरूका साथै कञ्चनजङ्घा राज्य विश्वविद्यालयमा लागू गरिनेछ। यसले प्राध्यापकहरूलाई आफ्ना कक्षाकोठामा सहज रूपमा एआईको प्रयोग गर्न, शिक्षण विधिहरूलाई परिष्कृत गर्न र विद्यार्थीहरूका लागि गतिशील तथा भविष्यका लागि तयार अधिगम अनुभवहरू सिर्जना गर्न ➡रहल पृष्ठ ७ मा

नाम्चीकी जिल्लापालद्वारा बर्खायामजन्य क्षति र सड़क सम्पर्कको समीक्षा

नाम्ची, ६ अक्टोबर (आईपीआर): नाम्चीकी जिल्लापाल अनुपा तामलिङको अध्यक्षतामा मङ्गलवार नाम्चीस्थित जिल्ला प्रशासनिक केन्द्रमा महकुमा अधिकारीलाई लिएर आयोजित एक बैठक सम्पन्न भयो।

बैठकको क्रममा जिल्लापालले सम्बन्धित महकुमा अधिकारीहरूलाई आ-आफ्नो कार्यक्षेत्रमा बर्खायामका कारण भएका मुख्य क्षतिको पहिचान तथा मूल्याङ्कन गर्न र स्थलगत स्थितिको आधारमा आवश्यक कारबाही अघि बढ़ाउन निर्देशन दिइन्। उनले डढेलोका घटनाहरूप्रति उच्च सतर्कता अपनाउनुपर्ने आवश्यकतामा जोड़ दिँदै महकुमाहरूलाई डढ़ेलोको उच्च जोखिम भएका क्षेत्रहरूको पहिचान र प्रमाणीकरण गर्न निर्देशन ➡रहल पृष्ठ ७ मा

माचोङ प्राथमिक स्वास्थ्य केन्द्रको चिकित्सक आवास मरम्मतमा अनियमितता भएको आरोप

भाजपाद्वारा शीघ्र जाँचको माग

गान्तोक, ६ अक्टोबर (हिस): भाजपा सिक्किमको टोलीले पाकिम जिल्लाअन्तर्गत माचोङ प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सक आवास मरम्मतसम्बन्धी काममा कथित आर्थिक अनियमितता भएको विषयमा मङ्गलवार सतर्कता विभागमा पुगेर जाँचको अवस्थाबारे जानकारी लिएको छ।

टोलीमा भाजपा सिक्किमका प्रवक्ता साङ्गे ग्याछो भोटिया, लिङ्के माचोङका जिल्ला पञ्चायत सदस्य मेगराज शर्मा तथा मङ्गन जिल्ला अध्यक्ष निम पिञ्चो भोटिया सहभागी रहेका थिए।

भाजपाअनुसार ५ अगस्त, २०२५ मा सूचनाको अधिकारसम्बन्धी आवेदनमार्फत प्राप्त कागजात र विभिन्न पुनरावेदन सुनवाइपछि अनियमितता भएको दाबी गरिएको हो। सरकारी लागत अनुमान र मापन पुस्तिकाअनुसार गरिएको स्थलगत निरीक्षणमा चिकित्सक आवासमा वास्तविक रूपमा कुनै मरम्मत वा नवीकरणको काम नभएको पाइएको भाजपाको दाबी छ। तर, काम सम्पन्न भएको प्रतिवेदन पेश गरी सरकारी कोषबाट पूर्ण बिल रकम निकासा गरिएको आरोप लगाइएको छ।

सम्बन्धित निकायबाट सन्तोषजनक जवाफ नपाएपछि शुरुमा पाकिम पुलिस थानामा उजुरी गरिएको थियो। त्यसपछि ४ जुलाई, २०२६ मा प्राथमिकी वा नियमित मुद्दा दर्ता गरी विस्तृत जाँच गर्न सतर्कता विभागमा औपचारिक उजुरी दिइएको थियो।

भाजपाअनुसार सतर्कता विभागले उक्त विषयमा औपचारिक जाँच शुरु भइसकेको र कागजात तथा भौतिक प्रमाणहरूको जाँच भइरहेको जानकारी दिएको छ।

भाजपाले सतर्कता विभागको निष्पक्ष जाँचप्रति विश्वास व्यक्त गर्दै राज्यका गृह मन्त्रीलाई पुलिस तथा जाँच निकायमार्फत छानबिनलाई शीघ्र अघि बढ़ाउन आग्रह गरेको छ साथै, भ्रष्टाचारविरुद्ध सरकारको 'शून्य सहनशीलता'-को प्रतिबद्धता कार्यान्वयन गर्न माग गरेको छ।

सेवक-रम्फू खण्डमा सवारी साधनको आवत-जावत दुई चरणमा बन्द रहने

दार्जीलिङ, ६ अक्टोबरः सिक्किम र कालेबुङलाई सिलगढ़ीसँग जोड्ने मुख्य मार्ग राष्ट्रिय राजमार्ग १० (एनएच-१०) मा मरम्मतसम्भारको काम हुने भएकोले सेवक-रम्फू खण्डमा सवारी साधनको आवत-जावत केही दिनका लागि दुई चरणमा (७ अक्टोबरदेखि र त्यसपछि २६ अक्टोबरदेखि-मुख्यतया राति र बिहानको समयमा) बन्द रहनेछ।

राष्ट्रिय राजमार्ग एवं अवसंरचना विकास निगम लिमिटेड (एनएचआईडीसीएल) द्वारा ४ अक्टोबरमा जारी गरिएको आदेशअनुसार ७ देखि १५ अक्टोबरसम्म र २६ अक्टोबरदेखि ५ नोभेम्बरसम्म राति ९ बजीदेखि बिहान ६:०० बजीसम्म राजमार्गमा सबै प्रकारका सवारी साधनको आवत-जावतमा रोक लगाइनेछ।

आदेशमा भनिएको छ, ''राष्ट्रिय राजमार्ग (भूमि एवं यातायात) नियन्त्रण अधिनियम, २००२ को प्रावधानअन्तर्गत प्राप्त अधिकारको प्रयोग गर्दै र जनसुरक्षाको हितमा, सर्वसाधारण तथा सम्बन्धित सबैलाई यो सूचित गरिन्छ, एनएच-१० को सेवक-रम्फू खण्डमा पहाड़तर्फको भागमा ढलान संरक्षण र पैह्रो न्यूनीकरणका लागि प्रस्तावित उत्खनन कार्यलाई ध्यानमा राख्दै सेवक कोरोनेशन ब्रिजदेखि रम्फूसम्मको एनएच-१० खण्डमा रात्रिकालीन समयमा सबै प्रकारका सवारी साधनको आवत-जावतमा रोक लगाइएको छ।''

यसमा थप भनिएको छ, ''प्रस्तावित उत्खनन र सम्बन्धित ढलान संरक्षण/पैह्रो न्यूनीकरण कार्यबाट सड़क प्रयोगकर्ताहरूलाई हुन सक्ने सम्भावित सुरक्षा जोखिमलाई ध्यानमा राखेर उपर्युक्त उल्लिखित प्रतिबन्ध लगाइएको हो। तोकिएको समयमा सबै प्रकारका सवारी साधनहरूमा यो प्रतिबन्ध लागू हुनेछ।''

एनएचआईडीसीएलअनुसार कामको प्रगति र विद्यमान सुरक्षा आवश्यकताका आधारमा आगामी चरणहरूमा सवारी साधनको आवत-जावतमा थप कुनै प्रतिबन्ध वा बन्द गर्नुपर्ने भएमा त्यसको जानकारी छुट्टै दिइनेछ।

''प्रतिबन्धको अवधिमा ट्राफिकको सहज र सुरक्षित आवत-जावत सुनिश्चित गर्न जिल्ला प्रशासन र सम्बन्धित निकायहरूले ➡रहल पृष्ठ ७ मा

राज्यपाल माथुरले 'हायर कमाण्ड कोर्स ५५' का सैन्य अधिकारीसँग गरे संवाद

गान्तोक, ६ अक्टोबर (हिस): राज्यपाल ओम प्रकाश माथुरले 'हायर कमाण्ड कोर्स ५५' मा सहभागी सैन्य अधिकारीहरूसँग मङ्गलवार लोकभवनको सम्मेलन कक्षमा विशेष अन्तरक्रियात्मक सत्र गरेका छन्। कार्यक्रममा आर्मी वार कलेजका कमाण्डेन्ट लेफ्टिनेन्ट जेनरल अजय चान्दपुरिया (एभीएसएम, भीएसएम) तथा 'हायर कमान्ड कोर्स'-का सैन्य अधिकारीहरूसँग शिष्टाचार भेट एवं अन्तरक्रिया गरे।

अन्तरक्रियाका क्रममा राज्यपाल माथुरले सैन्य अधिकारीहरूसँग विस्तृत संवाद गर्दै सिक्किमका सीमावर्ती क्षेत्रहरूको भ्रमणका क्रममा आफूले प्राप्त गरेका व्यक्तिगत अनुभवहरू साझा गरे।

सैन्य अधिकारीहरूले सीमावर्ती क्षेत्रमा तैनाथ सुरक्षाकर्मी तथा स्थानीय बासिन्दाले सामना गर्नुपर्ने भौगोलिक चुनौती, पूर्वाधार विकास, सम्पर्क तथा वातावरण ➡रहल पृष्ठ ७ मा

गोजमुमोले आज २०औँ स्थापना दिवस मनाउने

मुख्यमन्त्री अधिकारी र गोलेको संयुक्त उपस्थितिले दुई राज्यबीचको सम्बन्ध अझ सुदृढ़ हुनेछः गुरुङ

दार्जीलिङ, ६ अक्टोबरः गोर्खा जनमुक्ति मोर्चा (गोजमुमो)-ले बुधवार दार्जीलिङको सिङ्मारीमा आफ्नो २०औँ स्थापना दिवस कार्यक्रम भव्य रूपमा आयोजना गर्ने तयारी गरेको छ। उक्त कार्यक्रममा पश्चिम बङ्गाल र सिक्किमका मुख्यमन्त्रीहरू एउटै मञ्चमा देखिने सम्भावना रहेको छ।

मोर्चा अध्यक्ष विमल गुरुङअनुसार दुवै मुख्यमन्त्रीले निमन्त्रणा स्वीकार गरिसकेका छन् र उनीहरूको संयुक्त उपस्थितिबाट दुई राज्यबीचको सम्बन्ध अझ सुदृढ़ हुनेछ।

''बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारी र सिक्किमका मुख्यमन्त्री पीएस गोले भोलि हाम्रो स्थापना दिवस कार्यक्रममा सहभागी हुनेछन् र हामी उनीहरू दुवैलाई सम्मान जनाउनेछौँ। स्थापना दिवस हुनुका साथै उनीहरू दुवैको उपस्थितिमा दुई राज्यबीचको सम्बन्ध अझ राम्रो हुने आशा हामीले गरेका छौँ''-गुरुङले भने। उनले ममता ब्यानर्जी बङ्गालको मुख्यमन्त्री हुँदा यस्तो अवस्था नरहेको दाबी पनि गरे।

उनले भने, ''बङ्गालमा समस्या आउँदा सिक्किमले पनि कठिनाइको सामना गर्नुपर्थ्यो, तर अहिले राज्य र केन्द्रमा 'डबल इञ्जिन' (एउटै दलको सरकार) चलिरहेकाले त्यस्तो अवस्था छैन।'' बङ्गालका मुख्यमन्त्रीले एउटा राजनीतिक दलको स्थापना दिवसमा भाग लिन आउन लागेको विषयमा प्रश्न गर्दा गुरुङले भने, ''उनको आफ्नै पार्टी हुन सक्छ, तर उनी मेहनती व्यक्ति हुन् र कड़ा परिश्रमको महत्त्व बुझ्छन्। हामी भाजपाको गठबन्धनमा छौँ र सन् २००९ देखि उनीहरूलाई समर्थन गर्दै आएका छौँ। उनीलाई हाम्रो सङ्घर्षबारे थाहा छ। हाम्रो सम्बन्ध धेरै वर्ष पुरानो हो। धेरैले अधिकारीको यस भ्रमणलाई भाजपा र मोर्चाबीचको सम्बन्ध अझ नजिकिँदै गएको सङ्केतका रूपमा हेरिरहेका छन्।''

स्थापना दिवस कार्यक्रमको तयारी मङ्गलवार सेन्ट जोसेफ्स स्कूल (नर्थ पोइन्ट)-मा तीव्र गतिमा भइरहेको छ, जहाँ प्रशासनले कड़ा सुरक्षा व्यवस्था पनि मिलाएको छ।

स्रोतअनुसार अधिकारी दिउँसो लगभग २:३० बजी कार्यक्रममा सहभागी हुने प्रबल सम्भावना छ।

गेजिङका जिल्लापालद्वारा रिम्बीमा निर्माणाधीन पुनर्स्थापना केन्द्रको समीक्षा

गेजिङ, ६ अक्टोबर (आईपीआर): गेजिङका जिल्लापाल तेञ्जिङ डी डेञ्जोङ्पाले मङ्गलावर रिम्बीमा निर्माणाधीन पुनर्स्थापना केन्द्रको निर्माण कार्यको समीक्षा गर्नुका साथै राहत शिविरको निरीक्षण गरी त्यहाँको व्यवस्था र प्रभावित परिवारहरूको पुनर्स्थापनाका उपायमाथि छलफल गरे। यस अवसरमा जिल्लापालसँग मुख्यमन्त्रीका विशेष कर्तव्य अधिकारी (राजनीतिक मामिला) कर्मा सुब्बा, क्षेत्र विधायकका विशेष कर्तव्य अधिकारी वसन्त तामाङ, पर्यटन विभागका विशेष कर्तव्य अधिकारी मिङ्मा लेप्चासहित अन्यको उपस्थिति रहेको थियो।

निर्माणाधीन पुनर्स्थापना केन्द्रको निरीक्षणको क्रममा जलापूर्ति, बिजुली र सरसफाइलगायतका अत्यावश्यक ➡रहल पृष्ठ ७ मा

गभर्नर्स गोल्ड कप: सिङ्लिङ एससी र गोकुलम केरला विजयी

गान्तोक, ६ अक्टोबर (हिस): ४२औँ अखिल भारतीय गभर्नर्स गोल्ड कप फुटबल प्रतियोगिता २०२६ अन्तर्गत दोस्रो दिनको पहिलो खेलमा सिङ्लिङ एससीले ओयल एफटी, असमलाई ४-१ गोल अन्तरले पराजित गरेको छ।

राजधानी गान्तोकको पाल्जर स्टेडियममा मङ्गलवार भएको खेलमा सिङ्लिङ एससीका लागि उत्तम राईले खेलको तेस्रो मिनटमै गोल गर्दै टोलीलाई अग्रता दिलाए। त्यसपछि सेञ्चुङ भोटियाले १२औँ मिनटमा गोल गरेर अग्रता दोब्बर बनाए। उत्तम राईले खेलको प्रथमार्द्धको अतिरिक्त समयमा व्यक्तिगत दोस्रो गोल गर्दै सिङ्लिङको अग्रता ३-० गोलअन्तर बनाए। दोस्रो हाफमा सेञ्चुङ भोटियाले पुनः गोल थपेपछि सिङ्लिङले ४-० गोलअन्तरको बलियो अग्रता बनायो।

ओयल एफटी, असमका लागि दिपु गोहेनले ६५औँ मिनटमा एक गोल फर्काए पनि टोलीलाई हारबाट जोगाउन सकेनन्। अन्ततः सिङ्लिङ एससीले ४-१ गोल अन्तरको जीत दर्ता गर्‍यो।

दोस्रो खेलमा थण्डरबोल्ट नर्थ युनाइटेडलाई गोकुलम केरल एफसीले ४-१ गोल अन्तरले पराजित गर्‍यो। गोकुलम केरलका लागि पहिलो गोल चाङ्तेले नवौँ मिनटमा गरेका थिए। यसपछि, छोटेले ४४औँ मिनट, डेनिसले ४५+२औँ मिनट तथा भिक्टरले ७०औँ मिनटमा गोल गरे।

अर्कातिर, थण्डरबोल्ट नर्थ युनाइटेडका लागि करण राईले ३५औँ मिनटमा एक गोल गरे।

भोलि, एकमात्र खेल सिक्किम आक्रमण र ओडिशा एकादशबीच हुनेछ। खेल दिउँसो २:३० बजी शुरु हुनेछ।

मन्त्रीमण्डलद्वारा प्रधानमन्त्री नरेन्द्र मोदीलाई उनको २५ वर्षको निरन्तर, अखण्ड नेतृत्त्वका लागि बधाई दिन प्रस्ताव पारित

नयाँ दिल्ली, ६ अक्टोबरः केन्द्रिय मन्त्रीमण्डलद्वारा मङ्गलवार प्रधानमन्त्री नरेन्द्र मोदीलाई सरकारको मुखियाका रूपमा २५ वर्षसम्म निरन्तर नेतृत्त्व पूरा गरेवापत् बधाई दिन प्रस्ताव पारित गरियो। यो मात्र एउटा औपचारिक सम्मानभन्दा बढ़ी राष्ट्र प्रथम अनि नागरिक प्रथमको सिद्धान्तद्वारा निर्देशित प्रधानमन्त्री मोदीको असाधारण यात्राको उत्सव हो। गुजरातमा तीनपटक पाएको प्रचण्ड जनादेश अनि लगातार तीन लोकसभा चुनाउमा प्राप्त समर्थनबाट प्रधानमन्त्री नरेन्द्र मोदीमाथि जनताको अटूट विश्वास झल्किन्छ। यी दस प्रमुख विशेषताले गुजरातमा उनको नेतृत्त्व अनि भारतमा उनको नेतृत्त्वलाई जोड्ने अखण्ड सूत्रलाई दर्शाउँछ।

गुजरातदेखि भारतसम्म विकासको दृष्टिकोणको विस्तार

यस प्रस्तावमा प्रधानमन्त्री मोदीले कसरी गुजरातको सफल पहललाई राष्ट्रिय स्तरमा पुऱ्याए भन्ने बताइएको छ। स्वागत (एसडब्लुएजीएटी) पहलको माध्यमद्वारा उनले व्यक्तिगत रूपमा नागरिकहरूको गुनासो सुने, र यसलाई २०१० मा संयुक्त राष्ट्र लोक सेवा पुरस्कार प्राप्त भएको थियो। पछि यसै पहलले प्रगतिलाई (पीआरएजीएटीआइ) प्रेरित गरेको थियो, जसले सरकारलाई एक साथ लिएर रोकिएका परियोजनाहरूको समीक्षा गर्न, बाधाहरू हटाउन र त्यसलाई पूरा गर्नका लागि तेजी ल्याउन काम गरेको थियो। यसै गरी, कृषिका लागि ज्योतिग्रामको अलगत विद्युत लाइन राष्ट्रिय दृष्टिकोण बन्यो, जसबाट गुजरातको अनुभव सम्पूर्ण भारतमा विस्तार भयो।

प्रधानमन्त्री मोदीको गरीबप्रतिको संवेदनशीलता उनकी आमाको दैनन्दिनको कठिनाईसँग जुझ्दै गरेको देख्नु र यात्राहरूका समय अभावको सामना गर्नुबाट विकसित भएको हो। यस प्रस्तावले यी अनुभवहरूलाई घर, पानी, ब्याङ्किङ अनि स्वास्थ्य सेवाहरू उपलब्ध गराउने कार्यक्रमहरूलाई जोड्दछ। करिब ६० करोड़ जनधन खाता, ४ करोडभन्दा धेरै घर अनि २५ करोड़ जनमानसलाई गरीबीबाट बाहिर निकाल्नुले कसरी व्यक्तिगत बुझाई सार्वजनिक कार्वाहीमा परिणत गरियो, जसबाट परिवारहरूले सम्मान पाए भन्ने दर्शाउँछ।

सशक्तिकरणद्वारा समाजको सबै क्षेत्रमा अवसर खोलियोः यस प्रस्तावमा प्रधानमन्त्रीको मानिसहरूका लागि आफ्नो भविष्य सुधार्न सहायता गर्ने सङ्कल्प स्पष्ट रूपमा झल्किन्छ। करिब ३.५ करोड महिला लखपति दिदी बने भने अर्कातिर नारीशक्ति वन्दन अधिनियम अन्तर्गत महिलाहरूका लागि आरक्षणको प्रावधान गरिएको छ। स्टार्टअप, कौशल विकास अनि शिक्षा सम्बन्धी सुधारले युवाहरूका लागि अवसर विस्तार गरिएको छ। पीएम–किसान योजना अन्तर्गत ४ लाख करोडभन्दा धेरै धनराशि हस्तान्तरण गरियो भने पीएम–जनमन योजनाले विशेष रूपमा कमजोर आदिवासी समुदायहरूलाई लक्षित सहायता प्रदान गरिरहेको छ, जसबाट ऐतिहासिक रूपमा पछि परेका समुदायसम्म विकास विस्तार भएको छ।

सुधारप्रति अटूट प्रतिबद्धताः यस प्रस्तावमा राजनीतिक जोखिम भए तापनि सुधारहरूलाई अघि बढ़ाउने प्रधानमन्त्री मोदीको तत्परतामाथि विशेष बल दिइएको छ। जीएसटी, कल्याणकारी वितरणा सुधार अनि औपनिवेशिक कानुनहरूको प्रतिस्थापन दीर्घकालिक चुनौचीहरूलाई सम्बोधित गर्ने दृढ़ सङ्कल्पलाई दर्शाउँछ। स्वच्छता, डिजिटल भुक्तानी अनि स्थानीय उत्पादहरूमाथि उनीको अपीलले नागरिकहरूलाई परिवर्तनका लागि प्रेरित गऱ्यो। सुधार उनको नेतृत्त्वको निरन्तर प्रतिबद्धताका रूपमा उदाएको छ, जसबाट विश्वास, जनभागीदारी अनि राष्ट्रिय उद्देश्यले बल पाएको छ।

आत्मनिर्भर भारतको आधारशिलाको निर्माणः प्रधानमन्त्री नोदीको नेतृत्त्वमा सार्वजनिक पूँजीगत व्यय २ लाख करोड़बाट बढेर १२ लाख करोड़भन्दा धेरै भएको छ। साथै राजमार्गहरूको विस्तार अनि रेलवेको विद्युतिकरण पनि भएको छ। ईलेक्ट्रनिक्स उत्पादन करिब २ लाख करोड़बाट बढ़ेर १३ लाख करोड़भन्दा धेरै पुगेको छ। रक्षा उत्पादन अनि सेमीकण्डक्टर विनिर्माणले भारतको आवश्यकता पूरा गर्ने क्षमतालाई सुदृढ़ बनाउने उनको दृढ सङ्कल्पलाई दर्शाउँछ।

प्रौद्योगिकीदेखि नागरिकहरूको सेवा र राष्ट्रिय महत्त्वको विस्तारः प्रधानमन्त्रीको प्रौद्योगिकीमाथि विश्वासलले दैनन्दिनका सेवा अनि वैज्ञानिक क्षेत्रमा हासिल उपलब्धिहरूबाट स्पष्ट हुँदछ। जनधन, आधार अनि मोबाइल सम्पर्कले कल्याणकारी योजनाहरूको वितरणमा सुधार भएको छ भने युपीआइले भुक्तानी प्रणालीको कायाकल्प गरेको छ। भारतमा कोभिड–१९ को टीका विकसित गर्नु र चन्द्रयान–३ लाई चन्द्रमाको दक्षिणी ध्रुवनजिक उतार्नुले, प्रधानमन्त्री मोदीको वैज्ञानिक रूपमा सक्षम, स्वावलम्बी अनि आत्मनिर्भर भारतको दृष्टिकोणलाई दर्शाउँछ। निजी क्षेत्रको अन्तरिक्ष सम्बन्धी मामिलामा भागीदारी अनि कृत्रिम बुद्धिमत्ता, क्वान्टम प्रौद्योगिकी अनि जैव प्रौद्योगिकीको क्षेत्रमा भइरहेका कार्यले प्रौद्योगिकी जीवनलाई उत्तम बनाउँदै राष्ट्रिय सम्भावनाहरूको विस्तार गर्ने सङ्कल्पमा उल्लेखित यस दृष्टिकोणलाई अघि बढाउँदछ। **७. उथुल–पुथुल भरिएको समयमा दृढ नेतृत्त्वः** यस प्रस्तावमा वैश्विक उथुल–पुथुलको समय भारतलाई दिशा दिने प्रधानमन्त्री मोदीको क्षमतालाई उजागर गरेको छ। कोभिड–१९ को समय उनले देशलाई एकजुट गरे, स्वदेशी टीकाको विकासलाई समर्थन गरे अनि त्वरित टीकाकरण सम्भव बनाए। पश्चिम एशियामा सङ्कटका समय लिइएका निर्णय अनि ऊर्जा सुरक्षा सम्बन्धी उपायहरूले भारतलाई व्यवधानहरू सामना मद्दत गरेको छ। उनको नेतृत्त्वले वर्षौंदेखि विकसित क्षमताका साथसाथै तत्काल प्रतिक्रियाहरूलाई सामेल गरेको छ, जसबाट देशले कठिन समयमा सामर्थ्यका साथ आत्मविश्वास हासिल गरेको छ।

निर्णायक नेतृत्त्वबाट शान्ति अनि आत्मविश्वास सुनिश्चिः २०१६ को सर्जिकल स्ट्राइक, २०१९ को बालाकोट हवाई आक्रमण अनि २०२५ को अपरेशन सिन्दूरले प्रधानमन्त्री मोदीको नेतृत्त्वमा स्थापित राष्ट्रिय सुरक्षाको रणनीतिक सीमालाई दर्शाउँछ। प्रस्तावमा धारा ३७० हटाउनु, एक ऱ्याङ्क–एक पेन्सन, र चीफ अव् डिफेन्स स्टाफको पद सिर्जनालाई साथमा राखिएको छ। माओवादी आतङ्कवाद विरुद्ध कार्वाही अनि पूर्वोत्तरमा शान्ति प्रयासहरूबाट यस्तो नेतृत्त्व उजागर हुन्छ, जसले राष्ट्रिय सङ्कल्पलाई विकास, स्थिरता अनि जनविश्वासका साथ जोड्दछ।

९.विश्व मञ्चमा भारतको प्रभाव अनि महत्त्व बढिरहेको छः यस प्रस्तावमा भारतको बढ्दो प्रतिष्ठालाई प्रधानमन्त्री मोदीको विभिन्न मतभेद भए तापनि सहयोग स्थापित गर्ने क्षमतालाई जोड़िएको छ। जी–२० अनि ब्रिक्स सम्मेलनमा सर्वसम्मतिको निर्माण, विकासशील अनि पछाडिएका देशहरूको पक्षको समर्थनका साथै अफ्रिकी सङ्घलाई जी–२० मा सामेल गर्नुले उनको कूटनीतिक नेतृत्त्वलाई दर्शाउँछ। भ्याक्सिन मैत्री अभियानले भारतको क्षमता अरूका लागि कसरी उपयोगी हुनसक्दछ भन्ने सिद्ध गरेको छ। ३६ देशबाट प्राप्त सम्मानले प्रधानमन्त्री मोदीलाई प्राप्त अन्तरराष्ट्रिय सम्मान अनि साझा समाधानमा भारतको बढ्दो प्रभाव अनि योगदानलाई रेखाङ्कित गर्दछ।

प्रगतिलाई विरासत अनि उत्तरदायित्वबाट शक्ति प्राप्तः प्रधानमन्त्री मोदीको दूरदृष्टिले विकास, सांस्कृतिक आत्मविश्वास अनि पर्यावरणीय उत्तरदायित्त्वलाई एक साथ जोड्दछ। जलवायु परिवर्तन सम्बन्धी कार्यहरूमा गुजरातको समर्पित विभागदेखि लिएर नविकरणीय ऊर्जा विस्तार अनि अन्तरराष्ट्रिय साझेदारीहरूसम्म प्रगति भएको छ। योग, श्रीअन्न, काशी विश्वनाथ धाम अनि रामललाको प्रतिमाको स्थापनाले भारतको आफ्नो विरासतसित सम्बन्धनलाई अझ बल प्रदान गर्दछ। यस प्रस्तावले २०४७ सम्म समृद्ध, आत्मनिर्भर अनि विकसित भारतको सामूहिक प्रयासको उनको दूरदृष्टिप्रति नवप्रवर्तित प्रतिबद्धतालाई दर्शाउँछ।**(पीआइबी)**

स्विट्जरल्याण्डका राष्ट्रपतिले नोएडा विमानस्थल र कार्गो सुविधाको निरीक्षण गरे

नोएडा, ६ अक्टोबर (हिस): स्विट्जरल्यान्डका राष्ट्रपति गाइ पार्मेलिन भारत भ्रमणको दोस्रो दिन मङ्गलवार ७५ सदस्यीय प्रतिनिधिमण्डल सहित ग्रेटर नोएडाको जेवर स्थित नोएडा अन्तरराष्ट्रिय विमानस्थल (जेवर विमानस्थल) पुगे। उनले विमानस्थलको यात्रु टर्मिनल तथा कार्गो सुविधाको निरीक्षण गरे। यस क्रममा उनले विमानस्थलको निर्माण तथा सञ्चालन सम्बन्धी जानकारी अधिकारीहरूबाट लिए। उनले ज्युरिख कम्पनीका प्रतिनिधिसँग पनि कुराकानी गरे। स्विट्जरल्यान्डका राष्ट्रपति पार्मेलिन ५ अक्टोबरदेखि ७ अक्टोबरसम्म भारतको तीन दिने राजकीय भ्रमणमा छन्। अपर पुलिस आयुक्त (कानून तथा व्यवस्था) राजीव नारायण मिश्राले स्विट्जरल्यान्डका राष्ट्रपतिको सुरक्षाका लागि पुलिस प्रशासनले कड़ा सुरक्षा व्यवस्था गरेको बताए। उनको आगमन र प्रस्थानका क्रममा यातायातको मार्ग परिवर्तन गरियो। राष्ट्रपतिको सुरक्षामा लगभग तीन हजार पुलिसकर्मी परिचालन गरियो। नोएडा अन्तरराष्ट्रिय विमानस्थलको सञ्चालन ज्युरिख एयरपोर्ट इन्टरनेसनल एजीको सहयोगी कम्पनीले गरिरहेको छ। विमानस्थलबाट दिसम्बरमा अन्तरराष्ट्रिय उड़ान शुरु गर्ने तयारी भइरहेको छ। यस्तो अवस्थामा स्विट्जरल्यान्डका राष्ट्रपतिको यो भ्रमणलाई दुवै देशबीच विमानन क्षेत्रमा सहकार्यका दृष्टिले महत्त्वपूर्ण मानिएको छ। भारतीय निर्यातकर्ता महासङ्घका पदाधिकारी अनुसार राष्ट्रपति पार्मेलिनको भारत भ्रमणले दुवै देशबीचको आर्थिक तथा व्यापारिक सम्बन्धलाई थप मजबुत बनाउन सहयोग पुग्नेछ।

संसदीय प्रतिनिधिमण्डलले ताञ्जानियामा आईपीयू सभामा सहभागिता जनायो

नयाँ दिल्ली, ६ अक्टोबर (हिस): राज्यसभाका उपसभापति हरिवंशको नेतृत्वमा भारतीय संसदीय प्रतिनिधिमण्डलले अफ्रिकी देश तान्जानियाको अरुशामा आयोजित १५३औँ अन्तरसंसदीय सङ्घ (आईपीयू) सभाको पहिलो दिन विभिन्न बैठक तथा कार्यक्रममा सहभागिता जनाउँदै विभिन्न देशका प्रतिनिधिहरूसँग द्विपक्षीय विषयमा छलफल गरेको छ।

राज्यसभा सचिवालयले मङ्गलवार जारी गरेको विज्ञप्ति अनुसार, सोमवार सभाको पहिलो दिन भारतीय प्रतिनिधिमण्डलका सदस्यहरूले आईपीयूका विभिन्न समिति तथा समूहका बैठकमा सहभागिता जनाए। लोकसभा सदस्य डा. सञ्जय जायसवालले आईपीयूको स्वास्थ्य समितिको सत्रमा सहभागिता जनाए। हरिवंश तथा प्रतिनिधिमण्डलका अन्य सदस्यहरूले एशियाह्रप्रशान्त भूराजनीतिक समूहको बैठकमा पनि भाग लिए। लोकसभा सदस्य तथा आईपीयू कार्यकारी समितिकी सदस्य अपराजिता सारङ्गीले समूहका सदस्यहरूलाई कार्यकारी समितिका पछिल्ला गतिविधि तथा पहलहरूवारे जानकारी गराइन्।

महिला सांसद मञ्चको सत्रमा लोकसभा सदस्य कमलजीत सहरावतले 'सबैका लागि समावेशी सामाजिक विकास: दिव्याङ्ग व्यक्तिहरूको अधिकार तथा सशक्तीकरण प्रवर्द्धनका लागि संसदीय रणनीति' विषयमा भएको छलफलमा सहभागिता जनाउँदै भारतको पक्ष प्रस्तुत गरिन्। लोकसभा सदस्य बिजुली कलिता मेधीले 'महिला नेतृत्व' विषयमा आयोजित दोस्रो सत्रमा सहभागिता जनाइन्। राज्यसभा सदस्य डा.सस्मित पात्राले एशियाई संसदीय सभाको बैठकमा सहभागिता जनाए भने लोकसभा सदस्य लता वानखेडेले आतङ्कवाद तथा हिंसात्मक उग्रवाद नियन्त्रण सम्बन्धी आईपीयूको उच्चस्तरीय सल्लाहकार समूहको बोर्ड बैठकमा सहभागिता जनाइन्। भारतीय प्रतिनिधिमण्डलले अस्ट्रेलियाली प्रतिनिधिसभाका सभामुख मिल्टन डिक तथा तान्जानियाको संसदका सभामुख मूसा अजान जुङ्गुसँग द्विपक्षीय बैठक पनि गऱ्यो।

आजको समयको लागि एक अवतार

–छिरिङ तोबगे

२७ जुलाई २०१९ मा मैले दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसित भेट गरेँ। दस महिना पहिला भूटानको चुनाउमा मेरो पार्टी पराजित भएका थियो अनि संसदमा पार्टीको कुनै प्रतिनिधित्व थिएन। म न त प्रधानमन्त्री थिएँ अनि न त सांसद नै; मैले पीएम मोदीसित एक आम नागरिकको रूपमा भेटेको थिएँ। मैले आफ्नो कार्यकालको दौरान उनको सहयोगका लागि उनलाई धन्यवाद दिएँ। मैले उनीसित भने कि उनी हमेशा मेरा ठूला दाजु रहनेछन् ह्न केवल यसैले होइन कि उनी उमेरमा जेठा हुन्, तर यसैले पनि कि उनले मसँग त्यस्तै नै स्नेह देखाए जस्तो एक ठूला दाजुले आफ्नो सानो भाइसँग गर्दछन्।

फेरि मैले उनलाई एक अर्को कुरा भनेँ: मैले उनलाई विष्णुको अवतारको रूपमा देखे। मैले के बताए भने हाम्रो इलाकामा, ज्ञानी र इमानदार शासकहरूलाई लामो समय देखिनै यस्तै मानिँदै आइरहेको छ। मेरो आफ्नै कुराहरूले मलाई हैरान बनाए। पछिबाट, मैले के सोचे भने आखिर मैले यस्तो किन भनेँ। के म भावनाहरूमा बगेको थिएँ? के म गलत थिएँ? पछिबाट, जब मैले आफ्ना धेरै कुराहरूमाथि विचार गरेँ, तब जवाब स्पष्ट भयो। पीएम मोदीलाई विष्णुको अवतार मान्नु सही थियो।

मैले उनलाई लगभग १३ वर्षसम्म गुजरातको शासन चलाएको देखेको थिएँ, जब राज्य विकास, अवसंरचना, निवेश र कार्यान्वयनको मामिलामा देशका लागि एक उदाहरण बनेको थियो।

फेरि मैले उनलाई त्यस महत्वाकांक्षालाई पूरा भारतको स्तरमा लिएर गएको देखेँ: विनिर्माण, विदेशी निवेश, वित्तीय समावेश, स्वच्छता, तकनीक र अवसंरचना तथा यी सबैको मूलमा थियो सेवा र कामलाई पूरा गर्नमा लगातार जोड़। मैले ती जनसेवकलाई पनि देखेँ: अनुशासित, ऊर्जावान र असाधारण रूपले मेहनती। जुनकुराले मलाई सबैभन्दा अधिक प्रभावित गऱ्यो, त्यो थियो– देशवासीहरूको सेवाप्रति उनको अटुट समर्पण।

तर यस भन्दा पनि जरुरी कुरा के हो भने उनले भारतीयहरूमा आफैँ माथि र आफ्नो देशमाथि एक सशक्त विश्वास जगाए। उनीहरू भारतलाई लिएर बेसी गर्व महसुस गर्नथाले, यसका सम्भावनाहरूलाई लिएर बेसी महत्वाकांक्षी बने दुनियाँमा यसको स्थानलाई लिएर अधिक आश्वस्त भए। मेरा लागि, यी एक ज्ञानी तथा इमानदार शासकका गुण थिए।

भूटानको बौद्ध परम्परामा, हामी 'रिगसुमगोनपो' को सम्मान गर्दछौँ, जो सबै जीवहरूको मुक्तिका लागि समर्पित बोधिसत्वहरूको एक त्रिमूर्ति हुन्। मञ्जुश्री ज्ञानको प्रतीक हो; अवलोकितेश्वर करुणाको; अनि वज्रपाणि साहसको।

मेरा लागि, ज्ञानी नेतृत्वको अर्थ हो, निःस्वार्थ सेवाको माध्यमबाट यी तीनै गुणहरू ह्न बुद्धिमत्ता, करुणा र साहसह्नको उपयोग गर्नु। आज म यी गुणहरूलाई पीएम मोदीको 'विकसित भारत'को भिजनमा सबैभन्दा स्पष्ट रूपमा एक साथ आइरहेको देखिरहेको छु। बुद्धिमत्ताको शुरुआत राम्रो भविष्यको स्पष्ट भिजनमा हुन्छ। अनि उनले भारतलाई एक भिजन दिएका छन्: स्वतन्त्रताको ठीक एक शताब्दीपछि, २०४७ सम्म एक विकसित राष्ट्र बनाउने। 'विकसित भारत'का साथ, उनले त्यस भोजनलाई एक नाम, एक समय–सीमा र एक राष्ट्रीय मिशन दिएका छन्।

करुणाको शुरुआत अरूका आशा र आकांक्षाहरूलाई बुझ्नुमा हुन्छ। अनि 'विकसित भारत' ले ठीक यही प्रतिबिम्बित गर्दछ : एक

मजबुत, समृद्ध र विकसित देशकालागि १.४ अरब भारतीयहरूको सामूहिक महत्वाकांक्षा। 'सबका साथ, सबका विकास' त्यस आकांक्षालाई दर्शाउँछ: सबै एक साथ, सबका विकास। साहसको शुरुआत भिजनलाई वास्तविकतामा रूपान्तरण गर्ने सङ्कल्पबाट हुन्छ। मानव संसाधन बनाउने, निवेश आकर्षित गर्ने, अवसंरचनालाई आधुनिक बनाउने र सबैभन्दा राम्रो, शासनलाई राम्रो बनाउनेह्नयी सबैकालागि मुश्किल फैसला लिन र लगातार काम गर्ने आवश्यकता हुन्छ। भिजन बनाउनु सहज छ। बदलाव ल्याउनुहोइन।

अनि निःस्वार्थ सेवाले यी गुणहरूलाई एक साथ जोड़दछ। 'विकसित भारत' कुनै एक नेता या चुनावी चक्रको वारेमा होइन। यो यस पिँढ़ी र आउने पिँढीहरूको वारेमा हो। 'सबका प्रयास'को माध्यमबाट, पीएम मोदीले हरेक भारतीयबाट केवल यस मिशनको समर्थन गर्ने होइन, तर यसलाई बनाउनमा भाग लिनेपनि आह्वान गरेकाछन्।

निस्सन्देह, यो उनको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिहरू मध्ये एक हो। उनले भारतलाई केवल एक लक्ष्य मात्र दिएनन्। उनले भारतीयहरूलाई त्यस भिजनमा भरोसा गर्न र त्यसदिशामा काम गर्नकालागि प्रेरित गरेकाछन्।

'विकसित भारत' को महत्त्व भारत भन्दा कयौँ अधिक छ। प्रधानमन्त्री मोदीले भारतको अन्तर्राष्ट्रीय सम्बन्धहरूमा आफ्ना छिमेकी देशहरूलाई सदैव प्राथमिकता दिएका छन्। उनले 'भोइस अफ् ग्लोबल साउथ शिखर सम्मेलन आयोजित गरेर र अफ्रिकी युनियनलाई जी२० को स्थायी सदस्य बनाउने सफल कोशिशको नेतृत्व गरेर 'वैश्विक दक्षिण'का हितहरूलाई अघि राखेका छन्। अनि भारत जति मजबुत हुन्छ, त्यतिनैबेसी काम गर्नसक्नेछ। एक विकसित भारतले एक ठूलो बजारदिन्छ, त्यससित साझा गर्नका लागि पूँजी र तकनीक हुन्छ अनि यो यस क्षेत्र तथा 'वैश्विक दक्षिण' का हितहरूलाई ध्यानमा राख्दै वैश्विक एजेन्डा तय गर्नमा बेसी प्रभाव पार्नसक्नेछ। यद्यपि, मेरा लागि यो कुरा बेसी व्यक्तिगत हो।

विकसित भारतको अर्थ हो, विकसित भूटान

जून २०१४ मा, प्रधानमन्त्री बनेको केही हप्ता भित्रमा, पीएम मोदीले आफ्नो पहिलो विदेश यात्राको लागि भूटानलाई छाने। त्यस समय म प्रधानमन्त्री थिएँ अनि मलाई उनको स्वागत गर्ने सौभाग्य मिलेको थियो। त्यस यात्राको दौरान, उनले हाम्रो सम्बन्धलाई तीन अक्षरहरूमा समेटे।

बी४बी: भारत भूटानको लागि; भूटान भारतको लागि।

यो कुरा सुन्नमा सरल छ, तर यसको अर्थ धेरै गहिरो छ। अनि यी सालहरूमा, उनले यसलाई सत्यमा परिणत गरेर देखाए। यसै कारण हो कि हाम्रो ११औँ पञ्चवर्षीय योजनाको क्रममा भारतको मद्दतले मेरो पहिलो सरकारले एक ठूलो विकास कार्यक्रमलाई पूरा गर्न सक्यो। यसै कारण हो कि पीएम मोदीले हाम्रो १२औँ योजनाको दौरान पनि यस उदार साझेदारीलाई कायम राखे। अनि यसै कारण हो कि जब म २०२४ मा पुनः सत्तामा आएँ, तब उनले हाम्रो १३औँ योजनाको लागि भारतको मद्दतलाई दुई गुणा गरेर १०,००० करोड़ गरिदिए। आज, बी४बी,ह्नस्कूल र अस्पतालहरूमा,सड़क र पुलहरूमा, जलविद्युत र तकनीकमा, कृषि र उद्यममा सम्पूर्ण भूटानमा देखिएको छ। तर बी४बी को असर सबैभन्दा बेसी त्यहाँ देखिन्छ जहाँ भारत, महामहिम राजाको 'गेले फूमाइण्ड फुलनेस सिटी' (जीएमसी)को भिजनको समर्थन गरिरहेको छ। पीएम मोदीले भारतको तर्फबाट पूरा समर्थन दिने प्रतिज्ञा गरेका छन्, र यो प्रतिज्ञा अहिले रेल लिङ्क, सीमा अवसंरचना र उचित हवाई तथा डिजिटल सम्पर्कको रूपमा साकार भइरहेको छ।

यस भन्दा पनि अहम कुरा के हो भने भारतीय कारोवारीहरूले पीएम मोदीको स्पष्ट समर्थनबाट प्रेरणा लिएका छन्। टाटा पावर, अडानी समूह, जेएसडब्लू एनर्जी र अन्य कम्पनीहरू भूटानको आर्थिक बदलावमा निवेश गरिरहेका छन्, जबकि भारतका ठूला कारोवारी जीएमसीमा संस्थापक सदस्यको रूपमा सामेल भएकाछन्। यसैले, जब महामहिम राजाले भूटानको लागि पीएम मोदीको असाधारण योगदानलाई हेर्दै उनलाई 'हाम्रो सर्वोच्च सम्मान 'अर्डर अफ् ड्रुक ग्यालपो'द्वारा सम्मानित गरे, तब सबै भूटानी धेरै खुशी भए। उनी यो सम्मान पाउने पहिलो र एकमात्र विदेशी राजनेता हुन्। मेरा लागि, उनको प्रभाव धेरै व्यक्तिगत पनि रहेको छ। म लामो समयदेखि पीएम मोदीलाई ठूला दाजु जस्तै मान्दै आइरहेको छु अनि यी वर्षहरूमा उनलाई एक मार्गदर्शकको रूपमा हेरेको छु।

उनलाई मैले कहिल्यै निर्देश दिने जरुरत परेन; एक जनसेवकका रूपमा उनको उदाहरण नै मेरा लागि निर्देश रहेको छ। आज, जब पीएम मोदी सरकारको प्रमुखको रूपमा २५ साल पूरा गरिरहेका छन्, तब मलाई २०१९ को त्यो प्रेरक बातचीत याद आउँछ ह्न अनि हाम्रो अघिल्लो भेटघाट, जुन १४ मार्च २०२४ माभएको थियो।

तब सम्म, म फेरि प्रधानमन्त्री बनिसकेको थिएँ। मैले दिल्लीमा आफ्ना ठूलादाजुसित भेट गरेँ; यो भेटघाट, उनलाई यो बताएको पाँच सालपछि भएको थियो कि म उनलाई विष्णुको अवतार मान्दछु। मैले उनलाई भने कि मैले पाँच सालअघि जे भनेको थिएँ, त्यस विषयमा मैले धेरै गहिराइले सोचेका छु अनि यस कुरामा पनि मनन गरेको छु कि के म गलत थिएँ। मैले के निष्कर्ष निकाले भने म सही थिएँ। यति मात्र होइन। अहिले मलाई यो पनि थाहा छ कि उनी कुन चाहिँ अवतार हुन्। विष्णुको आखिरी अवतारह्न जो अव्यवस्थालाई दूर गर्ने, धर्मको स्थापना गर्ने र नयाँ शुरुआत ल्याउनमा जोड़िएको छ।

(लेखक भूटानका प्रधानमन्त्री हुन्)

BEFORE THE LD. JUDICIAL MAGISTRATE AT GYALSHING DISTRICT, SIKKIM

AFFIDAVIT

I, Yeshey Khando Lepcha, daughter of Yangdup Lepcha, aged about 26 years, resident of Gangyap, Tashiding, P.O. Sinek & P.S. Gyalshing, Gyalshing District, Sikkim, 737111 do solemnly declare and affirm on oath as under:-

No. 1. That me and my mother's actual and correct name is "Yeshey Khando Lepcha" and "Tshering Chomu Lepcha" and the same has been recorded in almost all of my documents including my Birth Certificate bearing Registration B202611000060000091, having date of issue 05.09.2026 issued by the Department of Health Care, Human Services and Family Welfare, Senek Tashiding, Government of Sikkim.

2. That due to some inadvertence my mother's name has been wrongly recorded as "Tshring Doma Bhutia" and "Tshering Doma Bhutia" in my Secondary School Examination, Grade sheet cum Certificate of performance bearing Registration No. G615/34059/0059, dated 28.05.2016 and also in my Senior School Certificate Examination, 2018 and marks statement bearing Roll No. 3650332, dated 26.05.2018 issued by the Central Board of Secondary Education, Delhi.

3. That also due to some inadvertence my name has also been recorded as "Yeshey Khandu Lepcha" in my Senior School Certificate Examination, 2018 and marks statement bearing Roll No. 3650332, dated 26.05.2018 issued by the Central Board of Secondary Education, Delhi.

4. That this affidavit is sworn to state that me and my mother's actual and correct names are "Yeshey Khando Lepcha" and Tshering Chomu Lepcha and the names "Yeshey Khandu Lepcha" and ""Tshring Doma Bhutia" or "Tshering Doma Bhutia" belongs to the one and same persons i.e., me and my mother respectively.

5. That this affidavit is made bona fide.

Deponent

CHANGE OF NAME

I, Ongchen Lepcha, on behalf of my **Late father Thempa Lepcha**, resident of Gangyep, Tashiding, Gyalshing District, Sikkim have changed his name and he shall henceforth be known as **Late Tenpa Lepcha** as declared before the Oath Commissioner at Gangtok, Sikkim vide affidavit No. **A 511936**, **dated 29th day of September 2026**. **Late Tenpa Lepcha and Late Thempa Lepcha** both are same and identical person.

भारतको चुनावी प्रक्रिया ध्वस्त भएको राहुल गान्धीको आरोप

नयाँ दिल्ली, ६ अक्टोबरः आकाशवाणी भवन परिसरमा उभिएर लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले फेरि सरकार र निर्वाचन आयोगमाथि निशाना साधेका छन्। उनले लोकतन्त्र नै समाप्त भएको दाबी गर्दै भने, पूरा देशलाई थाहा छ, नरेन्द्र मोदी, अमित शाह, मोहन भागवत र ज्ञानेश कुमार मिलेर चुनावी प्रक्रियालाई ध्वस्त पारेका छन्। देशले यो कुरा बुझिसकेको छ।

उनले भने, एक प्रकारले नरेन्द्र मोदी र अमित शाहले देशमाथि कब्जा गरेका छन् र हामी संविधान तथा लोकतन्त्र बचाउने प्रयास गरिरहेका छौँ। विपक्षका ३०० सांसद स्वतन्त्र र निष्पक्ष मानिने निर्वाचन आयोगसँग भेट गर्न चाहन्छन्। हामी बङ्गाल, हरियाणा, मध्य प्रदेश र महाराष्ट्रबारे प्रश्न सोध्न चाहन्छौँ। तर उनीहरू जवाफ दिन चाहँदैनन्। यदि उनीहरूले मत चोरेका थिएनन् भने हामीसँग भेट्न एक मिनेटमै तयार हुने थिए।

राहुल गान्धीले भने, मैले पुलिसलाई भनेँ, 'म पहिले त्यहाँ बसेको थिएँ। तपाईंहरूले मलाई त्यहाँबाट हटाउनुभयो। अब म यहाँ आएको छु र तपाईंहरू मलाई यहाँबाट पनि हटाउन चाहनुहुन्छ।' म केवल पुलिसलाई यति सोधिरहेको छु–यदि तपाईंहरू मलाई यहाँबाट हटाउन चाहनुहुन्छ भने हटाइदिनुस्, तर यति बताइदिनुस् कि यो देशमा म कहाँ बस्न सक्छु? म केवल कतै बस्न चाहन्छु। उनले भने, मैले पुलिससँग विनम्रतापूर्वक सोधेँ, कृपया मलाई कहाँ बस्न सक्छु भनेर बताइदिनुस्। के म इण्डिया गेटमा बस्न सक्छु? के म जन्तर–मन्तरमा बस्न सक्छु? के म सडकमा बस्न सक्छु? म कहाँ बस्न सक्छु? केवल एउटा ठाउँ बताइदिनुस्, म त्यहीँ बस्नेछु। यसअघि राहुल गान्धीले विपक्षी दलले देशका लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाउन संलग्न कुनै पनि व्यक्तिलाई नछाड्ने बताएका थिए। उनले मुख्य निर्वाचन आयुक्त (सीईसी) ज्ञानेश कुमारमाथि निशाना साध्दै 'निर्वाचन सदन' बाहिर रोकिएका करिब ३०० सांसदसँग भेट गर्न उनी डराइरहेको आरोप लगाए। पत्रकारहरूसँग कुरा गर्दै राहुल गान्धीले संवैधानिक अधिकारीहरूले निर्वाचित जनप्रतिनिधिसँग कुरा गर्न अस्वीकार गरेमा भारतीय लोकतन्त्रको अवस्था के हुन्छ भन्ने प्रश्न उठाए। राहुल गान्धीले भने, केही समयअघि लोकसभा र राज्यसभाका करिब ३०० सांसद यहाँ आएका थिए। हामी निर्वाचन आयुक्त ज्ञानेश कुमार र उनका दुई सहयोगीसँग भेट गर्न चाहन्थ्यौँ। पुलिसले हामीलाई यहाँ रोक्यो। हामी देशका प्रतिनिधि हौँ र देशको आवाजको प्रतिनिधित्व गर्छौं। मलाई थाहा छैन ३०० सांसदलाई किन रोकियो र त्यसपछि हामीलाई यहाँ बसाइएको छ। उनले थपे, निर्वाचन आयोग यहाँबाट मुस्किलले ५० गजको दूरीमा छ, तर उनीहरू हामीलाई त्यहाँ जान दिइरहेका छैनन्। हामी कसैलाई पनि छाड्ने छैनौँ।

वायुसेनाको यातायात आधुनिकीकरणसँगै भारतको ग्लोबल र्याङ्किङमा वृद्धि

नयाँ दिल्ली, ६ अक्टोबरः दशकौंदेखि, भारतीय वायुसेना (आईएएफ) को यातायात फ्लीटले देशको सैन्य प्रतिबद्धताको भार चुपचाप वहन गर्दै आएको छ। सेना र गोला बारुददेखि खाद्यान्न, चिकित्सा आपूर्ति र विपद् राहत सामग्रीसम्म, यातायात विमानहरूले लडाकु विमान जत्तिकै ध्यान कमाउँछन्। तैपनि, तिनीहरूले प्रायः सशस्त्र सेना कति चाँडो सार्न, प्रतिक्रिया दिन र सञ्चालनलाई निरन्तरता दिन सक्छन् भनेर निर्धारण गर्छन्। त्यो भूमिका अब नयाँ चरणमा प्रवेश गर्दै छ। अगस्ट २०२६ मा, रक्षा मन्त्रालयले लगभग १ लाख करोड (१०.६ बिलियन) बराबरको कार्यक्रम अन्तर्गत ६० मध्यम यातायात विमानहरूको लागि प्रस्तावहरूको अनुरोध जारी गर्‍यो।

यो खरिद मुख्यतया पुरानो सोभियत युगको एन्टोनोभ एएन–३२ फ्लीटलाई प्रतिस्थापन गर्न र भारतको कठिन भूगोलमा भारी भार बोक्ने ख–ऋको क्षमतालाई बलियो बनाउन डिजाइन गरिएको हो। यस कार्यक्रमको महत्त्व पुरानो विमानहरूलाई नयाँले प्रतिस्थापन गर्नुभन्दा बाहिर जान्छ। यसले थप लचिलो, आधुनिक र औद्योगिक रूपमा एकीकृत एयरलिफ्ट क्षमतातर्फको परिवर्तनलाई प्रतिनिधित्व गर्दछ।

यस विमानले मानिसहरू र आपूर्तिहरू त्यस्ता स्थानहरूमा पुर्‍याएको छ जहाँ परम्परागत सतही यातायात ढिलो वा भूगोलका कारण गाह्रो छ। तर उमेर अन्ततः सैन्य उड्डयनमा एक महत्त्वपूर्ण कारक बन्छ। एमटिए कार्यक्रम आईएएफको यातायात फ्लीटको विकासमा एक महत्त्वपूर्ण मोडमा आउँछ। नयाँ विमानलाई लगभग १८ देखि ३० टन बीचमा पेलोड क्षमता चाहिन्छ। यसले प्रस्तावित फ्लीटलाई बोक्ने क्षमतामा एएन–३२ भन्दा माथि राख्छ र आईएएफलाई रणनीतिक र परिचालन कार्यहरूको फराकिलो दायरा ह्यान्डल गर्न सक्षम विमान श्रेणी दिन्छ। भविष्यमा ६० विमानहरूको लागि आह्वान गरिएको छ, जसमध्ये १२ उडानयोग्य अवस्थामा आपूर्ति गरिनेछ र ४८ भारतमा निर्माण गरिनेछ। स्थानीय रूपमा निर्मित विमानहरूले पनि स्वदेशी सामग्री आवश्यकतालाई धेरै हदसम्म पूरा गर्ने अपेक्षा गरिएको छ। यो संयोजनले कार्यक्रमलाई एक परिचालन आधुनिकीकरण परियोजना र एक महत्त्वपूर्ण एयरोस्पेस निर्माण पहल दुवै बनाउँछ।

एयरबसको ए४००एम एटलस ठूलो श्रेणीमा पर्दछ। ३७ टनको अधिकतम पेलोडको साथ, यो एमटिए कार्यक्रमको लागि आवश्यक १८ देखि ३० टन भन्दा धेरै बढी छ। ए४००एमको क्षमताहरू परम्परागत कार्गो आवागमनभन्दा धेरै टाढा फैलिएको छ। एयरबसले यसलाई भारी र ठूला भारहरू, मानवीय उपकरणहरू, र सैन्य सवारी साधनहरू ढुवानी गर्न सक्षम विमानको रूपमा वर्णन गर्दछ, साथै ट्याङ्कर र चिकित्सा–निकासी भूमिकाहरू प्रदर्शन गर्दछ। हालैको रिपोर्टिङले सुझाव दिन्छ कि ए४००एमको पेलोडले निर्दिष्ट आवश्यकताहरू भन्दा बढी भएकोले एयरबसले हालको प्रतिस्पर्धामा भाग लिन सक्दैन। यो प्रतिस्पर्धा भारतको तोकिएको मध्यम–यातायात श्रेणीमा सबैभन्दा उपयुक्त हुने विमानहरूमा बढ्दो रूपमा केन्द्रित भइरहेको छ।

भारतको भूगोललाई विचार गर्दा कार्यक्रमको महत्त्व स्पष्ट हुन्छ। देशको उत्तरी र उत्तर पूर्वी सिमानाहरूले विश्वका केही सबैभन्दा कठिन सैन्य सञ्चालन वातावरणहरूलाई समेट्छ।

आधुनिक मध्यम यातायात फ्लीटले एक्लो रूपमा काम गर्दैन। यसले भारतको अवस्थित भारी एयरलिफ्ट क्षमतालाई पूरक बनाउनेछ, जबकि धेरै ठूला सी–१७ वा आईएल–७६ प्लेटफर्महरू आवश्यक नपर्ने मिसनहरू पनि प्रदर्शन गर्नेछ। सैन्य यातायात विमानहरूको अर्को कार्य हुन्छ जुन राष्ट्रिय सुरक्षाभन्दा बाहिर जान्छ: तिनीहरूले विदेशमा भारतको सञ्चालनलाई समर्थन गर्छन्।

तिनीहरूले मानवीय सङ्कटहरूमा द्रुत प्रतिक्रिया सक्षम पार्छन्। जुन २०२६ मा भेनेजुएलामा आएको विनाशकारी भूकम्पपछि अपरेशन एमिस्टाडको समयमा भारतीय वायुसेनाको सी–१७ फ्लीटले यो क्षमता प्रदर्शन गर्‍यो। दुई सी–१७ ग्लोबमास्टर ३ विमानले ६० पारा फिल्ड अस्पतालबाट ४१ सदस्यीय भारतीय सेनाको मेडिकल टोली, चिकित्सा उपकरण, राहत आपूर्ति र दुई भीष्म क्यूब पोर्टेबल अस्पतालहरू ढुवानी गरेको थियो।

यस अपेरेशनको क्रममा कुल ६६ टन सहायता सामग्री पुर्‍याइएको थियो, जसमा ३५ टनभन्दा बढी राहत आपूर्ति, औषधि र चिकित्सा उपकरणहरू समावेश थिए। तैनाथ फिल्ड अस्पतालले पछि हजारौँ चिकित्सा प्रक्रियाहरू र प्रयोगशाला परीक्षणहरू गर्‍यो। यस्ता मिसनहरूले एयरलिफ्टको व्यापक उपयोगिता प्रदर्शन गर्दछ। सैन्य अपरेसनहरूलाई निरन्तरता दिने उही पूर्वाधार द्रुत रूपमा मानवीय सहायता र अन्तर्राष्ट्रिय सहयोगको लागि एक साधन बन्न सक्छ। आईएएफ अर्को पुस्ताको यातायात विमानतर्फ अघि बढ्दै जाँदा, सैन्य अपरेसन, राष्ट्रिय आपतकालिन र मानवीय सहयोगमा भारतको बढ्दो भूमिकाको लागि पुरानो विमानलाई प्रतिस्थापन गर्ने भन्दा बढी बलियो र बहुमुखी एयरलिफ्ट क्षमता निर्माण गर्नेतर्फ ध्यान केन्द्रित भइरहेको छ।

सरकारले लघु तथा मझौला उद्यमका लागि विकास कोष बनाउने

नयाँ दिल्ली, ६ अक्टोबर (हिस): केन्द्र सरकारले 'लघु तथा मझौला उद्यम विकास कोष' (एसजीएफ) स्थापना गर्ने भएको छ। सरकारले विभिन्न लगानी कोष मार्फत यसका लागि १० हजार करोड़ रुपियाँ उपलब्ध गराउनेछ। यसबाट लघु तथा मझौला उद्यमहरूले सहज रूपमा पुँजी प्राप्त गर्न सक्नेछन्। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा मङ्गलवार बसेको केन्द्रिय मन्त्रिपरिषद्को बैठकले भारत सरकारको यस प्रतिबद्धतालाई स्वीकृति दिएको छ। केन्द्रिय सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले राष्ट्रिय सञ्चार केन्द्रमा आयोजित पत्रकार सम्मेलनमा यसवारे जानकारी दिए। वैष्णवले हाल उपलब्ध इक्विटी सहयोगको अधिकांश हिस्सा प्रारम्भिक चरणका तथा सूक्ष्म उद्यमहरूलाई प्रदान गरिँदै आएको बताए। यस कोषको उद्देश्य सम्भावनायुक्त लघु तथा मझौला उद्यमका लागि आवश्यक विकास पुँजीको अभाव पूरा गर्नु रहेको उनले बताए। यो कोषले दोस्रो र तेस्रो तहका औद्योगिक समूहमा उत्पादनसँग सम्बन्धित लघु तथा मझौला उद्यमहरूमा विशेष ध्यान केन्द्रित गर्नेछ। यस कोषले उद्यमहरूलाई विस्तार गर्न, प्रविधि अपनाउन तथा विश्वव्यापी बजारमा प्रवेश गर्न सहयोग गर्नेछ। एसजीएफ मार्फत उद्यमहरूको विस्तार, उत्पादकत्व तथा निर्यात प्रतिस्पर्धात्मकता बढ्ने अपेक्षा गरिएको छ। उल्लेखनीय छ, यो केन्द्रिय बजेट २०२६–२७ मा गरिएको समग्र घोषणाको एक हिस्सा हो। उक्त घोषणाहरूको उद्देश्य समग्र लघु, साना तथा मझौला उद्यम (एमएसएमई) पारिस्थितिक प्रणालीका लागि समानता, पुँजीमा सहज पहुँच तथा व्यावसायिक सहयोग उपलब्ध गराउनु रहेको थियो।

वाराणसी र वडनगरको सेवा सङ्कल्प कार्यक्रमलाई प्रधानमन्त्रीले सम्बोधन गर्ने

नयाँ दिल्ली, ६ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीले शासन प्रमुखका रूपमा २५ वर्ष पूरा गरेको अवसरमा भारतीय जनता पार्टी (भाजपा)ले 'सेवा सङ्कल्प अभियान' अन्तर्गत देशभर विभिन्न कार्यक्रम आयोजना गरिरहेको छ। यसअन्तर्गत बुधवार नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर स्टेडियम, प्रधानमन्त्री मोदीको संसदीय क्षेत्र वाराणसी तथा उनको जन्मस्थान वडनगरमा विशेष कार्यक्रम आयोजना गरिने भएको छ।

प्रधानमन्त्री मोदीले ७ अक्टोबर, २००१ मा गुजरातको मुख्यमन्त्रीका रूपमा शपथ लिएका थिए। करिब १३ वर्ष मुख्यमन्त्री रहेपछि उनी २०१४ मा भारतको प्रधानमन्त्री बनेका थिए। यससँगै शासन प्रमुखका रूपमा उनको सार्वजनिक जीवनको २५ वर्ष पूरा हुँदैछ।

दिल्लीमा आयोजना हुने मुख्य कार्यक्रममा प्रधानमन्त्री मोदी र भाजपा राष्ट्रिय अध्यक्ष नितिन नवीन सहभागी हुनेछन्। यसैगरी, गुरुग्राममा आयोजना हुने कार्यक्रममा केन्द्रिय गृहमन्त्री अमित शाहले सेवा यात्राको नेतृत्व गर्नेछन्। प्रधानमन्त्री मोदीको लोकसभा निर्वाचन क्षेत्र वाराणसीमा पनि ७ अक्टोबरमा ठूलो कार्यक्रम आयोजना गरिनेछ। भाजपा अध्यक्ष नितिन नवीन दिल्लीको कार्यक्रमपछि साँझ वाराणसी पुगेर पार्टी कार्यकर्तासँग आयोजित कार्यक्रममा सहभागी हुनेछन्। कार्यक्रममा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ, असमका मुख्यमन्त्री हिमन्त बिस्व सरमा तथा भारतीय जनता युवा मोर्चाका राष्ट्रिय अध्यक्ष हेमाङ जोशीको सहभागिता रहने बताइएको छ। वाराणसीमा आयोजना हुने जनसभामा ठूलो सङ्ख्यामा पार्टी कार्यकर्ता तथा 'सेवा सङ्कल्प यात्रा' का सहभागीहरू सहभागी हुने तयारी गरिएको छ। यस यात्राको महत्त्वपूर्ण हिस्सा वडनगरदेखि काशीसम्मको यात्रा रहेको छ। करिब ५०० जना सहभागी काशी पुगेर बाबा विश्वनाथ मन्दिरमा जलाभिषेक गर्ने कार्यक्रम छ। त्यसपछि जगतपुरमा जनसभा आयोजना गरिनेछ।

वडनगर र वाराणसीलाई जोड़ने सेवा सङ्कल्प यात्रालाई प्रधानमन्त्री मोदीको जन्मस्थान र उनको संसदीय क्षेत्रबीचको प्रतीकात्मक सम्बन्धका रूपमा प्रस्तुत गरिएको छ। दुवै दिशाबाट शुरु भएका यात्राहरू ७ अक्टोबरमा आ–आफ्नो गन्तव्यमा पुग्नेछन्। प्रधानमन्त्री मोदीको जन्मभूमि वडनगरमा पनि ७ अक्टोबरमा सेवा सङ्कल्प अभियानअन्तर्गत कार्यक्रम आयोजना हुनेछ। कार्यक्रममा केन्द्रिय मन्त्री शिवराज सिंह चौहान, गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेल, पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारी तथा गुजरातका उपमुख्यमन्त्री हर्ष सङ्घवी सहभागी हुने बताइएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी भिडियो सम्मेलन मार्फत वाराणसी र वडनगरमा आयोजना हुने कार्यक्रमसँग जोड़िने छन्। यस क्रममा उनको २५ वर्षको सार्वजनिक जीवनसँग सम्बन्धित सेवा, सङ्गठन तथा जनसहभागिताका कार्यक्रमलाई प्रस्तुत गरिनेछ। भाजपाले प्रधानमन्त्री मोदीको सार्वजनिक जीवनको २५ वर्ष पूरा भएको अवसरमा गत १७ सेप्टेम्बरदेखि 'सेवा सङ्कल्प अभियान' शुरु गरेको हो। अभियानअन्तर्गत देशभर विभिन्न सेवा गतिविधि, जनसम्पर्क कार्यक्रम तथा यात्राहरू आयोजना भइरहेका छन्।

भारतको दुर्लभ खनिज अभियानले आउँदो पाँच वर्षभित्र दोब्बर गति पाउने

नयाँ दिल्ली, ६ अक्टोबरः भारतको अर्को ठूलो औद्योगिक कथा सेमीकन्डक्टर सफा कोठा भित्र नभेट्न सक्छ। यो धेरै सानो चीज भित्र लुकेको हुन सक्छ: स्थायी चुम्बक। यी कम्प्याक्ट कम्पोनेन्टहरू विद्युतीय सवारी साधन, हावा टर्बाइन, उन्नत इलेक्ट्रोनिक्स, एयरोस्पेस प्लेटफर्म र रक्षा प्रणालीहरूको मोटरहरूको लागि आवश्यक छन्। विद्युतीकरण, स्वचालन र उच्च–प्रविधि निर्माण तर्फ विश्वव्यापी परिवर्तनसँगै तिनीहरूको महत्त्व बढेको छ।

भारत अब तिनीहरूको वरिपरि घरेलु इकोसिस्टम निर्माण गर्न निर्णायक रूपमा अघि बढिरहेको छ। पछिल्लो सङ्केत अगस्टमा आयो, जब उद्योग मन्त्रालयले भारतमा एकीकृत दुर्लभ–पृथ्वी स्थायी चुम्बक उत्पादन सुविधाहरू स्थापना गर्न खोज्ने कम्पनीहरूबाट २० वटा बोलपत्रहरू प्राप्त गर्‍यो। बोलपत्रदाताहरूमा लार्सन एण्ड टुब्रो, कोल इन्डिया, रीन्यू, एटेरो रिसाइक्लिङ्ग, २० माइक्रोन, लोहम म्याग्नेट र इनर्जी सोलुसन्स, सिंगापुरको एनईओ प्रदर्शन सामग्री र प्रोटेरियल इन्डिया, लगायत समावेश छन्। अगस्ट १२ को बुझाउने अन्तिम मिति पछि प्राविधिक बोलपत्रहरू अगस्ट १३ मा खोलिएका थिए। यो प्रतिक्रियाले कच्चा पदार्थ सुरक्षित गर्नुभन्दा बाहिर जाने नीतिगत प्रयासलाई नयाँ गति दिएको छ। यो भारतको दुर्लभ–पृथ्वी स्रोतहरूलाई देशका केही द्रुत गतिमा बढ्दै गइरहेका क्षेत्रहरूलाई आवश्यक पर्ने उच्च–मूल्य उत्पादनहरूमा रूपान्तरण गर्ने औद्योगिक क्षमता सिर्जना गर्ने बारे हो।

केन्द्रीय मन्त्रिपरिषद्ले नोभेम्बर २०२५ मा सिन्टर्ड दुर्लभ पृथ्वी स्थायी चुम्बकको निर्माण प्रवर्द्धन गर्ने योजनालाई अनुमोदन गर्‍यो जसको वित्तीय परिव्यय ७.७४ अर्ब (७,२८० करोड भारतीय रुपैयाँ) थियो। यो योजनाले भारतमा प्रतिवर्ष ६,००० मेट्रिक टन एकीकृत आरईपीएम उत्पादन क्षमताको लक्ष्य राखेको छ। विश्वव्यापी प्रतिस्पर्धी बोली मार्फत छनोट गरिएका पाँच लाभार्थीहरू बीच क्षमता बाँडफाँड गरिनेछ, प्रत्येक लाभार्थी १,२०० मिलियन टन प्रतिवर्षसम्मको लागि योग्य हुनेछ।

योजनाको अवधि पुरस्कारको मितिबाट सात वर्षको छ। यसले उत्पादन सुविधाहरू स्थापना गर्न दुई वर्षको समय प्रदान गर्दछ, त्यसपछि दुर्लभ पृथ्वी स्थायी चुम्बकको बिक्रीसँग जोडिएको पाँच वर्षको प्रोत्साहन वितरण। सरकारको योजना विवरण अनुसार, वित्तीय संरचनामा बिक्री–सम्बन्धित प्रोत्साहनमा ६.८६ बिलियन (६,४५० करोड भारतीय रुपैयाँ) र ७७६.६ मिलियन (७३० करोड भारतीय रुपैयाँ) को पुँजीगत अनुदान समावेश छ। डिजाइनले कार्यक्रमको केन्द्रमा उत्पादनलाई राख्छ। सुविधाहरू सिर्जना गर्ने कुरामा मात्र ध्यान केन्द्रित गर्नुको सट्टा, यसले चुम्बकको वास्तविक उत्पादन र बिक्रीसँग सरकारी सहयोगलाई जोड्छ।

विश्वव्यापी बोलपत्रको प्रतिक्रियाले कार्यक्रमको औद्योगिक आयामलाई बलियो बनाएको छ। बीस कम्पनीहरू र कन्सोर्टियाले बोलपत्रहरू पेस गरे, स्थापित इन्जिनियरिङ कम्पनीहरू, सार्वजनिक क्षेत्रका उद्यमहरू, रिसाइक्लिंग विशेषज्ञहरू, ऊर्जा कम्पनीहरू, चुम्बक निर्माताहरू र अन्तर्राष्ट्रिय सहभागीहरूलाई एकसाथ ल्याएर। सूचीमा लार्सन एण्ड टुब्रो, कोल इन्डिया, रीन्यू, एटेरो रिसाइक्लिंग, २० माइक्रोन, लोहम म्याग्नेट र इनर्जी सोलुसन्स, सिंगापुरका एनईओ प्रदर्शन सामग्रीहरू, प्रोटेरियल इन्डिया र प्रोजिल ग्रिन इनर्जी समावेश छन्।

बोलपत्रप्रक्रियाले नै प्रतिस्पर्धी छनोट मार्फत क्षमता सिर्जना गर्ने सरकारको प्रयासलाई प्रतिबिम्बित गर्दछ। उद्योग मन्त्रालयले मार्च २०, २०२६ मा प्रस्तावको लागि अनुरोध जारी गर्‍यो र त्यसपछि व्यापक सहभागितालाई सहज बनाउन पेस गर्ने समय सीमा अगस्ट १२ सम्म बढायो।

२० वटा बोलपत्रहरूले अब लक्षित ६,०००–मिलियन टन प्रतिवर्ष घरेलु क्षमतामा योगदान पुर्‍याउने निर्माताहरू छनौट गर्ने आधार प्रदान गर्दछ। भारतको लागि, महत्त्व अन्ततः चयन गरिएका प्लान्टहरूको सङ्ख्याभन्दा बाहिर फैलिएको छ। विभिन्न औद्योगिक पृष्ठभूमिका कम्पनीहरूको सहभागिताले सङ्केत गर्दछ कि दुर्लभ–पृथ्वी प्रशोधन र चुम्बक उत्पादनलाई व्यापक औद्योगिक अवसरको भागको रूपमा बढ्दो रूपमा हेरिएको छ। भारतसँग पहिले नै पर्याप्त दुर्लभ–पृथ्वी स्रोतहरू छन्। अन्वेषण र अनुसन्धानको लागि आणविक खनिज निर्देशनालयका अनुसार, देशसँग लगभग ७.२३ मिलियन टन दुर्लभ–पृथ्वी अक्साइड बराबर १३.१५ मिलियन टन मोनाजाइट स्रोतहरूमा समावेश छ। गुजरात र राजस्थानका कडा चट्टानयुक्त भू–भागहरूमा १२ लाख ९० हजार (१.२९ मिलियन) टन 'इन–सिटु' (प्राकृतिक अवस्थामा रहेको) दुर्लभ–खनिज स्रोतहरू पहिचान गरिएका छन्। यी स्रोतहरू ओडिसा, आन्ध्र प्रदेश, तमिलनाडु, केरला, महाराष्ट्र, गुजरात, झारखण्ड र पश्चिम बङ्गाल लगायतका विभिन्न राज्यहरूमा पाइन्छन्।

भारतको नीतिगत प्राथमिकता अब यी स्रोतहरूलाई औद्योगिक मूल्य शृङ्खलासँग जोड्ने दिशामा केन्द्रित हुँदै छ। सरकारी मूल्याङ्कनहरूले 'अपस्ट्रिम' (उत्खनन तथा प्रारम्भिक चरणको) क्षमता र औद्योगिक स्तरको 'मिडस्ट्रिम' तथा 'डाउनस्ट्रिम' (प्रशोधन तथा उत्पादन) चरणहरूबीच ठूलो खाडल रहेको औँल्याएका छन्। भारतसँग दुर्लभ–खनिज अक्साइडहरूको उत्खनन, पृथकीकरण र प्रशोधन गर्ने क्षमता छ; जबकि नयाँ आरईपीएम कार्यक्रमको उद्देश्य ती सामग्रीहरूलाई तयार चुम्बकमा रूपान्तरण गर्न आवश्यक औद्योगिक चरणहरू स्थापना गर्नु हो।

७.७४ अर्ब डलर (७,२८० करोड) योजना अन्तर्गत प्राप्त २० बोलपत्रहरूबाट निर्माताहरू। दीर्घकालीन उद्देश्य ६,००० मिलियन टन प्रतिवर्ष एकीकृत स्थायी–चुम्बक क्षमता स्थापना गर्ने र यसलाई भारतको उदीयमान महत्त्वपूर्ण–खनिज, स्वच्छ–ऊर्जा, इलेक्ट्रोनिक्स र उन्नत–निर्माण पारिस्थितिक प्रणालीसँग जोड्ने धेरै फराकिलो छ। भारतको दुर्लभ–पृथ्वी रणनीति बढ्दो रूपमा भूगर्भीय स्रोतहरूलाई औद्योगिक क्षमतामा परिणत गर्ने बारे हो। खनिज निक्षेपहरूबाट प्रशोधित अक्साइडहरू, अक्साइडहरूबाट मिश्र धातुहरू र मिश्र धातुहरूबाट समाप्त चुम्बकहरूमा आन्दोलनले घरेलु उत्पादनलाई गहिरो बनाउन सक्ने मूल्य अभिवृद्धिको प्रकारलाई प्रतिनिधित्व गर्दछ।

ओईसीडीले भारतको जीडीपी वृद्धिको पूर्वानुमान बढाएर ७.१ प्रतिशत पुर्‍यायो

नयाँ दिल्ली, ६ अक्टोबरः विश्वव्यापी अर्थतन्त्रमा छाइरहेको अनिश्चितता, भूराजनीतिक तनाव र बाह्य चुनौतीका बाबजुद भारतीय अर्थतन्त्रले असाधारण लचिलोपन र सुदृढता प्रदर्शन गरिरहेको छ। भारतको यही बलियो आर्थिक जग र बढ्दो उत्पादन क्षमतालाई स्वीकार गर्दै विश्वका शीर्ष अन्तर्राष्ट्रिय वित्तीय तथा रेटिङ एजेन्सीहरूले भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धि दरको पूर्वानुमानलाई उल्लेख्य रूपमा बढाएका छन्। अर्गनाइजेसन फर इकोनोमिक को–अपरेशन एन्ड डेभलपमेन्ट (ओईसीडी), एस एन्ड पी ग्लोबल, फिच रेटिङ्स, एशियाली विकास ब्याङ्क (एडीबी) र मुडिज रेटिङ्स जस्ता प्रतिष्ठित संस्थाहरूले भारतको आर्थिक वृद्धि प्रक्षेपणमा गरेको यो वृद्धिले देशको अर्थतन्त्र अब एउटा मात्र क्षेत्रमा निर्भर नरही बहु आयामिक इन्जिनबाट अघि बढिरहेको स्पष्ट सङ्केत गरेको छ।

पछिल्लो समय सार्वजनिक भएका अद्यावधिक प्रतिवेदनहरूले भारतको आर्थिक वृद्धिको गति र चुनौतीपूर्ण विश्वव्यापी आर्थिक वातावरणलाई सामना गर्न सक्ने यसको क्षमतालाई विश्वले कसरी हेरिरहेको छ भन्ने प्रस्ट पार्छन्। ओईसीडीले भारतको जिडिपी वृद्धिको पूर्वानुमानलाई यसअघिको ६.३ प्रतिशतबाट बढाएर ७.१ प्रतिशत पुर्‍याएको छ। त्यसै गरी, एस एण्ड पी ग्लोबलले आफ्नो प्रक्षेपण ६.६ प्रतिशतबाट ७ प्रतिशत, फिच रेटिङ्सले ६.४ प्रतिशतबाट ६.९ प्रतिशत, एसियाली विकास ब्याङ्क (एडीबी) ले ६.६ प्रतिशतबाट ७ प्रतिशत र मुडिज रेटिङ्सले ६ प्रतिशतबाट ७ प्रतिशत पुर्‍याएका छन्। यी पाँच वटै प्रमुख संस्थाहरूले भारतको आर्थिक वृद्धिको प्रक्षेपण बढाउनु आफैँमा अर्थपूर्ण छ, जसमा चारवटा संस्थाले त भारतको वृद्धि दर अब ७ प्रतिशत वा सोभन्दा माथि रहने सुनिश्चित गरेका छन्।

यी संशोधनहरू कुनै एउटा छुट्टै घटना वा संयोग मात्र होइनन्। भारतको अर्थतन्त्रका विभिन्न प्रमुख सूचकहरूमा देखिएको मजबुत आन्तरिक आर्थिक गतिविधिसँग यी पूर्वानुमानहरू मेल खान्छन्। भारतको वृद्धिको कथा अब कुनै एउटा मात्र क्षेत्र वा मागको स्रोतबाट नभई विकासका धेरै इन्जिनहरूद्वारा सञ्चालित छ।पछिल्लो त्रैमासिक कार्यसम्पादनले भारतप्रतिको सकारात्मक अन्तर्राष्ट्रिय मूल्याङ्कनलाई थप पुष्टि गर्छ। चालु आर्थिक वर्ष २०२६–२७ को पहिलो त्रैमासिक (पहिलो तीन महिना) मा वास्तविक जिडिपी वृद्धि दर ७.८ प्रतिशत पुगेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ६.९ प्रतिशत मात्र थियो। यस्तै, मूल्यवृद्धिलाई समावेश नगरिएको नोमिनल जिडिपी वृद्धि दर पनि अघिल्लो वर्षको ८.१ प्रतिशतको तुलनामा बढेर १०.३ प्रतिशत पुगेको छ। यससँगै भारतको कुल जिडिपी रु. ८८.२७ लाख करोडको विशाल आकारमा पुगेको छ।

निर्वाचन आयोगविरुद्धको मार्चमा विपक्षसँग जोड़ियो बीजेडी

नयाँ दिल्ली, ६ अक्टोबरः बीजेडीका सांसदहरू निर्वाचन आयोगतर्फ निकालिएको विपक्षी गठबन्धनका सांसदहरूको विरोध मार्चमा सहभागी भएका छन्। यो मार्चलाई संसद मार्गमा रोकिएको थियो। कङ्ग्रेसले केन्द्र सरकारको खराब नियतलाई असफल बनाउन विपक्षी एकता जुनसुकै अवस्थामा पनि कायम रहने बताउँदै मत चोरी होस् वा निर्वाचन क्षेत्र पुनर्निर्धारणको विषय, विपक्ष एकजुट भएर लड्ने जनाएको छ।

बीजेडी सांसद मानस मङ्गराज र सुलता देवले विरोध प्रदर्शनमा सहभागिता जनाएका थिए। भाजपामाथि निशाना साध्दै कङ्ग्रेसले 'भारतीय झुट पार्टी'–को सत्ताबाट बाहिरिने उल्टो गन्ती शुरु भइसकेको बताएको छ। यस विरोध प्रदर्शनमा इण्डिया गठबन्धनको हिस्सा नरहेको बीजेडीका सांसदहरू पनि सहभागी भएका थिए।

सुलता देवले भनिन्, बीजेडी यो विरोध मार्चमा सहभागी भइरहेको छ, तर हाम्रा नेता नवीन पटनायकले यसअघि नै स्पष्ट गरिसक्नुभएको छ कि हामी न भारत गठबन्धनसँग छौँ, न त राष्ट्रिय लोकतान्त्रिक गठबन्धनसँग। हामी एक जिम्मेवार क्षेत्रीय राजनीतिक दल हौँ।

उल्लेखनीय छ कि विपक्षी दलका नेता मल्लिकार्जुन खड्गे र राहुल गान्धीसहित भारत गठबन्धनका सांसदहरूले संसद भवन परिसरबाट निर्वाचन आयोगसम्म मार्च निकालेका थिए। तर पुलिसले उनीहरूलाई संसद मार्गमा रोकेको थियो। त्यहाँ उनीहरू मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग गर्दै धर्नामा बसेका थिए। पछि धेरै सांसदलाई नियन्त्रणमा लिएर बसमा राखी लगिएको थियो।

सोमवार सर्वोच्च न्यायालयले फाराम ६ मा कुनै पनि परिवर्तनलाई आफूले स्वीकृति नदिएको स्पष्ट पारेको थियो। कुनै व्यक्तिले मतदाता सूचीमा आफ्नो नाम समावेश गर्न आवेदन दिन यही फाराम प्रयोग गर्छ। निर्वाचन आयोगले विभिन्न राज्यमा विशेष गहन पुनरीक्षणका क्रममा यसको प्रयोग गरिरहेको छ।

वर्ष–२०; अङ्क–२७२; वि.सं. २०८३, असोज २१ गते; गान्तोक, बुधवार, ७ अक्टोबर, २०२६

भविष्य तिनीहरूको पक्षमा हुन्छ, जसले आफ्नो सपनाको सुन्दरतामा विश्वास गर्दछन्।

❑ इलेनोर रूजवेल्ट

सम्पादकीय

भारतले अमेरिकी बजारको विकल्प खोज्न जरुरी

अमेरिकी राष्ट्रपति ट्रम्पबाट अनुमोदन प्राप्त गरेपछि लिन्डसे ओ ग्राहम रूसमाथि प्रतिबन्ध लगाउने ऐन २०२६ कानून बनेको छ। यस कानूनको कार्यान्वयनले भारतको आर्थिक हितमा गम्भीर असर पार्न सक्छ। सबैभन्दा चिन्ताको विषय यो ऐनको प्रावधान हो, जसले कानून लागू भएपछि पनि रूसबाट कच्चा तेल र प्राकृतिक ग्यास आयात गर्न जारी राख्ने शीर्ष पाँच देशमा अमेरिकालाई १०० प्रतिशतसम्म भन्सार शुल्क बढ़ाउन अनुमति दिन्छ। हालै, आफ्नो कच्चा तेल आयात बिल घटाउन र वैश्विक अनिश्चितताको बीचमा रणनीतिक लाभ प्राप्त गर्न भारतले आफ्नो ऊर्जा आपूर्ति स्रोतहरूलाई विविधीकरण गर्न थालेको छ, जसले गर्दा रूसबाट कच्चा तेल आयातमा उल्लेखनीय वृद्धि भएको छ। रूस–युक्रेन द्वन्द्वअघि रूसी कच्चा तेलले भारतको कुल कच्चा तेल आयातको दुई प्रतिशत मात्र ओगटेको थियो, तर अहिले यो ५० प्रतिशत पुगेको छ। रूसी कच्चा तेल आयात जनवरीमा ४.५४ मिलियन मेट्रिक टनबाट बढ़ेर यस वर्ष मईमा ८.९६ एमएमटी पुगेको छ। आपूर्ति विविधीकरण गर्ने यो रणनीति आपूर्ति सुरक्षित गर्न प्रभावकारी भएको भए पनि विशेष गरी संयुक्त राज्य अमेरिकासँगको स्थिति सन्तुलनमा यसको कूटनीतिक परिणाम पनि छ, जुन यी आयातहरूको बलियो समर्थक होइन।

संयुक्त राज्य अमेरिकाले पहिला नै भारतसहित ६० देशमा जबर्जस्ती श्रम शुल्क लगाएको छ, विद्यमान अमेरिकी शुल्क १० प्रतिशतले बढ़ाएको छ। अब, यदि रूसमाथि प्रतिबन्ध ऐन लागू हुन्छ र भारतले रूसबाट कच्चा तेल र ग्यास आयात गर्न जारी राख्छ भने यसले थप ११० प्रतिशत शुल्कको सामना गर्नेछ, जसले गर्दा यो उच्चतम शुल्क लगाउने देशहरूमध्ये एक हुनेछ। चीनमा अमेरिकी शुल्क पनि ११२.५ प्रतिशतमा बढ्नेछ, किनकि यो रूसी तेलको प्रमुख आयातकर्ता पनि हो।

अमेरिका भारतका प्रमुख निर्यात गन्तव्यहरूमध्ये एक हो। अत्यधिक शुल्कले भारतलाई अमेरिकामा आफ्नो प्रतिस्पर्धात्मक लाभ गुमाउन सक्छ, जसले गर्दा आर्थिक घाटा हुन सक्छ। भारतले आर्थिक दुविधाको सामना गरिरहेको छ: या त आफ्ना ऊर्जा आवश्यकताहरूको लागि रूसबाट आयात जारी राख्न र अमेरिकी शुल्कको सामना गर्न वा अमेरिकाजस्तो ठूलो निर्यात बजारमा पहुँच कायम राख्नुपर्छ, तर ऊर्जा मोर्चामा अनिश्चितताको सामना गर्नुपर्नेछ। २०२५ मा भारतको अमेरिकामा निर्यातले मुख्यतया इलेक्ट्रोनिक उपकरण, औषधि, हीरा र गहना तथा समुद्री उत्पादहरू मात्र यसको कुल निर्यातको २० प्रतिशत हिस्सा ओगटेको थियो, जुन कुल अमेरिकी निर्यातको ४५ प्रतिशत हो। शुल्कको अवस्थामा, यी सामानहरूको निर्यातमा उल्लेखनीय असर पर्नेछ। निर्यात घट्दा भारतमा उत्पादन घट्नेछ, जसले पूँजी र श्रम पारिश्रमिक घटाउनेछ र धेरै साना व्यवसायहरू बन्द हुन सक्छन्।

अर्कोतिर, खाड़ी देशहरूमा जारी अशान्तिले कच्चा तेल आपूर्ति घटाएको छ, जसले गर्दा आयात मूल्य बढ़ेको छ। यदि रूसबाट तेल र ग्यास आयात घटाइयो भने भारतले वैश्विक बजारमा उच्च मूल्य तिर्नुपर्नेछ, जसले यसको विदेशी मुद्रा भण्डार र व्यापार घाटामा प्रत्यक्ष असर गर्नेछ। यो बढ्दो मुद्रास्फीतिको कारण पनि हुन सक्छ। कस्तो देखिन्छ भने अमेरिकाले चलिरहेको व्यापार वार्तामा भारतलाई दबाउ दिन रूसमाथि प्रतिबन्ध ऐनलाई उपकरणको रूपमा प्रयोग गर्न चाहन्छ, ताकि यसले भारतको घरेलु बजारमा सजिलो पहुँच प्राप्त गर्न सकोस्। भारतले कुनै पनि दबाउमा नझुकी आफ्नो व्यापार हित र नीति निर्धारण गर्नुपर्छ। फरवरीमा हस्ताक्षर गरिएको द्विपक्षीय सम्झौतामा अमेरिकाले भारतमा १८% आयात शुल्क लगाउन सहमति जनाएको थियो। यसो गरेर अमेरिका आफ्नै सम्झौताबाट पछि हटिरहेको छ। भारतले यो चुनौतीलाई सम्बोधन गर्न धेरै उपाय लिन सक्छ।

भारतले अमेरिकाभन्दा बाहिर हेर्नुपर्छ र वैकल्पिक बजारहरूमा आफ्नो उपस्थिति विस्तार गर्नुपर्छ। भारतले आफ्नो निर्यातको लागि नयाँ बजारहरू खोज्नुपर्छ जहाँ भारतीय सामानहरूको माग छ। यस सन्दर्भमा स्वतन्त्र व्यापार सम्झौता राम्रो नीति हो। भारत–ईयू व्यापार सम्झौता उपयोगी साबित हुन सक्छ। त्यस्तै, भारत–बेलायत, भारत–अस्ट्रेलिया र भारत–न्यूजील्याण्ड सम्झौताहरूले पनि भारतीय निर्यातको लागि पहुँच प्रदान गर्नेछन्। यद्यपि, निर्यातलाई विविधीकरण गर्नु रामवाण उपाय होइन। यो अन्य बजारहरूले भारतको थप आयात कति अवशोषित गर्न सक्छन् भन्ने कुरामा निर्भर गर्दछ। अपर्याप्त बाह्य माग भएमा विविधीकरण सीमित हुन सक्छ। भारतले आफ्नो आयात कर दर सुधार गरेर घटाउनमा पनि ध्यान केन्द्रित गर्नुपर्छ। सस्ता आयातित सामानहरूले उपभोक्ता माग र व्यापार प्रतिस्पर्धात्मकता दुवै सुधार गर्न सक्छन्। यो व्यापारलाई सहज बनाउने, गैर–ट्यारिफ अवरोध हटाउने, रसद र मापदण्ड सुधार गर्ने अनि सामानहरूको गुणस्तर बढ़ाउने जस्ता दिगो घरेलु सुधारहरूसँगै हुनुपर्छ। यस्तो रणनीतिले भविष्यमा आउने भूराजनीतिक झट्काको सामना गर्ने भारतको क्षमतालाई मात्र बढ़ाउने छैन तर दीर्घकालीन रूपमा यसको निर्यात प्रतिस्पर्धात्मकतालाई पनि बलियो बनाउनेछ।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

–सम्पादक

फ्लाई दुबई आक्रमण पछाड़िका को–पाइलटको नालीबेली

अनुसन्धानमा अरू के–के खुले तथ्य?

विभिन्न सञ्चारमाध्यमका अनुसार ती पाइलट ओमानी नागरिक हमाम अल–हम्मामी भएको खुलेको छ। इजरायलतर्फ गइरहेको उड़ानका क्याप्टेनमाथि आक्रमण गरेको आरोप लागेका फ्लाई दुबईका को–पाइलट (सह–चालक) एक ओमानी नागरिक भएको खुलेको छ। सञ्चारमाध्यमका अनुसार, उग्रवादी विचार राखेको आशङ्कामा उनलाई यसअघि आफ्नै देशमा उड़ान भर्न रोक लगाइएको थियो। ती पाइलटको पहिचान वा उनको विचारबारे कुनै आधिकारिक पुष्टि भने भएको छैन। संयुक्त अरब इमिरेट्स (यूएई) ले शनिवार उड़ान नम्बर एफजेड १०७३ मा बुधवार भएको घटनालाई एउटा 'आतङ्कवादी कारबाही' को प्रयास भनेको छ। यूएईका अनुसार ती को–पाइलटले भारतीय नागरिक क्याप्टेन स्मित मच्छारमाथि आपत्कालीन बञ्चरोले आक्रमण गरी विमानलाई आफ्नो नियन्त्रणमा लिने प्रयास गरेका थिए। तर अनुसन्धानकर्ताहरूले आक्रमणको उद्देश्य पत्ता लगाउन र यसमा अन्य कसैको संलग्नता भए/नभएको यकिन गर्न अझै काम गरिरहेका छन्। यस घटनाले पाइलटहरूको पृष्ठभूमि जाँच र उड्डयन सुरक्षाबारे चिन्ता बढ़ाएको छ।

अहिलेसम्म खुलेका तथ्यहरू यसप्रकार छन्:

आरोपित पाइलटबारे हामीलाई के थाहा छ?

१७४ जना यात्रु बोकेको दुबई–तेल अभिभ उड़ानका क्याप्टेनमाथि आक्रमण गरेको आशङ्का गरिएका ती को–पाइलट ओमानी नागरिक हमाम अल–हम्मामी हुन्। यस घटनाबारे जानकार एक खाड़ी कूटनीतिज्ञ र एक पश्चिमी कूटनीतिज्ञसहित तीन जनाले एपी समाचार एजेन्सीलाई यो जानकारी दिएका हुन्। सञ्चारमाध्यमसँग बोल्ने अधिकार नभएका कारण उनीहरू सबैले नाम नखुलाउने सर्तमा कुराकानी गरेका थिए। ती खाड़ी कूटनीतिज्ञका अनुसार उनले 'एक्लो आक्रमणकारी' को रूपमा काम गरेका हुन् वा कुनै उग्रवादी समूहसँग उनको सम्बन्ध छ भन्नेबारे अनुसन्धान भइरहेको छ। अमेरिकी सञ्चारमाध्यम सिएनएनले एक स्रोत र इजरायली अधिकारीलाई उद्धृत गर्दै अल–हम्मामी ओमानी नागरिक भएको जनाएको छ। उनी सिरियाली आमाको गर्भबाट यूएईमा जन्मिएका थिए र उनले इमिरेट्समा धेरै वर्ष बिताएका थिए। उनको विगतको उड्डयन करियर र दुबईस्थित यस सस्तो वायुसेवा कम्पनीमा आबद्ध हुनुअघि नै कुनै चेतावनीका सङ्केतहरू देखिएका थिए वा थिएनन् भन्नेबारे प्रश्नहरू उब्जिएका छन्।

द वाल स्ट्रिट जर्नलले शुक्रवार अज्ञात स्रोतहरूलाई उद्धृत गर्दै ओमानी अधिकारीहरूले ती आरोपित को–पाइलटलाई यसअघि नै देशमा उड़ान भर्न रोक लगाएको जनाएको छ। उनीसँग उग्रवादी विचारहरू रहेको आशङ्कामा यस्तो रोक लगाइएको थियो। यद्यपि, ती कथित विचारहरू के थिए वा ओमानले आफ्नो आशङ्काबारे अन्य देश वा वायुसेवा कम्पनीहरूलाई जानकारी गराएको थियो वा थिएन भन्ने कुरा अझै अस्पष्ट छ। सीएनएनले छुट्टै रूपमा एक क्षेत्रीय कूटनीतिक स्रोतलाई उद्धृत गर्दै यस्तै आशङ्काका कारण अल–हम्मामीलाई उड़ान तालिमबाट हटाइएको र त्यसपछि अर्को पदमा सारिएको उल्लेख गरेको छ। उक्त अमेरिकी नेटवर्कले अल–हम्मामीको नाममा रहेको लिंक्डइन प्रोफाइलमा उल्लेख भएअनुसार उनले सन् २०२५ को फरवरीमा छाड्नुअघि ओमान एयरमा सात वर्ष बिताएका थिए। प्रोफाइलका अनुसार उनी सन् २०२५ को जुनमा रोयल एयर मारोकमा आबद्ध भए र सन् २०२६ को जनवरीमा त्यहाँबाट निस्किए। अल–हम्मामीले बेलायतको एउटा विश्वविद्यालयमा पढ़ेको कुरा पनि अहिले पुष्टि भएको छ। बकिंघमशायर न्यू युनिभर्सिटीका प्रवक्ताले प्रेस एसोसिएसनलाई दिएको विज्ञप्तिमा भनेका छन्, 'यस घटनामा संलग्न घाइते पाइलट, चालक दल र यात्रुहरूप्रति हाम्रो सहानुभूति छ। हमाम अल–हम्मामीले यसअघि उड्डयन व्यवस्थापनमा दूर–शिक्षा कोर्ष पूरा गरेका थिए। उनले यस विश्वविद्यालयमा कुनै पनि पाइलट तालिम लिएका थिएनन्।'

❝ अल–शम्सीले अनुसन्धानकर्ताहरू 'प्राविधिक परीक्षण पूरा गर्न तथा भौतिक र डिजिटल प्रमाणहरूको जाँच गर्नुका साथै घटनाका सबै परिस्थिति, यसका उद्देश्य र सम्बन्धित व्यक्तिहरूबारे पत्ता लगाउन' काम गरिरहेको जानकारी दिए। ❞

उड़ान एफजेड १०७३ मा के भएको थियो?

फ्लाइटराडार२४ का अनुसार, बुधवार बिहान ७:०५ बजे (०३:०५ जिएमटी) उड़ान एफजेड १०७३ दुबईबाट तेल अभिभका लागि प्रस्थान गर्दै ३४,००० फिट (१०,००० मिटरभन्दा बढ़ी) को उचाइमा पुगेको थियो। दुई घण्टाभन्दा केही बढ़ी समयपछि यो विमान अचानक तल झर्न थाल्यो र एकपटक तल झरेर फेरि माथि उठ्दै पुनः तल खस्यो। उड़ान ट्र्याक गर्ने तथ्याङ्कले विमान करिब दुई मिनेटमै १७,००० फिटभन्दा बढ़ी तल खसेको देखाएको छ। त्यसपछि विमान फेरि माथि उठ्यो र पुनः तल झर्यो।

यसैबिच, ककपिटभित्र दुई पाइलटबीच झगड़ा शुरु भइसकेको थियो। ती को–पाइलटले विमानका भारतीय क्याप्टेन स्मित मच्छारलाई हतियार प्रहार गरी आक्रमण गरेका थिए। विमान तल झर्दै गर्दा आफूलाई ककपिटको भुइँमा गम्भीर घाइते अवस्थामा पाएको कुरा मच्छारले पछि वर्णन गरेका छन्। अबुधाबीको एउटा अस्पतालबाट भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग कुरा गर्दै उनले भने, 'जब म ढलेको थिएँ, मैले विमान तल खसिरहेको महसुस गर्न सक्थें। केही गर्ने यो नै अन्तिम मौका हो भन्ने मलाई थाहा थियो।' उनले भने, 'विमान तल खसिरहेको छ भन्ने मलाई थाहा थियो... म भुइँमा लड़िसकेको थिएँ। ढोका त्यहीं छ, त्यसलाई जसरी पनि खोल्नुपर्छ भनेर मैले आफूलाई सम्झाएँ। मैले ढोका खोल्न सफल भएँ र मानिसहरू भित्र पसे।' यात्रु र चालक दलका सदस्यहरू क्याबिनभित्र पसेर को–पाइलटलाई नियन्त्रणमा लिए। अन्ततः विमान करिब १५,००० फिटको उचाइमा सन्तुलित भयो। त्यसपछि गैरकानुनी हस्तक्षेपको सङ्केत दिन यसको ट्रान्सपोन्डरलाई कोड ७५०० मा स्विच गरियो। विमानमा रहेका दुई जना रिजर्भ पाइलटले विमानको नियन्त्रण लिए र साउदी अरबको उत्तरपश्चिमी शहर ताबुकमा अवतरण गराए। स्थानीय समयअनुसार बिहान ९:४५ बजे (०६:४५ जीएमटी) विमान सुरक्षित रूपमा अवतरण भयो। साउदी अधिकारीहरूका अनुसार दुवै पाइलटलाई अस्पताल लगिएको थियो। चिकित्सकीय जाँचपछि उनीहरूलाई पछि अबुधाबी सारिएको थियो।

यस आक्रमणबारे यूएईले के भनेको छ?

यूएईका महान्यायाधिवक्ता हमाद सैफ अल–शम्सीले शनिबार भनेका छन्, ती को–पाइलटले 'आतङ्कवादी कार्य' शुरु गरेको अनुसन्धानकर्ताहरूले निष्कर्ष निकालेका छन्। अल–शम्सीका अनुसार, को–पाइलटले ककपिटभित्र विमानको आपत्कालीन क्र्यास बञ्चरो प्रयोग गरी क्याप्टेनमाथि आक्रमण गरेका थिए र 'विमानको नियन्त्रण आफ्नो हातमा लिने प्रयास गरेका थिए'। क्र्यास बञ्चरो आपत्कालीन अवस्थामा विमानभित्र बाटो बनाउन पाइलटहरूलाई मद्दत गर्न ककपिटमा राखिने एउटा औजार हो।

बिहीबार, अल–शम्सीले अनुसन्धानकर्ताहरूलाई यो घटना 'आतङ्कवादी गतिविधि वा मनसाय' सँग जोडिएको छ वा यसमा पूर्व योजना वा निर्देशन समावेश थियो भन्ने कुरा पत्ता लगाउन आदेश दिएका थिए। यूएईले हालसम्म सार्वजनिक रूपमा आक्रमणको उद्देश्य यकिन गरेको छैन। साथै अनुसन्धानकर्ताहरूले अल–हम्मामीले एक्लै यस्तो काम गरेका हुन् भन्ने मानेका छन् या छैनन् भन्ने पनि घोषणा गरेको छैन। यूएईका राष्ट्रपतीय सल्लाहकार अनवर गर्गशले शनिबार भनेका छन्, पछिल्लो 'आतङ्कवादी' आक्रमणले यस क्षेत्रमा उग्रवादविरुद्धको लड़ाइँ अझै समाप्त नभएको नयाँ चेतावनी दिएको छ। उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'यसले यूएईको प्रारम्भिक र दृढ़ अड़ानको महत्त्वलाई रेखाङ्कित गर्छ: उग्रवादलाई कुनै सहनशीलता छैन र यसको बयानबाजीप्रति कुनै छुट छैन। सुरक्षाको शुरुवात घृणाको सामना गर्दै उग्रवादका स्रोतहरू सुकाउनुबाट हुन्छ।'

अनुसन्धानको पछिल्लो अवस्था के छ?

अहिले अबुधाबीले यस अनुसन्धानको नेतृत्व गरिरहेको छ। सरकारी वकिलहरूले आक्रमणको परिस्थिति, यसको उद्देश्य र अन्य व्यक्तिहरूसँगको सम्भावित सम्बन्धबारे जाँच गरिरहेका छन्। यसअघि अल–शम्सीले विमान यूएईमा दर्ता भएको र आफ्नै झण्डामुनि उड्ने भएकाले यस घटनामा यूएईका न्यायिक अधिकारीहरूको अधिकार क्षेत्र लाग्ने बताएका थिए। विमानभित्र भएका अपराधहरूमा 'ती देशको क्षेत्रबाहिर भए तापनि' यूएईको कानुन लागू हुने उनले थपे। शनिवार, अल–शम्सीले अनुसन्धानकर्ताहरू 'प्राविधिक परीक्षण पूरा गर्न तथा भौतिक र डिजिटल प्रमाणहरूको जाँच गर्नुका साथै घटनाका सबै परिस्थिति, यसका उद्देश्य र सम्बन्धित व्यक्तिहरूबारे पत्ता लगाउन' काम गरिरहेको जानकारी दिए। आवश्यक प्रक्रिया पूरा हुनासाथ अन्तिम नतिजा सार्वजनिक गरिने उनले बताए। यसैबिच, अनुसन्धान चलिरहँदा इजरायलतर्फका फ्लाई दुबईका उड़ानहरू अझै स्थगित नै छन्। ■

गुटेरेसको १० वर्षे कार्यकालबाट असन्तुष्ट विश्व समुदाय

राष्ट्र सङ्घलाई १० वर्ष नेतृत्व गरेर बिदा हुँदै गर्दा गुटेरेस बर्लिनको पर्खाल ढलेयताकै सबैभन्दा कमजोर अवस्थाको राष्ट्र सङ्घ छोड्दै छन्

● साइमन एडम्स

गत साता राष्ट्र सङ्घको महासभाको बिदाइ सम्बोधनमा एन्टोनियो गुटेरेसले महासचिवका रूपमा बिताएको आफ्नो कार्यकालको स्मरण गरे। उनका शब्दमा यो यस्तो दशक थियो, जसमा घोर क्रूरतासाथ युद्ध लम्बिए। सर्वसाधारणलाई निसानामा पारियो। मानव अधिकारको उल्लङ्घन गरियो। भोकमरीलाई हतियार बनाइयो। मानवीय सहायताकर्मीको हत्या गरियो। अन्तरराष्ट्रिय कानुनलाई बेवास्ता गरियो। यो साँचो हो कि गुटेरेस र राष्ट्र सङ्घले दशवर्षे कार्यकालमा बढ्दो कठिन चुनौतीको सामना गरे। तर, वर्षको अन्त्यमा पदबाट बिदा लिने तयारी गरिरहँदा उनको कार्यकालको मूल्याङ्कन कसरी गरिनुपर्छ? हाल विश्वमा ६५ वटा सशस्त्र द्वन्द्व चलिरहेका छन्, जुन सन् १९४६ यताकै उच्च सङ्ख्या हो। राष्ट्र सङ्घ सुरक्षा परिषद्का दुई स्थायी सदस्य राष्ट्र (रूस र अमेरिका)ले नै राष्ट्र सङ्घको बड़ापत्र उल्लङ्घन गर्दै युद्ध सुरु गरेका छन्। प्रविधि विज्ञहरूले कृत्रिम बुद्धिमत्ताले मानव अस्तित्व नै समाप्त पार्न सक्ने चेतावनी दिइरहेका छन्। तीव्र गतिमा भइरहेको जलवायु परिवर्तनले पनि अस्तित्वकै लागि खतरा खडा गरेको छ। त्यसो त राष्ट्र सङ्घका कुनै पनि महासचिवले यी सबै सङ्कट समाधान गर्न सक्दैनथे। तर, ऐतिहासिक परिप्रेक्ष्यमा गरिने तुलना गुटेरेसको पक्षमा देखिंदैनन्।

संयुक्त राष्ट्र सङ्घका दोस्रो महासचिव स्विडेनका ड्याग ह्यामरसोल्डले पनि विश्वव्यापी तनावपूर्ण समयमा आफ्नो जिम्मेवारी सम्हालेका थिए। शीतयुद्धका बाबजुद उनले राष्ट्र सङ्घको शान्ति स्थापना कार्यको शुरुवात गरे। कङ्गोमा जारी रक्तपातपूर्ण पृथकतावादी सङ्घर्ष अन्त्य गर्न वार्ताको प्रयास गरिरहँदा सन् १९६१ मा भएको विमान दुर्घटनामा परी उनको निधन भयो। राष्ट्र सङ्घका सातौं महासचिव घानाका कोफी अन्नानले सन् २००० को दशकको शुरुवाती चरणमा आफ्नै कूटनीतिक कौशल प्रयोग गरी महत्वपूर्ण सुधार गरे।

गुटेरेसअघिका शान्त स्वभावका दक्षिण कोरियाली नेता बान कि–मुनले पनि मानव अधिकारलाई प्राथमिकता दिने एजेन्डा अघि सारेका थिए। यसअन्तर्गत राष्ट्र सङ्घका फिल्ड कर्मचारीलाई औपचारिक शिष्टाचार वा कार्यविधिका बन्धनमा नअल्झिन र पीड़ितका पक्षमा आवाज उठाउन निर्देशन दिइएको थियो। राष्ट्र सङ्घ एक जटिल प्रक्रिया भएको संस्था भए पनि उनका तर्फबाट सक्दो पहल भएका थिए। उल्लेखनीय पक्षहरूको कुरा गर्दा गुटेरेसलाई युक्रेन र रूसबिच सन् २०२२ को ब्ल्याक सी ग्रेन इनिसिएटिभ (कृष्ण सागर अन्न सम्झौता) गराउन भूमिका खेलेको, राष्ट्र सङ्घमा महिलालाई उच्च पदमा पुर्‍याउन प्रोत्साहन गरेको, सशक्त जलवायु कूटनीति अघि बढ़ाएको तथा एआईले निम्त्याउने जोखिम र सम्भावनासम्बन्धी बहसमा विश्वव्यापी दृष्टिकोण समावेश गरेकोमा सम्झना गरिनेछ। तर, यसका नकारात्मक पक्ष भने निकै निराशाजनक छन्। राष्ट्र सङ्घलाई तिर्नुपर्ने चार अरब अमेरिकी डलरबराबरको बक्यौता रकम अमेरिकाले नदिंदा उत्पन्न आर्थिक अभावका कारण गुटेरेस बजेट कटौती गर्न बाध्य भए। राष्ट्र सङ्घको ८०औं वार्षिकोत्सवका अवसरमा यसको संरचना पुनर्गठन र कार्यप्रणालीलाई चुस्त बनाउन गुटेरेसले मार्च २०२५ मा शुरु गरेको सुधार प्रक्रिया संस्थाको नैतिक दृष्टिकोणलाई नयाँ दिशा दिनुभन्दा पनि कर्मचारी कटौती गर्ने प्रशासनिक कदमजस्तो देखिन्छ। यस क्रममा सयौं राष्ट्रसङ्घीय कर्मचारीले रोजगारी गुमाए भने मानवीय सहायताका लागि आवश्यक कोषको अभावमा विश्वभरका लाखौं मानिस भोकमरीको चपेटामा पर्ने अवस्था छ। सबैभन्दा दुःखद कुरा त के छ भने गुटेरेस युक्रेन, म्यानमार, सुडान र गाजामा जारी द्वन्द्व अन्त्य गर्न असफल रहे।

न्यूयोर्कस्थित राष्ट्र सङ्घको मुख्यालयमा पुग्नुअघि गुटेरेसले पोर्टुगलका प्रधानमन्त्री (सन् १९९५–२००२) र त्यसपछि राष्ट्र सङ्घको शरणार्थीसम्बन्धी उच्चायुक्त (सन् २००५–२०१५) का रूपमा सेवा गरेका थिए। संयुक्त राष्ट्र सङ्घको महासचिव पदका लागि उनको उम्मेदवारी मुख्यतया जेनेभामा उच्च आयुक्तका रूपमा उनले कमाएको प्रतिष्ठामा आधारित थियो।

गुटेरेसको नेतृत्वमा सिरिया र अन्य स्थानमा देखिएका मानवीय सङ्कट सामना गर्न राष्ट्र सङ्घको शरणार्थीसम्बन्धी निकायमा व्यापक संरचनात्मक परिवर्तन गरिए। गुटेरेसलाई एक ऊर्जावान् र सुधारवादी व्यक्तिका रूपमा हेरिन्थ्यो। उनले शरणार्थी शिविरको भ्रमण गरे र विश्वका सबैभन्दा जोखिममा रहेका समुदायको पक्षमा वकालत गर्ने एक प्रभावकारी व्यक्तित्वका रूपमा चिनिए। तर, सन् २०१६ मा गुटेरेस महासचिवमा नियुक्त भएयता उत्पीड़न, द्वन्द्व र अत्याचारका कारण विस्थापित हुने मानिसको विश्वव्यापी सङ्ख्या ६ करोड़ ५६ लाखबाट बढ़ेर लगभग ११ करोड़ ८० लाख पुगेको छ। यसमा चार करोड़ ५० लाख बालबालिका पनि समावेश छन्, जो हाल शरणार्थी जीवन बिताइरहेका छन्।

मलाई सन् २०१८ मा न्यूयोर्कस्थित राष्ट्र सङ्घको मुख्यालयमा गुटेरेससँग भएको एउटा भेटघाटको सम्झना छ। मानव अधिकारका विषयमा छलफल गर्न मलाई नागरिक समाजका अन्य धेरै वरिष्ठ प्रतिनिधिसँगै त्यहाँ आमन्त्रित गरिएको थियो। कुराकानीका क्रममा मैले भनेको थिएँ कि गुटेरेसको मूल्याङ्कन सर्वसाधारणको रक्षा गर्ने र मानवताको विवेकलाई नै झकझक्याउने खालका अत्याचार रोक्ने उनको क्षमताका आधारमा तय गरिनेछ। उनले गम्भीरतापूर्वक सहमति जनाउँदै टाउको हल्लाए। जब उनी ३१ दिसम्बरमा राष्ट्र सङ्घको ३८औं तलाबाट लिफ्टमार्फत तल हरियो मार्बलजडित लबीमा ओर्लनेछन्, तब उनले बर्लिनको पर्खाल ढलेयताकै सबैभन्दा कमजोर अवस्थामा रहेको राष्ट्र सङ्घलाई छाड्नेछन्। यो विश्व संस्थालाई बचाउने हो भने राष्ट्र सङ्घका आगामी महासचिवले वाचा र कार्यसम्पादनबिचको त्यो घातक खाडल पुर्न अझ बढ़ी प्रयास गर्नुपर्नेछ। ■

(एडम्स मर्डोक विश्वविद्यालयका मानव अधिकारसम्बन्धी प्राध्यापक हुन्)

ओस्टिओपोरोसिसः जसले हड्डी भित्रैबाट कमजोर बनाउँछ

मधुमेह र उच्च रक्तचापको समस्या। प्रायः सबैले यो समस्याबारे सुनेका छन्। उही मात्रामा सताउने ओस्टिओपोरोसिस भन्ने रोग अझै धेरैका लागि अपरिचित छ। यी दुवै समस्या जस्तो नसर्ने तर जनस्वास्थ्यमा गम्भीर प्रभाव पार्ने रोग हो, ओस्टिओपोरोसिस जसले हड्डीलाई भित्रैदेखि कमजोर बनाउँछ। सबैभन्दा बढ़ी बुढ्यौलीको जीवनस्तरमा ठूलो असर पार्छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)-का अनुसार विश्वभरि करोड़ौँ मानिस यस रोगबाट प्रभावित छन्। विकासशील देशहरूमा यो समस्या बढ्दो क्रममा छ। यो रोगलाई समयमै पहिचान गरेर नियन्त्रण गर्न सकिन्छ।

के हो ओस्टिओपोरोसिस?

ओस्टिओपोरोसिस एक प्रकारको हड्डीसम्बन्धी रोग हो, जसमा हड्डीहरूको घनत्व घटेर पातलो भई खोक्रो अवस्थामा हुन्छन्। सरल भाषामा भन्नुपर्दा हड्डीहरू भित्रभित्रै खोक्रो र कमजोर हुन्छन्, जसले गर्दा सामान्य क्रियाकलापमा पनि हड्डी भाँचिने खतरा बढ्छ।

हाम्रो शरीरमा हड्डीहरू निरन्तर निर्माण र टुक्रिने प्रक्रिया चलिरहन्छ। युवावस्थामा हड्डी निर्माण बढ़ी हुन्छ, तर उमेर बढ्दै जाँदा यो प्रक्रिया सुस्त हुन्छ। ओस्टिओपोरोसिसमा हड्डी टुक्रिने बढ़ी र निर्माण कम हुन्छ, जसले हड्डीलाई खोक्रो बनाउँछ। चिकित्सा क्षेत्रमा यो रोगलाई 'साइलेन्ट किलर' पनि भनिन्छ।

किनकि, यसका लक्षणहरू प्रारम्भिक चरणमा देखिँदैनन्। जब हड्डी भाँचिन्छ, तब मात्र थाहा हुन्छ। यो रोग विशेषगरी महिलाहरूमा बढ़ी देखिन्छ, तर पुरुषहरूलाई पनि हुनसक्छ।

यो रोगले मुख्य रूपमा कुहिनो, मेरुदण्ड, नाडी र अन्य हड्डीहरूलाई प्रभावित गर्छ। यदि समयमै उपचार नगरे, यसले दिव्याङ्ग हुनसक्छ।

कारण

मुख्य रूपमा यो उमेरसँग सम्बन्धित छ। तर, अन्य कारकहरूले पनि नहोला भन्न सकिन्न। पहिलो कारण हो, हर्मोनल परिवर्तन। महिलाहरूमा रजोनिवृत्ति (मेनोपोज) पछि एस्ट्रोजन हर्मोनको कमीले हड्डीको घनत्व घटाउँछ। पुरुषहरूमा टेस्टोस्टेरोन हर्मोनको कमीले पनि यस्तो हुन्छ।

दोस्रो, पोषणको कमी। क्याल्सियम र भिटामिन डी हड्डीको मुख्य निर्माण सामग्री हुन्। यी तत्त्वहरूको कमीले हड्डी कमजोर हुन्छ। सूर्यको प्रकाशबाट भिटामिन डी प्राप्त हुने भए तापनि, घरभित्र बस्ने बानी र असन्तुलित खानाले यो कमी हुन्छ।

तेस्रो, जीवनशैली। धूम्रपान, अत्यधिक मदिरा सेवन र शारीरिक निष्क्रियताले हड्डीको स्वास्थ्य बिगार्छ। चौथो, आनुवंशिकता। यदि परिवारमा यो रोगको इतिहास छ भने जोखिम बढ्छ। पाँचौँ, केही रोग र औषधिजस्तै थाइरोइड समस्या, रूमाटोइड अर्थराइटिस, सेलियाक डिजिजजस्ता रोगहरूले हड्डीलाई प्रभावित गर्छ।

स्टेरोइडजस्ता औषधिहरूको लामो प्रयोगले पनि यो रोग निम्त्याउँछ।

कसलाई बढी जोखिम हुन्छ ?

ओस्टिओपोरोसिस एक प्रकारको हड्डीसम्बन्धी रोग हो, जसमा हड्डीहरूको घनत्व घटेर पातलो भई खोक्रो अवस्थामा हुन्छन्। सरल भाषामा भन्नुपर्दा हड्डीहरू भित्रभित्रै खोक्रो र कमजोर हुन्छन्, जसले गर्दा सामान्य क्रियाकलापमा पनि हड्डी भाँचिने खतरा बढ्छ।

ओस्टिओपोरोसिस सबैलाई हुन सक्छ, तर केही समूहमा जोखिम बढ़ी हुन्छ। विशेषगरी रजोनिवृत्ति पछिका महिलाहरूमा यो चार गुणा बढ़ी देखिन्छ किनभने एस्ट्रोजन हर्मोन घट्छ। ६५ वर्षभन्दा माथिका पुरुष र महिलाहरूमा हड्डीको घनत्व स्वाभाविक रूपमा घट्छ।

यदि आमा वा बुबालाई यो रोग छ भने छोराछोरीलाई पनि हुन सक्छ। गर्भावस्था वा स्तनपानको समयमा क्याल्सियम कमी भएका महिलाहरू पनि जोखिममा पर्छन्। यसबाहेक, अत्यधिक क्याफिन वा सोडियमयुक्त खानाले क्याल्सियमको अवशोषण घटाउँछ।

लक्षण

यो रोगको डरलाग्दो पक्ष भनेको प्रारम्भिक लक्षणहरू नदेखिनु हो। धेरैजसो अवस्थामा हड्डी भाँचिएपछि मात्र थाहा हुन्छ।

ढाड दुखाइः मेरुदण्डको हड्डी कमजोर हुँदा ढाडमा दुखाइ हुन्छ, जसलाई सामान्य दुखाइ ठानेर बेवास्ता गरिन्छ।

उँचाइ घट्नुः हड्डीहरू सङ्कुचित हुँदा उँचाइ १-२ इञ्च घट्छ।

सजिलै हड्डी भाँचिनुः सामान्य गिरावटमा पनि कुहिनो, नाडी वा मेरुदण्ड भाँचिन्छ।

दुखाइ र हड्डी सुनिनुः भाँचिएको ठाउँमा दुखाइ हुनु।

थकान र कमजोरीः हड्डी कमजोर हुँदा समग्र शारीरिक कमजोरी महसुस हुन्छ।

उपचार

यदि समयमै डेक्सा स्क्यान गरी यो रोग पत्ता लगाउन सकिन्छ। ओस्टिओपोरोसिसको उपचारमा सामान्य अवस्थामा औषधि, क्याल्सियम-भिटामिन डी सप्लिमेन्ट, व्यायाम र स्वस्थ जीवनशैलीले नियन्त्रण गर्न सकिन्छ। बिस्फोस्फोनेट्स, डेनोसुम्याबजस्ता औषधिले हड्डीको घनत्व बढ़ाउँछ, तर जटिल अवस्थामा, विशेषगरी हड्डी भाँचिएमा (जस्तै, कूल्हा वा मेरुदण्ड), शल्यक्रिया (जस्तै, हिप रिप्लेसमेन्ट वा भर्टिब्रोप्लास्टी) आवश्यक पर्छ।



ओस्टिओपोरोसिसबाट कसरी बच्ने?

➢ हड्डी र मांसपेशी बलियो बनाउन हप्तामा कम्तीमा चार-पाँच दिन हल्का वा मध्यम व्यायाम गर्नुपर्छ।

➢ वयस्कलाई दैनिक सातदेखि १२०० मिलिग्राम क्याल्सियम र ७००-८०० युनिट भिटामिन डी आवश्यक हुन्छ। स्रोतहरूमा दूध, दही, चिज, गेडागुडी, च्याउ, सोयाबिन, बन्दाकोपी, ब्रोकाउली, मटरकोसा, सुन्तला, अण्डा, माछा र कलेजो पर्छन्।

➢ शरीरलाई चाहिने भिटामिन डी को ८० प्रतिशतभन्दा बढ़ी घामबाट नै बन्ने भएकाले हप्तामा ३-४ दिन बिहान १० देखि दिउँसो २ बजीसम्म १५-२० मिनटजति घाममा बस्नुपर्छ। कालो छालाका वा ७० वर्षभन्दा माथिका व्यक्तिले अलि बढ़ी समय घाममा बस्नुपर्छ।

➢ खाना र घामबाट पर्याप्त क्याल्सियम/भिटामिन डी नपाएमा मात्रै चिकित्सकको सल्लाह अनुसार पूरक औषधि लिनुपर्छ। तर, लामो समयसम्म अनियन्त्रित रूपमा सेवन गर्दा पाचन समस्या, मुटुको रोग वा मिर्गौलाको पत्थरीको जोखिम बढ्न सक्छ।

➢ रक्सी, सुर्तीजन्य पदार्थ र धुम्रपानले ओस्टिओपोरोसिसको जोखिम बढ़ाउँछ।

➢ मधुमेह भएका व्यक्तिमा हड्डी कमजोर हुने सम्भावना बढ़ी हुन्छ। तसर्थ, उनीहरूले विशेष ध्यान दिनुपर्छ।

➢ गर्भवती महिलाले क्याल्सियमयुक्त खाना र चिकित्सकको सल्लाहअनुसार पूरक चक्की नियमित सेवन गर्नुपर्छ।

➢ दीर्घकालसम्म प्रयोग हुने केही औषधिजस्तै प्रेड्निसोलोन, क्यान्सर औषधि, ग्यास्ट्रिकको औषधि, लिथियम वा हेपारिनले हड्डी कमजोर बनाउन सक्छ।

➢ ओस्टिओपोरोसिस भएका व्यक्तिमा सानो लड़ाइँले पनि कम्मर वा मेरुदण्ड भाँचिन सक्छ। लट्ठी प्रयोग गर्ने, रेलिङ समात्ने र चिप्लो बाटोबाट जोगिने बानी अपनाउनुपर्छ।

➢ ओस्टिओपोरोसिसका बिरामीमा अर्कोपटक हड्डी भाँचिने सम्भावना लगभग ८० प्रतिशत हुन्छ। त्यसैले चिकित्सकको सल्लाहअनुसार नियमित औषधि र फलोअप गर्नुपर्छ।

जीवन र मृत्युको क्रूर असमानता

धनी देशमा निको हुने क्यान्सरले गरीब देशमा किन लिन्छ ज्यान?

द लासेन्ट जर्नलमा प्रकाशित एक नयाँ अध्ययनले कम र मध्यम आय भएका देशहरूमा महिलाहरूलाई हुने स्तन क्यान्सर र सर्वाइकल क्यान्सर अर्थात् गर्भाशयको मुखमा हुने क्यान्सरको अवस्थाबारे गम्भीर तथ्यहरू उजागर गरेको हो।

रिपोर्टका अनुसार, क्यान्सर पहिचानमा ठूलो असमानता रहेको देखिएको छ। गरीब तथा विकासोन्मुख देशहरू स्तन र गर्भाशयको मुखमा हुने क्यान्सरबाट पीड़ित २० प्रतिशतभन्दा कम महिलामा मात्र रोगको पहिचान शुरुआती चरणमा हुने गरेको छ।

विकसित/उच्च आय भएका देशहरू यसको तुलनामा, प्रत्येक पाँचमध्ये दुई महिला (अर्थात् ४० प्रतिशत वा सोभन्दा बढ़ी)-को क्यान्सर प्रारम्भिक अवस्थामै पत्ता लाग्छ।

अध्ययनअनुसार, कम आय भएका देशहरूमा अधिकांश क्यान्सरका घटनाहरू रोग निकै बढ़िसकेपछि मात्र पत्ता लाग्छ। यसले गर्दा यी देशका महिलाहरूको जीवित रहने सम्भावना विकसित देशका महिलाहरूको तुलनामा धेरै कम हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार स्तन क्यान्सरजस्ता आक्रामक ट्युमरहरूको निदान ६० दिनभित्र हुनुपर्छ र उपचार ९० दिनभित्र शुरु हुनुपर्छ। तर, न्यून तथा मध्य आय भएका देशमा समयसीमाको गम्भीर उल्लङ्घन भएको पाइएको छ।

विकसित देशमा धेरैजसो प्रारम्भिक चरणको क्यान्सरको व्यवस्थापन एक महिनाभित्रै शुरु हुन्छ। तर, गरीब/विकासोन्मुख देशमा पाठेघरको मुख र डिम्बाशयको क्यान्सरको निदान तथा उपचार शुरु गर्न चार महिनासम्म ढिलाइ हुने गरेको छ।

त्यस्तै, स्तन क्यान्सरको निदान तथा उपचार शुरु गर्न एक वर्षसम्म पनि लाग्न सक्छ, जसले गर्दा बिरामीको रोग धेरै बढ़िसकेको हुन्छ।

अनुसन्धानले उपचारको प्रोटोकलमा पनि ठूलो अन्दर रहेको देखाएको छ। प्रारम्भिक स्तन क्यानरको हकमा फ्रान्समा शल्यक्रिया र रेडियोथेरापी ८२ प्रतिशत महिलाले गर्दा जर्जियामा यो सङ्ख्या १३ प्रतिशत मात्र रहेको छ।

क्यानडाका ९० प्रतिशत महिलाले पाठेघरको मुखको क्यान्सरमा केमोथेरापीबाट उपचार गर्दा मङ्गोलियामा यो सङ्ख्या १८ प्रतिशत मात्र रहेको अनुसन्धानबाट खुलासा भएको हो।

त्यस्तै, मेटास्टेटिक डिम्बाशयको क्यान्सरमा अमेरिकाका ५३ प्रतिशत महिलाले शल्यक्रिया र केमोथेरापीबाट उपचार गर्दा क्युबामा यो सङ्ख्या नौ प्रतिशत मात्र रहेको छ।

गरीब देशमा उपचारबीचमै छोड्ने समस्याले पनि मृत्युदर बढ़ाएको देखिएको छ।

लण्डन स्कूल अफ् हाइजीन एण्ड ट्रोपिकल मेडिसिनको 'वीनसक्यान्सर' परियोजनाअन्तर्गत गरिएका यस अनुसन्धानले ढिलो पहिचानका लागि जिम्मेवार केही प्रमुख कारक पहिचान गरेको छ।

जसअनुसार, प्राथमिक स्वास्थ्य संरचनाको कमीका कारण नागरिकहरू आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुन पुग्छन्।

स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरजस्ता जाँच गर्ने सुविधाहरूको कमीका कारण पनि रोग ढिलो पत्ता लाग्ने गरेको छ।

स्वास्थ्य सेवामा पहुँच, चेतनाको कमी र महिलाहरूलाई क्यान्सर जाँच गराउनबाट रोक्ने अन्य सामाजिक-सांस्कृतिक चुनौतीहरूले पनि यो दर बढ़ाइरहेको अनुसन्धानमा प्रतिवेदनमा उल्लेख छ।

शोधकर्ताहरूले ३९ देशका दुई लाख ७५ हजारभन्दा बढ़ी महिलाहरूको तथ्याङ्कको विश्लेषण गरेर यो निष्कर्ष निकालेका हुन्। यसमा निदान, उपचार र अन्तरराष्ट्रिय दिशानिर्देशहरूको पालनासँग जोड़िएका प्रवृत्तिहरूको मूल्याङ्कन गरिएको थियो।

मोटोपनको कुरामा किन महिलाहरू बढ़ी चिन्तित हुन्छन्?

मोटोपनले महिलामा पुरुषको तुलनामा बढ़ी मानसिक तनाउ र सामाजिक भेदभाव निम्त्याउँछ, जसले आत्मसम्मान र मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छ।

मोटोपन एक स्वास्थ्य समस्या मात्र होइन, यो सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक दृष्टिकोणबाट पनि गहन प्रभाव पार्ने मुद्दा हो। विशेष गरी मोटोपनले पुरुषहरूको तुलनामा महिलाहरूमा बढ़ी तनाउ निम्त्याउँछ। यसको कारण महिलाको शारीरिक सुन्दरताको मापदण्डलाई पातलो र आकर्षक शरीरसँग जोड्ने सामाजिक अपेक्षा हो।

मोटोपनले महिलाहरूलाई बढ़ी तनाउ दिनुका पछाड़ि सामाजिक अपेक्षा, मानसिक स्वास्थ्य प्रभाव, लैङ्गिक भेदभाव, स्वास्थ्य जोखिम, शारीरिक असुविधा र हर्मोनल असन्तुलनजस्ता बहुआयामिक कारणहरू छन्।

सामाजिक र सांस्कृतिक दबाउ

समाज र संस्कृतिमा महिलाको शारीरिक सुन्दरताको मापदण्ड प्रायः पातलो र आकर्षक शरीरसँग जोड़िएको हुन्छ। मिडिया, विज्ञापन र सामाजिक सञ्जालले यस्ता सौन्दर्य मापदण्डलाई प्रोत्साहन गर्छन्, जसले मोटोपन भएका महिलालाई आफ्नो शरीरप्रति असन्तुष्टि हुने र तनाउ उत्पन्न गराउँछ।

पुरुषको तुलनामा महिलाहरूलाई यो दबाउ बढ़ी सहनुपर्छ। एक मेटा-एनालिसिसले पनि यो देखाएको छ- मोटोपन भएका व्यक्तिहरू आफ्नो शरीरप्रति बढ़ी असन्तुष्ट हुन्छन् र यो असन्तुष्टि महिलामा बढ़ी प्रचलित हुन्छ किनभने सामाजिक अपेक्षाहरूले महिलालाई शारीरिक रूपमा 'सुन्दर' हुनुपर्ने दबाउ दिन्छ।

यसबाहेक, मिडियाले प्रचारित अवास्तविक छविले महिलाहरूमा शरीरको छविसँग सम्बन्धित तनाउ बढ़ाउँछ, जसले मानसिक स्वास्थ्यलाई प्रभावित गर्छ।

सामाजिक सञ्जालमा देखाइने आदर्श शरीरका छविहरूले महिलाहरूलाई निरन्तर तुलना गर्न बाध्य बनाउँछन्। विशेष गरी सुत्केरीपछि छिट्टै तौल घटाउने ट्रेन्डले थप दबाउ सिर्जना गर्छ। यसले महिलाहरूलाई आफूलाई अपर्याप्त ठान्न बाध्य बनाउने मनोविद् गृष्मा पनेरू बताउँछिन्।

आत्मसम्मान र मानसिक स्वास्थ्य

मोटोपन भएका महिलाहरू प्रायः आफ्नो शारीरिक बनावटप्रति हीनताबोध गर्छन्, जसले आत्मविश्वास कम गर्ने पनेरू बताउँछिन्। ''यो अवस्थाले अवसाद, चिन्ता र तनाउजस्ता मानसिक स्वास्थ्य समस्याहरूलाई बढ़ावा दिन्छ' पनेरू भन्छिन्, ''सामाजिक भेदभाव वा आलोचनाले यो तनाउलाई झन् बढ़ाउँछ।''

तनाउलाई सामना गर्न महिलाहरूले उच्च क्यालोरीयुक्त खाना खाने वा व्यायाम नगर्ने गर्दा यसले मोटोपन र तनाउको चक्रलाई थप बढ़ाउने अनुसन्धानहरूले देखाएको उनको भनाइ छ।

यसबाहेक, महिलाहरूमा मोटोपनले मानसिक स्वास्थ्य समस्याजस्तै अवसादको जोखिम बढ़ाउँछ, जसमा लिङ्गमा आधारित तनाउ प्रतिक्रिया प्रमुख हुन्छ र यो पुरुषहरूमा कम देखिन्छ।''

मोटोपनले महिलामाथि पर्ने मानसिक दबाउ शरीरको कारणले मात्र होइन, समाजले महिलाको शरीरलाई हेर्ने दृष्टिकोण, टिप्पणी र अपेक्षाहरूका कारण भएको उनले बताइन्।

पनेरूका अनुसार महिलामा मोटोपनको समस्या देखिने र शारीरिक बनावटमा परिवर्तन हुने मुख्य तीनवटा कारण हुन्छन्। पहिलो महिनावारीको समयमा शरीरमा परिवर्तन हुन्छ। त्यसपछि दोस्रो गर्भ अवस्थामा र तेस्रो रजनोवितृको समयमा। यी तीनवटा अवस्थामा महिलाको शरीरमा परिवर्तन हुन्छ। विशेषगरी गर्भावस्था र सुत्केरीपछि छः महिना पछाड़ि तौल कम गर्नुपर्छ भन्ने खालको मानसिकताको विकास भएको छ।

''यदि कसैको नानी जन्मिसक्यो त्यस पछाड़ि छः महिना एक वर्षसम्म पनि तौल नियन्त्रण भएन भने तौल घटाउन पर्छ भन्ने दबाउ दिन थालिन्छ''-पनेरू भन्छिन्, ''नानी जन्मेको धेरै समय भइसक्यो तैपनि मोटी नै छौ त भन्ने प्रश्न गरिन्छ।''

लैङ्गिक असमानता र भेदभाव

मोटोपन भएका महिलाहरूलाई कार्यस्थल, सामाजिक समारोह वा व्यक्तिगत सम्बन्धमा भेदभावको सामना गर्नुपर्ने सम्भावना बढ़ी हुन्छ। यो भेदभावले आत्मविश्वासमा कमी ल्याउँछ र तनाउको स्तर बढ़ाउँछ। मोटोपन भएका महिलाहरूले पुरुषहरूको तुलनामा बढ़ी तनाउपूर्ण घटनाहरू अनुभव गर्छन्, जसमा सामाजिक भेदभाव र कार्यस्थलमा असमानता प्रमुख छन्।

यसको उदाहरण दिँदै मनेविद् पनेरु भन्छिन्, ''मध्यम मोटोपन भएका महिलाहरूले सामान्य तौल भएका महिलाहरूको तुलनामा बढ़ी असमानताहरू सामना गर्छन्, जबकि पुरुषहरूमा यो प्रभाव कम हुन्छ।''

यसले लैङ्गिक असमानताको कारणले महिलाहरूमा तनाउको स्तरलाई थप बढ़ाउँछ। समाजमा महिलाहरूलाई सुन्दरताको आधारमा मूल्याङ्कन गर्ने प्रवृत्तिले यो भेदभावलाई बढ़ावा दिन्छ, जसले महिलाहरूलाई निरन्तर तनाउमा राख्छ।

स्वास्थ्यसम्बन्धी चिन्ता

मोटोपनले मधुमेह, उच्च रक्तचाप, हृदय रोग र प्रजनन स्वास्थ्य समस्याजस्तै पीसीओएस जस्ता रोगहरूको जोखिम बढ़ाउँछ। महिलाहरूमा यी स्वास्थ्य समस्याहरूले विशेषगरी गर्भावस्था र प्रजनन क्षमतामा प्रभाव पार्न सक्छ, जसले थप मानसिक तनाउ निम्त्याउँछ।

महिलाहरूमा तनाउ बढ़ी हुँदा कोर्टिसोल हर्मोनको उत्पादन बढ़ाउँछ, जसले चिन्तासँग सम्बन्धित तौल वृद्धि र मोटोपना सम्बन्धित मेटाबोलिक विकारहरू निम्त्याउने मधुमेह, हर्मोन तथा थाइराइड रोग विशेषज्ञ डा. विनय भट्टराई बताउँछन्।

उनका अनुसार यसबाहेक, महिलाहरूमा मोटोपनले प्रजनन स्वास्थ्यमा बढ़ी प्रभाव पार्छ, जसमा गर्भावस्थाका जटिलता र हृदय रोगको जोखिम बढ़ी हुन्छ र यो तनाउको प्रमुख स्रोत बन्छ।

शारीरिक असुविधा र जीवनशैली

मोटोपनले शारीरिक गतिविधिमा कठिनाइ, थकान, जोर्नी दुखाइ र अन्य शारीरिक असुविधाहरू निम्त्याउँछ, जसले दैनिक जीवनलाई प्रभावित गर्छ। घरायसी काम, बच्चाको हेरचाह वा अन्य जिम्मेवारीमा यस्ता समस्याहरूले महिलालाई थप तनाउ दिने मनोविद् पनेरू बताउँछिन्।

महिलाहरूमा शरीरको फ्याट प्रतिशत पुरुषहरूको तुलनामा बढ़ी हुन्छ र यो फ्याट मुख्य रूपमा कम्मर र फिलामा जम्मा हुन्छ, जसले शारीरिक असुविधा र जीवनशैलीमा प्रभाव बढ़ाउँछ। यसबाहेक, तनाउबाट उत्पन्न हुने मस्तिष्कका प्रतिक्रियाहरूले थकान र तनाउसमेत बढ़ाउँछ।

यी असुविधाहरूले महिलाहरूलाई सक्रिय जीवनशैली अपनाउन कठिन बनाउँछ, जसले तौल नियन्त्रणलाई झन् चुनौतीपूर्ण बनाउँछ र तनाउको चक्रलाई जारी राख्ने पनेरूले बताइन्।

हर्मोनल प्रभाव

मोटोपनले महिलाहरूमा हर्मोन असन्तुलनजस्तै इस्ट्रोजनको स्तरमा परिवर्तन निम्त्याउँन सक्छ, जसले मुड स्विङ, चिडचिडापन र तनाउलाई बढ़ाउँछ । यो पुरुषहरूमा कम देखिन्छ।

मोटोपन भएका व्यक्तिहरूमा इन्सुलिनस्तर बढ़ी हुन्छ र तनाउले यो स्तरलाई थप बढ़ाउँछ, जसले महिलाहरूमा हर्मोनल परिवर्तनहरू बढ़ी प्रभावकारी बनाउने डा.भट्टराईले बताए। डा.भट्टराईअनुसार महिलाहरूमा मोटोपनका कारणहरू पुरुषहरूभन्दा फरक हुन्छन्, जसमा हर्मोनल र तनाउ-सम्बन्धित कारकहरू प्रमुख छन्।

विमान अपहरण प्रयास प्रकरण: इजरायलको बेन गुरियन विमानस्थल मुख्य निशानामा रहेको खुलासा

दुबई, ६ अक्टोबर: दुबईबाट तेलअविवतर्फ उडिरहेको फ्लाई दुबईको विमानमा भएको अपहरणको प्रयासका मुख्य योजनाकार भनिएका सह–पाइलट हमाम अल–हमामीले इजरायलको बेन गुरियन अन्तरराष्ट्रिय विमानस्थललाई नै मुख्य निशाना बनाउन खोजेको आशङ्का गरिएको छ। सीएनएनका अनुसार इजरायली अधिकारीहरूले यो घटनाको अनुसन्धान गरिरहेका छन्। गत सेप्टेम्बर ३० मा साउदी अरबको आकाशमा भएको उक्त अपहरण प्रयासका क्रममा हमामीले ककपिटमा रहेका पाइलट स्मिथ माच्छरमाथि कुल्हारीले आक्रमण गरेका थिए।

तर, पाइलट र विमानमा सवार केही यात्रुहरूको साहसका कारण हमामीलाई नियन्त्रणमा लिन सफल भएपछि ठूलो दुर्घटना टरेको थियो।

सीएनएनले जनाएअनुसार, अहिलेसम्मको अनुसन्धानमा हमामीले एक्लै यो घटना घटाएको देखिएको छ। हालसम्म उनले कुनै पनि आतङ्कवादी सङ्गठनबाट तालिम लिएको वा उक्त सङ्गठनले यो आक्रमणका लागि आर्थिक सहयोग गरेको प्रमाण फेला परेको छैन। संयुक्त अरब इमिरेट्स (यूएई) का महान्यायाधिवक्ताले यो घटनालाई 'आतङ्कवादी कार्य' भन्दै अनुसन्धान जारी राखेका छन्। अनुसन्धानका क्रममा हमामी यसअघि ओमानको राष्ट्रिय विमान सेवामा कार्यरत रहेको र उनको 'कट्टरपन्थी विचार' का कारण उनलाई पाइलटको तालिमबाट हटाई प्रशासनिक काममा लगाइएको तथ्य सार्वजनिक भएको छ। दुई देशका कड़ा सुरक्षा प्रोटोकलहरूलाई छलेर हमामी कसरी ककपिटसम्म पुग्न सफल भए भन्ने विषयले सुरक्षा निकायहरूमा प्रश्न उठाएको छ।

इजरायली सञ्चारमाध्यम 'च्यानल १२ न्यूज' ले पनि तेलअविवस्थित बेन गुरियन विमानस्थल नै अपहरणकारीको मुख्य लक्ष्य भएको रिपोर्ट सार्वजनिक गरेको थियो। घटनाको जानकारी पाउनासाथ इजरायलले आफ्ना लड़ाकु विमानहरू 'अलर्ट' मा राखेको थियो। अहिले यूएईले उक्त घटनाको मुख्य अनुसन्धानको नेतृत्व गरिरहेको छ। इजरायली यातायात मन्त्रालयले भने हालको सुरक्षा प्रक्रियामा पाइलटको नाम 'स्क्यानिङ' गर्ने प्रावधान नभएको स्वीकार गर्दै यस घटनापछि सुरक्षा नीतिबारे पुनरावलोकन गर्नुपर्ने सङ्केत गरेको सीएनएनको समाचारमा उल्लेख छ।

पूर्व राजकुमार एन्ड्र्यूद्वारा एपस्टाइन प्रकरणसम्बन्धी खानतलासी आदेश खारेज गर्न कानुनी चुनौती



लण्डन, ६ अक्टोबर: विवादमा परेका पूर्वराजकुमार एन्ड्र्यू माउन्टब्याटन–विन्डसरले आफ्ना शाही निवासमा खानतलासी गर्न जारी गरिएका आदेश खारेज गर्न माग गर्दै कानुनी प्रक्रिया शुरु गरेको छ। बेलायती न्यायपालिकाले सोमबार यसको पुष्टि गरेको छ। न्यायपालिकाका अनुसार यससम्बन्धी गोप्य सुनुवाइ बिहीवार उच्च अदालतमा हुनेछ। एन्ड्र्यूले लण्डनको पश्चिममा रहेको विन्डसर र पूर्वी इङ्ल्याण्डको स्यान्ड्रिङहमस्थित आफ्ना निवासमा खानतलासी गर्न जारी गरिएका आदेशलाई चुनौती दिएको हो। पुलिसले एन्ड्र्यूलाई १९ फरवरीमा उनको ६६औँ जन्मदिनका दिन पक्राउ गरेको थियो। उनीमाथि अमेरिकी यौन अपराधी जेफ्री एपस्टाइनसँगको सम्बन्ध र सार्वजनिक पदको दुरुपयोगसम्बन्धी आरोपमा अनुसन्धान भइरहेको छ।

घण्टौँको सोधपुछपछि उनलाई सोही दिन रिहा गरिएको थियो। यद्यपि, उनीमाथिको अनुसन्धान जारी छ। एन्ड्र्यूले एपस्टाइनसँगको सम्बन्धमा कुनै गलत काम नगरेको दाबी गर्दै आएका छन्। उहाँको गिरफ्तारीपछि राजा चार्ल्स तृतीयले 'कानुनले आफ्नो बाटो लिनुपर्छ' भन्दै प्रतिक्रिया दिएका थिए। 'द डेली टेलिग्राफ'का अनुसार सन् १६४९ मा राजा चार्ल्स प्रथममाथि चलेको मुद्दापछि बेलायती राजपरिवारका कुनै सदस्यले आफूविरुद्धको फौजदारी कारबाहीको वैधतालाई चुनौती दिएको यो पहिलो घटना हो। एन्ड्र्यूको कानुनी टोलीले लन्डनस्थित सेन्ट्रल क्रिमिनल कोर्टका न्यायाधीशले जारी गरेका खानतलासी आदेश कानुनसम्मत थिए वा थिएनन् भन्ने विषयमा अदालतको समीक्षा मागेको बताइएको छ।

न्यायिक पुनरवलोकन

बेलायती न्यायपालिकाको प्रेस कार्यालयले एन्ड्र्यूले 'न्यायिक पुनरावलोकन'का लागि निवेदन दिएको जनाएको छ। निवेदनमा १८ फरवरी २०२६ मा सेन्ट्रल क्रिमिनल कोर्टका न्यायाधीशले जारी गरेका खानतलासी आदेश खारेज गर्न माग गरिएको छ। एन्ड्र्यूको गिरफ्तारी र उनका निवासमा गरिएको खानतलासीले विवाद थप चर्किएको छ। एपस्टाइनसँगको सम्बन्धका कारण गत वर्ष नै उनलाई शाही उपाधिबाट वञ्चित गरिएको थियो र विन्डसरस्थित निवासबाट हटाइएको थियो। बेलायती सरकारले उनलाई राजगद्दीको उत्तराधिकार क्रमबाट हटाउन कानुन ल्याउनेबारे समेत विचार गरिरहेको छ। एपस्टाइनमाथि आरोप लगाउनेमध्येकी भर्जिनिया ज्युफ्रेले आफ्ना संस्मरणमा आफू किशोरी हुँदा एन्ड्र्यूसँग यौनसम्पर्क गराउन आफूलाई तीन पटक मानव तस्करी गरिएको दाबी गरेकी थिइन्। एन्ड्र्यूले उक्त दाबी अस्वीकार गर्दै आएका छन्। उनले कुनै दायित्व स्वीकार नगरी सन् २०२२ मा ज्युफ्रेले दायर गरेको अमेरिकी देवानी मुद्दा टुङ्गिएको थियो। थेम्स भ्याली पुलिसको हालको अनुसन्धान यस वर्षको शुरुमा अमेरिकाले सार्वजनिक गरेका एपस्टाइनसम्बन्धी कागजातबाट प्राप्त नयाँ सूचनामा आधारित रहेको बताइएको छ। ती कागजातमा रहेका इमेलमा एन्ड्र्यूले एपस्टाइनसँग सम्भावित रूपमा गोप्य मानिने जानकारी साझा गरेको देखिएको थियो।

एपस्टाइनका इमेल

एएफपीले हेरेको नोभेम्बर २०१० को एउटा इमेलमा एन्ड्र्यूले एपस्टाइनलाई विभिन्न एसियाली देशको आफ्नो भ्रमणसम्बन्धी प्रतिवेदन पठाएको देखिएको थियो। एपस्टाइनलाई सन् २००८ मा अमेरिकामा नाबालिगलाई वेश्यावृत्तिमा लगाएको अभियोगमा दोषी ठहर गरिएको थियो। बेलायतका कम्तीमा नौ पुलिस निकायले एपस्टाइनसम्बन्धी आरोपको अनुसन्धान गरिरहेको पुष्टि गरेका छन्। ती अनुसन्धानमध्ये केही एन्ड्र्यूसँग सम्बन्धित छन्। अनुसन्धानका क्रममा जनवरीमा अमेरिकी अधिकारीले सार्वजनिक गरेका एपस्टाइनसम्बन्धी करिब ३० लाख फाइलको प्रयोग भइरहेको छ।

तीमध्ये थेम्स भ्याली पुलिसको अनुसन्धान सबैभन्दा अघि बढ़ेको देखिन्छ। पुलिसले एन्ड्र्यूलाई पक्राउ गर्न पूर्वी इङ्ल्यान्डको स्यान्ड्रिङहमस्थित शाही सम्पत्तिमा रहेको उहाँको घर र लन्डनको पश्चिममा विन्डसरस्थित उनको पूर्वआवास 'रोयल लज'मा खानतलासी गरेको थियो। विन्डसरस्थित निवासमा गरिएको खानतलासी छ दिनसम्म चलेको थियो। एन्ड्र्यूको कानुनी चुनौतीबारे प्रतिक्रिया दिँदै थेम्स भ्याली पुलिसले सार्वजनिक पदमा रहँदा भएको दुराचारसम्बन्धी अनुसन्धान जारी रहेको जनाएको छ। पुलिसले यसअघि जारी गरिएका खानतलासी आदेशसँग सम्बन्धित कानुनी प्रक्रियामा आफूहरू सङ्लग्न रहेको पनि जनाएको छ। कानुनी प्रक्रिया चलिरहेकाले यस विषयमा थप टिप्पणी गर्नु उचित नहुने पुलिसले बताएको छ।

नाइजेरियामा सैन्य विमान दुर्घटना, ३२ जनाको मृत्यु

अबुजा, ६ अक्टोबर: नाइजेरियाका राष्ट्रपति बोला टिनुबुले सोमवार देशको दक्षिणपश्चिमी ओन्डो राज्यमा भएको सैन्य विमान दुर्घटनामा विमानमा सवार ३२ जनाको निधन भएको पुष्टि गरेका छन्।

उड्डयन तथा एरोस्पेस विकास मन्त्री फेस्टस केयामोका अनुसार २५ जना यात्रु र सात जना चालक दलका सदस्य सवार रहेको उक्त सैन्य विमान ओण्डो राज्यको नदी किनारमा अवस्थित इग्बोकाड़ा समुदायको नौसैनिक आधार नजिक दुर्घटनाग्रस्त भएको हो। राष्ट्रपति टिनुबुले जारी गरेको छुट्टै विज्ञप्तिमा यो सशस्त्र बल तथा सम्पूर्ण राष्ट्रका लागि अत्यन्तै दुःखद् क्षण भएको बताए।

उनले दुर्घटनामा ज्यान गुमाएका वायुसेनाका सदस्यहरूको बलिदान कहिल्यै बिर्सन नसकिने उल्लेख गरे। नाइजेरियाली वायुसेनाका अनुसार शुरुमा हेलिकोप्टर भएको अनुमान गरिएको उक्त विमान दुई इन्जिनयुक्त टर्बोप्रप विमान रहेको पुष्टि भएको छ। उक्त विमान दक्षिणी नाइजेरियाको बेनिन शहरबाट लागोसतर्फ नियमित उड़ानमा रहेका बेला दुर्घटनामा परेको हो। राष्ट्रपति टिनुबुले दुर्घटनापछि तत्काल खोज तथा उद्धार अभियान सञ्चालन गर्नुभएकोमा वायुसेनाको प्रशंसा गरे।

महँगो इन्धनका कारण विद्युतीय कारतर्फ आकर्षित हुँदै बेलायती उपभोक्ता

लण्डन, ६ अक्टोबर: बेलायतमा नयाँ कारको बिक्री सेप्टेम्बरमा उल्लेख्य रूपमा बढ़ेको छ। नयाँ कार दर्ता लगातार १० महिनादेखि बढ़िरहेको छ। सेप्टेम्बरको बिक्री सन् २०१७ यताकै सबैभन्दा धेरै भएको छ। सेप्टेम्बरमा बेलायतमा ३ लाख ५० हजार ५३६ नयाँ कार दर्ता भए। यो अघिल्लो वर्षको सेप्टेम्बरभन्दा १२ प्रतिशत बढ़ी हो। विद्युतीय र अन्य विद्युतीकृत कारको बिक्रीले बजार बढ़ाउन ठूलो भूमिका खेलेको छ। यस्ता कारले कुल नयाँ कार दर्ताको ५८.४ प्रतिशत हिस्सा ओगटेका छन्। प्लग–इन हाइब्रिड कारको दर्ता ५५.५ प्रतिशतले बढ़ेको छ। त्यस्तै, ब्याट्रीबाट चल्ने विद्युतीय कारको बिक्री ३६.३ प्रतिशतले बढ़ेर ९९ हजार २०१ थान पुगेको छ। बेलायतमा अहिले विद्युतीय कारका १७८ वटा नमुना बिक्रीका लागि उपलब्ध छन्। सन् २०२३ यता यस्ता कारका विकल्प दोब्बरभन्दा बढ़ी भएका छन्। बढ्दो कारका विकल्प र महँगो इन्धनका कारण मानिसहरू विद्युतीय कारतर्फ आकर्षित भइरहेको बताइएको छ। तर, सन् २०२६ का लागि तोकिएको विद्युतीय कारको बिक्री लक्ष्य भने अझै पूरा भएको छैन। यस वर्षको पहिलो नौ महिनामा विद्युतीय कारले कुल नयाँ कार दर्ताको २६.२ प्रतिशत हिस्सा मात्र ओगटेका छन्। लक्ष्य भने ३३ प्रतिशत रहेको छ।

अमेरिका–बेलायतका दुई घटनामा इरानमाथि आशङ्का, अनुसन्धान जारी

लण्डन, ६ अक्टोबर: बेलायत र अमेरिकाका नेताहरूले यसै साता भएका दुई सुरक्षा घटनामा इरानको सम्भावित संलग्नताको सङ्केत गरेका छन्। तर शुक्रवारसम्म दुवै घटनामा इरानको प्रत्यक्ष भूमिका पुष्टि गर्ने प्रमाण सार्वजनिक भएको छैन। बेलायतमा अमेरिकी सेनाले प्रयोग गर्ने सैन्य विमानस्थल नजिक केही व्यक्तिलाई पक्राउ गरिएको घटना र इजरायलतर्फ गइरहेको विमानको चालक कक्षमा भएको आक्रमणबारे सम्बन्धित निकायले अनुसन्धान गरिरहेका छन्। अनुसन्धान प्रारम्भिक चरणमै रहेकाले घटनाको वास्तविक कारणबारे अझै स्पष्ट निष्कर्ष आइसकेको छैन। बेलायतको सैन्य विमानस्थल नजिक भएको घटनामा पुलिसले बेलायती तथा इरानी दुवै नागरिकता भएका २५ वर्षीय एक व्यक्तिलाई आतङ्कवादी आक्रमणको तयारी गरेको आशङ्कामा पक्राउ गरेको छ। अन्य पाँच जनालाई धरौटीमा रिहा गरिएको छ।

पुलिसले विमानस्थल नजिक रहेका केही गाडीबाट पेट्रोलजस्तो ज्वलनशील पदार्थ भेटिएको जनाएको छ। तर विस्फोटक पदार्थ भने फेला नपरेको बताइएको छ। इरानले उक्त घटनामा आफ्नो कुनै संलग्नता नरहेको स्पष्ट पारेको छ। इरानी अधिकारीहरूले बेलायतसँग घटनाबारे औपचारिक जानकारी मागेका छन्। यसैबिच, इजरायलतर्फ जाँदै गरेको विमानमा भएको घटनामा पनि इरानको सम्भावित सम्बन्धबारे चर्चा भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सहचालकको इरानसँग सम्बन्ध हुन सक्ने सङ्केत गरेका छन्। तर घटनाको अनुसन्धानमा संलग्न अधिकारीहरूले अहिलेसम्म इरानसँग सम्बन्ध पुष्टि गर्ने प्रमाण नभेटिएको बताएका छन्। सम्बन्धित घटनामा इरानको भूमिका रहेको दाबी पुष्टि भएमा त्यसले क्षेत्रीय सुरक्षा अवस्थाबारे थप प्रश्न उठाउन सक्ने विश्लेषण गरिएको छ। अहिले दुवै घटनाबारे अनुसन्धान जारी रहेको छ।

अमेरिकी रक्षा मन्त्रालयले एन्थ्रोपिकका एआई उपकरण प्रयोग गर्न छाड्यो

न्यूयोर्क, ६ अक्टोबर: अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन)ले एआई कम्पनी एन्थ्रोपिकका उपकरण प्रयोग गर्न पूर्ण रूपमा बन्द गरेको छ। पेन्टागनका एक अधिकारीले सोमवार एन्थ्रोपिकका उत्पादनको प्रयोग बन्द गरिएको पुष्टि गरेका हुन्। अमेरिकी रक्षामन्त्री पिट हेगसेथले गत फरवरीमा एन्थ्रोपिकलाई राष्ट्रिय सुरक्षाका लागि 'सप्लाई चेन जोखिम' घोषणा गर्दै अगस्टको अन्त्यसम्ममा कम्पनीका एआई उपकरण प्रयोग बन्द गर्ने बताएका थिए। तर, एन्थ्रोपिकको 'क्लाउड' एआई मोडल पछिल्लो सातासम्म पनि पेन्टागनमा अनुसन्धान, विश्लेषण, गुप्तचर सूचना सङ्कलन तथा सैन्य कारबाहीमा प्रयोग भइरहेको स्रोतहरूले बीबीसीलाई बताएका छन्। पेन्टागनले एन्थ्रोपिकलाई एआईका सुरक्षा मापदण्ड हटाएर सैन्य प्रयोजनमा निर्बाध प्रयोग गर्न दिन दबाब दिएको थियो। कम्पनीले व्यापक निगरानी र स्वचालित हतियारको सम्भावित प्रयोगबारे चिन्ता जनाउँदै त्यसलाई अस्वीकार गरेपछि पेन्टागनले कम्पनीलाई राष्ट्रिय सुरक्षा जोखिमको सूचीमा राखेको थियो। एन्थ्रोपिकको 'क्लाउड' एआई अमेरिकी रक्षा प्रणाली 'माभेन स्मार्ट सिस्टम'मा समेत एकीकृत थियो। माभेन प्रणालीमार्फत उपग्रह तस्वीर र ड्रोन फुटेजलगायतका सूचना विश्लेषण गर्न एआई प्रयोग हुँदै आएको थियो। एन्थ्रोपिकसँगको विवादबीच पेन्टागनले गुगल, एक्सएआई र ओपनएआईलगायत अन्य प्रविधि कम्पनीसँग भने सम्झौता गरेको छ।

अमेरिकामा दादुरा सङ्क्रमण बढ्दै, न्यूयोर्कमा आपत्काल

न्यूयोर्क, ६ अक्टोबर: अमेरिकाको न्यूयोर्क राज्यमा दादुराको प्रकोप बढ़ेपछि राज्यभर आपत्काल घोषणा गरिएको छ। न्यूयोर्कको गभर्नर क्याथी होकुलले राज्यका विभिन्न क्षेत्रमा दादुराका बिरामीको सङ्ख्या बढ़ेपछि आपत्काल घोषणा गरेका हुन्। यस वर्ष न्यूयोर्क राज्यमा अहिलेसम्म १०८ जनामा दादुरा पुष्टि भएको छ। तीमध्ये ९२ जना जुलाई १५ पछि सङ्क्रमित हुनुभएको हो। धेरैजसो सङ्क्रमित कम खोप लगाइएका ग्रामीण क्षेत्रका बासिन्दा छन्।

न्यूयोर्क शहरमा पनि ७ जनामा दादुरा पुष्टि भएको छ। छिमेकी राज्य पेन्सिलभेनियामा पनि दादुराको सङ्क्रमण बढ़िरहेको छ। त्यहाँ यस वर्ष अहिलेसम्म ३९ जिल्लामा १ हजार ४ जनामा दादुरा पुष्टि भएको छ। दादुरासँग सम्बन्धित ५ जनाको मृत्यु भएको जनाइएको छ।

न्यूयोर्क सरकारले दादुराविरुद्धको खोप लगाउन अनुमति पाएका स्वास्थ्यकर्मीको सङ्ख्या बढ़ाएको छ। साथै, नागरिकलाई स्थानीय क्षेत्रमा दादुराको जोखिमबारे जानकारी दिन विशेष सूचना प्रणाली सञ्चालनमा ल्याएको छ। घोषणा गरिएको आपत्काल नोभेम्बर ४ सम्म लागू हुने बताइएको छ। अमेरिकामा अक्टोबर १ सम्म यस वर्ष ३ हजार ८८७ जनामा दादुरा पुष्टि भएको छ। स्वास्थ्य अधिकारीहरूले दादुराबाट सुरक्षित रहन दुई मात्रा दादुरा, गलगण्ड र रुबेलाविरुद्धको खोप लगाउन सुझाव दिएका छन्। अमेरिकाका विद्यालय जाने बालबालिकामा खोप लगाउने दर पछिल्ला वर्षमा घटेको छ। सन् २०२५–२६ को शैक्षिक वर्षमा खोप लगाउने दर ९२.४ प्रतिशत रहेको छ। स्वास्थ्य अधिकारीहरूले कम्तीमा ९५ प्रतिशत बालबालिकाले खोप लगाउनुपर्ने लक्ष्य राखेका छन्।

फेसबुकमा लेख्दा साउदी अरबमा मृत्युदण्डको सजाय

अबुधाबी, ६ अक्टोबर: साउदी अरबमा फेसबुकमा इस्लाम र पैगम्बर मोहम्मदबारे आपत्तिजनक टिप्पणी गरेको आरोपमा २४ वर्षीय श्रीलङ्काली आप्रवासी कामदार अनुजन सिवारासालाई मृत्युदण्डको सजाय सुनाइएको छ। अपील अदालतले शरिया कानुनअन्तर्गत मुद्दा अघि बढ़ाउँदै मृत्युदण्डको फैसला गरेको हो। यसअघि उनलाई पाँच वर्ष जेल र ३० लाख साउदी रियाल जरिवानाको सजाय सुनाइएको थियो। श्रीलङ्काली नागरिक सिवारासाले श्रीलङ्कामा धार्मिक विवादका क्रममा फेसबुकमा तमिल भाषामा पैगम्बर मोहम्मदबारे आपत्तिजनक टिप्पणी गरेका थिए। उनले उक्त टिप्पणी तत्काल हटाएर माफीसमेत मागेका थिए। तर, टिप्पणीको स्क्रिनसट रोजगारदाता र साउदी अधिकारीसमक्ष पुगेपछि उनलाई जुलाईमा पक्राउ गरिएको थियो। श्रीलङ्काली सरकारले उनलाई आममाफी दिलाउन कूटनीतिक पहल गरिरहेको जनाएको छ। परिवारले भने सेप्टेम्बर २८ यता उनीसँग सम्पर्क हुन नसकेको बताएको छ। साउदी सरकारले मृत्युदण्ड कार्यान्वयनको मिति भने सार्वजनिक गरेको छैन।

डिजेलको मूल्य घटाउन ट्रम्पले कर छुट दिने निर्णय लिए

न्यूयोर्क, ६ अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले डिजेलको बढ्दो मूल्य घटाउन कर छुट दिने उद्देश्यसहित कार्यकारी आदेश जारी गरेका छन्। ट्रम्पले सोमबार जारी गरेको आदेशले 'रेड–डाइड डिजेल' अर्थात् कर छुट दिइएको डिजेललाई अस्थायी रूपमा राजमार्गमा चल्ने सवारीसाधनमा समेत प्रयोग गर्न अनुमति दिनेछ। यसबाट ट्रक चालक, किसान तथा निर्माण क्षेत्रमा डिजेलको लागत घट्ने अपेक्षा गरिएको छ। ह्वाइट हाउसका अनुसार वर्षको अन्त्यसम्म राजमार्गमा प्रयोग हुने 'रेड–डाइड डिजेल'मा लाग्ने सङ्घीय करको भुक्तानी स्थगित गरिनेछ। हाल अमेरिकामा राजमार्गमा प्रयोग हुने डिजेलमा प्रतिग्यालेन २४.४ सेन्ट सङ्घीय कर लाग्छ भने राज्यगत कर औसत ३५.५ सेन्ट रहेको छ।

अमेरिकामा डिजेलको मूल्य पछिल्लो समय तीव्र रूपमा बढ़ेको छ। सेप्टेम्बर २२ मा प्रतिग्यालेन ६.५३ डलरसम्म पुगेको डिजेलको राष्ट्रिय औसत मूल्य सोमबार ६.३२ डलर थियो। ट्रम्पले कर छुटको व्यवस्थाले ढुवानी तथा खाद्यान्नलगायत वस्तुको लागतसमेत घटाउन सहयोग पुग्ने बताएका छन्। यद्यपि, ऊर्जा विज्ञहरूले कर छुटले तत्काल केही राहत दिए पनि विश्वव्यापी रिफाइनरी अभावका कारण बढ़ेको डिजेल मूल्यको मूल समस्या समाधान नगर्ने बताएका छन्।

इरानका तेलमन्त्रीले दिए राजीनामा

तेहरान, ६ अक्टोबर: संयुक्त राज्य अमेरिकाले इरानको पेट्रोलियम निर्यात रोक्न कड़ा नौसैनिक नाकाबन्दी जारी राखेका बेला इरानका तेलमन्त्री मोहसेन पाकनेजादले राजीनामा दिएका छन्। राष्ट्रपति मसुद पेजेस्कियानले उनको राजीनामा स्वीकृत गर्दै राष्ट्रिय इरानी तेल कम्पनी (एनआइओसी) का प्रमुख हमिद बोवार्डलाई कार्यवाहक तेलमन्त्री नियुक्त गरेका थिए। इरानी सरकारी सञ्चारमाध्यम आइआरआइबीका अनुसार पाकनेजादले व्यक्तिगत कारण देखाउँदै पदबाट हट्न प्रस्ताव गरेका थिए। राष्ट्रपतिले शुरुमा पदमै रहन आग्रह गरेको भए पनि उनले अड़ान नछाड़ेपछि राजीनामा स्वीकृत गरिएको हो। राष्ट्रपति पेजेस्कियानले उनको प्रयास र सेवाको प्रशंसा गरेका छन्। इरानको तेल क्षेत्रमा नेतृत्व परिवर्तन अमेरिकी दबाब बढ़िरहेका बेला भएको हो। मध्यपूर्व युद्धका क्रममा हर्मुज जलघाँटी महत्त्वपूर्ण समुद्री मार्ग बनेको छ। यो जलमार्गबाट युद्धअघि विश्वव्यापी कच्चा तेल र तरलीकृत प्राकृतिक ग्यासको करिब २० प्रतिशत ढुवानी हुने गरेको थियो।

इरानी तेल आम्दानी रोक्नु अमेरिकी आर्थिक रणनीतिको प्रमुख उद्देश्य बनेको छ। अमेरिकी अर्थ मन्त्रालयले शुक्रवार इरानको अटोमोटिभ र रेल उद्योगलाई लक्षित गर्दै नयाँ प्रतिबन्ध घोषणा गरेको छ। अर्थमन्त्री स्कट बेसेन्टले प्रतिबन्धले इरानको युद्ध सञ्चालन गर्ने वित्तीय क्षमता कमजोर पार्ने बताएका छन्। यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आणविक हतियार विकास गर्ने महत्त्वाकाङ्क्षा लगभग त्यागिसकेको दाबी गरेका छन्।

थाइल्याण्डमा थप वर्षाको चेताउनी, बाढ़ीबाट मृत्यु हुनेको सङ्ख्या ३१ पुग्यो

बेङ्कोक, ६ अक्टोबर: सेप्टेम्बरको मध्यदेखि देशभर आएको बाढ़ीबाट मृत्यु हुनेको सङ्ख्या ३१ पुगेपछि थाइल्याण्डका अधिकारीले थप वर्षा र आकस्मिक बाढ़ीको जोखिमबारे चेतावनी दिएका छन्। थाइल्याण्डको मौसम विज्ञान विभागका अनुसार सोमवारदेखि बुधवारसम्म देशको माथिल्लो भेगका अधिकांश क्षेत्रमा चट्याङसहितको वर्षा र भारी वर्षा हुने सम्भावना छ। यसका कारण विशेषगरी होचा भू–भागमा आकस्मिक बाढ़ीको जोखिम बढ्ने विभागले जनाएको छ। सप्ताहन्तमा राजधानी ब्याकसहित मध्य, पूर्वी र दक्षिणी क्षेत्रका केही भागमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको छ।

गत साता लगातारको मुसलधारे वर्षापछि ब्याकका धेरै क्षेत्र डुबानमा परेका थिए। बाढ़ीका कारण हजारौँ मानिस विस्थापित हुनुका साथै जनजीवनमा गम्भीर असर परेको थियो। केही होचा क्षेत्रमा अझै पानी जमेको भए पनि सहरको अवस्था सुधार हुँदै गएको अधिकारीले बताएका छन्। थप बाढ़ीको जोखिम कम गर्न ब्याङ्कका अधिकारीले विभिन्न उपाय अपनाइरहेका छन्। वर्षाको पानीको निकास क्षमता बढ़ाउन मुख्य नहरबाट थप पानी निकाल्ने तथा उच्च जोखिमयुक्त क्षेत्रमा थप पानी तान्ने पम्प जडान गर्ने काम भइरहेको छ। विपद् रोकथाम तथा न्यूनीकरण विभागका अनुसार सोमवारसम्म देशभर ३५ लाखभन्दा बढ़ी मानिस बाढ़ीबाट प्रभावित भएका छन्। बाढ़ीमा मृत्यु हुने ३१ जनामध्ये चारजना बेङ्कोकका र बाँकी सातवटा अन्य प्रान्तका रहेको विभागले जनाएको छ। बाढ़ीबाट भएको व्यापक क्षतिपछि थाइ सरकारले गत साता पुनर्लाभका लागि चार दशमलव एक अरब भाट (करिब १२ करोड़ २० लाख अमेरिकी डलर)भन्दा बढ़ीको आपत्कालीन कोष स्वीकृत गरेको थियो।

पर्यटन विभागद्वारा चारवटा प्रमुख डिजिटल पहलको शुरुआत

गान्तोक, ६ अक्टोबर (आईपीआर): पर्यटन तथा नागरिक उड्डयन एवं वाणिज्य तथा उद्योग विभागका मन्त्री छिरिङ टी भोटियाको उपस्थितिमा पर्यटन तथा नागरिक उड्डयन विभागले चारवटा प्रमुख डिजिटल पहल शुरु गरेको छ।

पहिलो पहलअन्तर्गत 'एडभेञ्चर फेस्ट वेब पोर्टल'-को शुरुआत गरियो। यो पोर्टल १ देखि ७ नोभेम्बरसम्म नाम्ची जिल्लाको लिङ्खिमटारमा आयोजना हुने साहसिक पर्यटनका लागि तयार पारिएको हो। भिडियो प्रस्तुतीकरणमार्फत यस पोर्टलका विशेषता र कार्यक्षमताबारे जानकारी गराइयो।

दोस्रो पहल 'इन्स्टिट्युट अफ् होटल म्यानेजमेन्ट' (आईएचएम) मा 'ई-अफिस' प्रणालीको कार्यान्वयन रहेको थियो। यसको कार्यान्वयनसँगै आईएचएम पूर्ण रूपमा अनलाइन प्रणालीमा जाने सिक्किमको पहिलो संस्था बन्नेछ।

तेस्रो पहलमा 'सिक्किम पर्यटन विकास निगम' (एसटीडीसी)-मा 'ई-अफिस' प्रणाली अपनाउने कार्य समावेश थियो। एसटीडीसी 'ई-अफिस' अपनाउने राज्यको पहिलो सार्वजनिक क्षेत्रको उपक्रम (पीएसयू) बन्नेछ।

चौथो पहलमा स्तरोन्नति गरिएको 'अतिथि जीआईएस पोर्टल'-को शुभारम्भ हो, जसमा सेवाहरूलाई सरल र व्यवस्थित बनाउने उद्देश्यले विभिन्न विशेषता समावेश गरिएको छ। स्तरोन्नति गरिएको यस पोर्टलमा बुकिङको सरल प्रक्रियाका साथै अतिथिहरूका लागि 'सेल्फ-बुकिङ' सुविधा र तत्काल कारोबारका लागि अनलाइन भुक्तानीको विकल्प पनि समावेश छन्।

यी पहलहरूको शुरुआतपछि मन्त्रीले प्रस्तावित 'ग्रीनफिल्ड एयरपोर्ट'-को वर्तमान अवस्थाबारे पनि जानकारी गराए साथै विशिष्ट व्यक्तिहरूले सिक्किम साहसिक पर्यटन उत्सवको टी-सर्ट र पुस्तिका पनि औपचारिक अनावरण गरे।

कार्यक्रममा पर्यटन तथा नागरिक उड्डयन विभागका अध्यक्ष सोनाम नोर्गे लाचुङ्पा, एसटीडीसीका अध्यक्ष लुकेन्द्र रसाइली, पर्यटन तथा नागरिक उड्डयन विभागका आयुक्त तथा सचिव राज यादव, पर्यटन तथा नागरिक उड्डयन सचिव होण्डाला ग्याल्छेन, प्रधान मुख्य सचिव नीरज प्रधानका साथै विभागका वरिष्ठ अधिकारी र अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

सन्तमेरिज ग्राम सेवा समितिको ३६औँ स्थापना दिवस समारोह

खरसाङ, ६ अक्टोबर: १९९१ सालमा स्थापित खरसाङको सन्तमेरिज ग्राम सेवा समितिले आफ्नो ३६औँ स्थापना दिवस पालन गरेको छ। सन्तमेरिज ग्राम सेवा समितिको नवनिर्मित भवनमा सम्पन्न गरिएको उक्त कार्यक्रमलाई समितिका सभापति रमेश थापाले अध्यक्षता गरेका थिए। कार्यक्रमको आरम्भमा समितिका दिवङ्गत संस्थापक सदस्य/सदस्याहरू साथै वर्ष २०२३ देखि २०२६ को कार्यकालमा दिवङ्गत भएका ३४ जना ग्रामवासीलाई श्रद्धाञ्जली दिँदै एक मिनटको मौन धारण गरियो। ३६औँ स्थापना दिवसको केक काटी कार्यक्रमको शुभारम्भ गरियो। कार्यक्रममा परिनिधि प्रधान र आयुषी राईद्वारा नेपाली नृत्य प्रस्तुत गरिएको थियो भने डम्बर नेवार अनि महेश सिंहद्वारा नेपाली गीत प्रस्तुत गरिएको थियो। उसरी नै राजेश (अजय) सिंहद्वारा गिटारको धुन बजाएर उपस्थित दर्शकलाई मन्त्रमुग्ध बनाए। समितिका मूलसचिव अमर राईले वर्ष २०२३-२०२६ को कार्यकालअवधि भएका कार्यहरूबारे विस्तृत विवरण प्रस्तुत गर्दै सचिवको प्रतिवेदन सभामा सुनाए। यस कार्यकालको वित्तिय विवरण समितिका कोषाध्यक्ष इन्द्रकुमार प्रधानद्वारा प्रस्तुत गरियो। कार्यक्रममा गाउँका १० जना सक्रिय सहयोगी हात (चेलीबेटी) हरू, दुईजना सक्रिय युवा, भवन निर्माणअवधि आर्थिक रूपले सहयोग पुऱ्याउने सातजना सदस्य/सदस्या, समितिका चारजना वरिष्ठ समाजसेवीलगायत १८ जना कार्यकारिणी सदस्य/सदस्यागणलाई संवर्द्धना जनाइयो। समितिका कार्यकारी सदस्य विराज थापाद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रममा समितिका मूल सचिव अमर राईद्वारा स्वागत वक्तव्य राखिएको थियो भने अन्तमा समितिका अध्यक्ष रमेश थापाद्वारा सबै कार्यकारिणी समितिप्रति आभार प्रकट गरियो अनि वर्ष २०२३ -२०२६ को कार्यकारिणी समितिलाई पनि पूर्ण रूपले विघटन गरियो।

समिति विघटन भएपछि परिचालन समितिका तीनजना सदस्य क्रमैले तिलोतमा राणा, नवराज शर्मा अनि राजु मङ्ग्रातीलाई नव कार्यकारिणी समिति चयन गर्ने अभिभारा सुम्पियो। यसै अवधि समितिका सदस्य महेश छेत्री, धिराज छेत्री, शारदा सिंग अनि डम्बर प्रधानले पनि आ-आफ्नो विचार प्रकट गरे।

परिचालन समितिद्वारा नवकार्यकारिणी समिति चयन प्रक्रियाका नियमहरू सभामा राखेपछि उपस्थित ग्रामवासीहरूको सुझाउअनुसार पर्चीमा दुई सदस्य या सदस्याहरूको नामद्वारा भोट गरेर नव कार्यकारिणी समितिको चयन गरिने निर्णय भएपछि सोही प्रक्रिया अनुरुप २७ जना नव कार्यकारिणी सदस्य/सदस्याहरू चयन भए।

आगामी केही दिन भित्रमा चयन भएका नव कार्यकारिणी सदस्य/सदस्याहरूबाट समितिका पदाधिकारीहरू चयन गरिने निर्णय लिइयो अनि पदाधिकारीहरूको पूर्ण रूपले चयन नहुञ्जेलसम्म निवर्तमान सभापति रमेश थापा कार्यवाहक सभापति अनि निवर्तमान सचिव अमर राई कार्यवाहक सचिव रहने परिचालन समितिद्वारा निर्णय लिइयो।

जनताले झुट र डरको राजनीति चाहँदैनन्: दिलीप घोष

कोलकाता, ६ अक्टोबर (हिस): 'इण्डी' गठबन्धनको निर्वाचन सदन अभियानलाई लिएर राज्यका मन्त्री दिलीप घोषले मङ्गलवार बिहान कोलकातामा पत्रकारहरूसँग कुराकानी गर्दै विपक्षमाथि कड़ा प्रहार गरे।

जनताले विपक्षीको यस्तो किसिमको राजनीति चाहँदैनन्, उनले भने। उनले भने, ''केही मानिसहरू 'इण्डी गठबन्धनबाट छुट्टिरहेका छन्। आम आदमी पार्टी पनि त्यसै तरिकाले गठन भएको थियो, तर अहिले यसको प्रासङ्गिकता बिस्तारै घट्दै गइरहेको छ। विपक्षीले झुट, छल, भ्रष्टाचारको राजनीति एवं डरको वातावरण सिर्जना गर्ने राजनीति गरि रहेको छ जसलाई जनताले चाहँदैनन्। ''उनले अझ भने, जनताले अब देशको विकास, शान्ति र प्रगति चाहन्छन्। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देशका हरेक नागरिकले आफ्नो जीवनमा वास्तविक परिवर्तनको अनुभव गरिरहेका छन्। त्यसैले जनता प्रधानमन्त्री मोदी र उनको नेतृत्वको साथमा छन्।

विपक्षीका आन्दोलनहरूको वारेमा उनले भने, विपक्षीले आफ्नो स्वभाव अनुसार आफ्नो गतिविधिलाई जारी राख्नेछ, तर यसले समग्र राजनीतिक स्थितिमा कुनै परिवर्तन ल्याउने छैन।

बङ्गाल विधानसभा उपचुनाउ

नन्दीग्राम र रेजीनगरमा मतदानका क्रममा तनाउ

कोलकाता, ६ अक्टोबर (हिस): पश्चिम बङ्गालका दुई संवेदनशील विधानसभा क्षेत्र पूर्व मेदिनीपुरको नन्दीग्राम र मुर्शिदाबादको रेजीनगरमा उपनिर्वाचन अन्तर्गत मङ्गलवार बिहान ७ बजीदेखि कड़ा सुरक्षा व्यवस्थाबीच मतदान भइरहेको छ। मतदान शुरु भएलगत्तै दुवै क्षेत्रमा राजनीतिक टकराव, झड़प, नेताहरूको पक्राउ तथा पुलिसह्वप्रशासनमाथि गम्भीर आरोपहरू सार्वजनिक भएका छन्। रेजीनगरमा पुलिसको काममा बाधा पुऱ्याएको तथा निर्वाचन आचार संहिता उल्लङ्घन गरेको आरोपमा आम जनता उन्नयन पार्टी (एजेयूपी) का प्रमुख तथा नाओदा क्षेत्रका विधायक हुमायूँ कबीरलाई पक्राउ गरिएको छ। त्यस्तै, नन्दीग्राममा शान्ति भङ्ग गरेको आरोपमा कङ्ग्रेसका ब्लक अध्यक्षलाई हिरासतमा लिइएको छ। रेजीनगरमा मतदानको शुरुआती घण्टादेखि नै तनावको अवस्था देखियो। आम जनता उन्नयन पार्टीका प्रमुख हुमायूँ कबीर बिहानै मतदान गर्न पुगेका थिए।

उनले भाजपामाथि मतदान केन्द्रको तहमा अवरोध सिर्जना गरेको र मत लुट्ने प्रयास गरेको आरोप लगाए। मतदान केन्द्रबाहिर पुलिससँग उनको चर्को विवाद तथा धकेलाधकेल भयो। उनीमाथि पुलिसलाई धम्क्याएको आरोप समेत लागेको छ। बेलडाँगा अनुमण्डल पुलिस अधिकारी आनन्दजीत होर अनुसार, निर्वाचन आचार संहिता उल्लङ्घन तथा पुलिसको सरकारी काममा बाधा पुऱ्याएको आरोपमा रेजीनगर थाना पुलिसले हुमायूँ कबीरलाई औपचारिक रूपमा पक्राउ गरेको हो। यसैबीच रेजीनगरमा वाममोर्चा र कङ्ग्रेसले पुलिसमाथि पक्षपातपूर्ण व्यवहार गरेको आरोप लगाएका छन्। दादपुर अञ्चलको मोरादीघी स्थित मतदान केन्द्र नम्बर ११२, ११३, ११४ र १२२ तथा काशीपुर ग्राम पञ्चायतका मतदान केन्द्र नम्बर ९९ र १०० मा पुलिसले कङ्ग्रेस तथा वाममोर्चाका मतदान प्रतिनिधिलाई बस्न नदिएको आरोप लगाइएको छ।

मिर्जापुर खागडुपाड़ा प्राथमिक विद्यालयका मतदान केन्द्र नम्बर ८५ र ८६ मा निर्वाचन आयोगको अधिकृत परिचयपत्र देखाउँदा समेत सञ्चार कर्मीलाई समाचार सङ्कलन गर्न नदिएको गुनासो पनि गरिएको छ। नन्दीग्राममा सीपीआईका निर्वाचन प्रतिनिधिमाथि आक्रमण

नन्दीग्राम विधानसभा क्षेत्रमा पनि छिटपुट हिंसा तथा तनावका घटना सार्वजनिक भएका छन्। सरबेरियाको मतदान केन्द्र नम्बर २१२ मा भारतीय कम्युनिस्ट पार्टी (सीपीआई) का उम्मेदवारका निर्वाचन प्रतिनिधि शेख सद्दाम हुसैनमाथि ज्यानमारा आक्रमण भएको आरोप लागेको छ। सद्दाम हुसैन पूर्व विधायक मोहम्मद इलियासका छोरा हुन्। गम्भीर घाइते अवस्थामा उनलाई नन्दीग्राम सुपर स्पेसियालिटी अस्पतालमा भर्ती गरिएको छ।

अर्कोतर्फ, क्षेत्रमा अशान्ति फैलाएको तथा माहोल बिगारेको आरोपमा पुलिसले नन्दीग्रामह्व१ कङ्ग्रेस ब्लक अध्यक्ष शेख असाफुलतुल्लाहलाई हिरासतमा लिएर नन्दीग्राम थानामा लगेको छ।

यसअघि मङ्गलवार बिहान कङ्ग्रेस उम्मेदवार मिलन प्रधानले सोनाचुडा गाङ्गडा प्राथमिक विद्यालयको मतदान केन्द्र नम्बर २८० मा पत्नी अर्पिता प्रधानसँग मतदान गरे। उनले मतदातालाई निडर भएर आफ्नो मताधिकार प्रयोग गर्न अपील गरे। केन्द्रमारी अञ्चलको हुसैनपुर मतदान केन्द्र नम्बर ११८ लगायतका अल्पसङ्ख्यक बहुल मतदान केन्द्रमा मतदाताको लामो लाइन देखियो। पसलहरू बाहिर भएको अवैध जमघटलाई केन्द्रिय सुरक्षा बलले लाठी प्रयोग गरी हटाएको बताइएको छ।

बोनस र बाँकी वेतनको मागमा राष्ट्रिय राजमार्ग अवरुद्ध

जलपाइगढ़ी, ६ अक्टोबर (हिस): दुर्गा पूजाअघि डुवर्सकोा चिया बगानहरूमा मजदुरहरूको आन्दोलन तीव्र भएको छ। २० प्रतिशत पूजा बोनस र लामो समयदेखिकै बाँकी रहेको तलबको माग गर्दै सोनगाछी चिया बगानका सयौं मजदुरहरूले मङ्गलवार बिहान काम बन्द गरी राष्ट्रिय राजमार्ग-१७ अवरुद्ध गरे। यसले गर्दा राजमार्गको दुवै तर्फ सवारी साधनहरूको लामो लस्कर लाग्यो जसबाट यातायात प्रभावित भयो।

श्रमिकहरूले आरोप लगाए, विगत केही महिनादेखिकै उनीहरूको वेतन बाँकी रहेको छ। साथै, पूजा बोनसको सम्बन्धमा पनि व्यवस्थापनको पक्षबाट कुनै स्पष्ट कदम चालिएको छैन।

श्रमिकहरूको भनाइ छ, पर्वको समयमा आर्थिक सङ्कटको कारणले उनीहरू सड़कमा उत्रिन बाध्य भएका छन्। पुरुषहरूसँगै ठूलो सङ्ख्यामा महिला चिया मजदुरहरूले पनि आन्दोलनमा भाग लिए।

आन्दोलनकारी श्रमिक अरविन्द केरकेट्टाले भने, पूजा अघि तलब र बोनसलाई लिएर व्यवस्थापनको टार्ने काम नगरोस्। सड़क अवरोधको सूचना पाएपछि मेटेली र मालबजार थानाका पुलिसले घटनास्थलमा पुगेर मजदुरहरूसँग कुराकानी गरी अवरोध हटाउने प्रयास गऱ्यो। यस अवधि बीरपारा, जलपाइगढ़ी र मालबजारतर्फ जाने बस, लरी एवं अन्य सवारी साधनहरू फसे।

राज्यपाल माथुरले 'हायर कमाण्ड...

संरक्षणलगायत विषयमा विभिन्न जिज्ञासा राखेका थिए।

बढ्दो पर्यटनसँगै सिक्किमको संवेदनशील पर्यावरण संरक्षणका विषयमा सोधिएको प्रश्नको जवाफ दिँदै राज्यपाल माथुरले स्वच्छता र पर्यावरणप्रतिको संवेदनशीलता सिक्किमका जनताको व्यवहारमै गहिरोसँग जोड़िएको बताए। उनले सिक्किमका बासिन्दा यस विषयमा पूर्ण रूपमा सचेत रहेको उल्लेख गरे।

कार्यक्रममा सहभागी आर्मी वार कलेजका कमाण्डेन्ट तथा सैन्य अधिकारीहरूले सीमावर्ती क्षेत्रहरूको निरन्तर भ्रमण गरी अग्रिम चौकीमा तैनाथ सैनिकहरूको मनोबल बढ़ाउँदै आएकोमा राज्यपाल माथुरप्रति आभार व्यक्त गरे।

शैक्षिक प्रणालीलाई सुदृढ़ बनाउन...

सक्षम बनाउनेछ।

यो सहकार्यले शिक्षकहरूलाई भविष्यका लागि अझ सक्षम बनाउन र सिक्किमको उच्च शिक्षा क्षेत्रको डिजिटल क्षमता सुदृढ़ पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

सिक्किम सरकारको शिक्षा विभागका मन्त्री राजु बस्नेतले यस सहकार्यको स्वागत गरे र राज्यको शैक्षिक प्रणालीलाई अझ सुदृढ़ बनाउन उदीयमान प्रविधिहरूको उपयोग गर्नुको महत्त्वमाथि प्रकाश पारे।

बैठकमा प्रधान सचिव डा. सन्दीप ताम्बे, विशेष सचिव उज्ज्वल राई, संयुक्त निर्देशक छिरिङ याङ्चेन भोटिया तथा गुगलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

सिक्किम सरकारको शिक्षा विभाग र गुगलबीच आशयको घोषणा (एसओआई)-मा हस्ताक्षर तथा आदान-प्रदानसँगै कार्यक्रम सम्पन्न भयो। यसले राज्यमा डिजिटल र एआई-सक्षम शिक्षाको क्षेत्रमा सहकार्यलाई सुदृढ़ पार्ने दिशामा एउटा महत्त्वपूर्ण कदमको रूपमा काम गरेको छ।

सेवक-रम्फू खण्डमा सवारी...

उपयुक्त ठानेअनुसार डाइभर्सन (मार्ग परिवर्तन) र नियमनका उपायसहित आवश्यक ट्राफिक व्यवस्थापनको प्रबन्ध मिलाउन सक्नेछन्''-आदेशमा थप उल्लेख छ।

अर्कोतर्फ, कालेबुङ पुलिसले एनएचआईडीसीएलद्वारा जारी सड़क बन्द गर्ने आदेशअनुसार 'नो-एन्ट्री' (प्रवेश निषेध) बिन्दुहरू लागू गर्ने जनाएको छ। उनीहरूले सबै यात्रुलाई जानकारी राख्न र सोही अनुसार योजना बनाउन पनि आग्रह गरेका छन्।

''कोरोनेशन-लाभा-मनसुङ-रम्फू हुँदै जाने वैकल्पिक मार्ग (र यसको विपरीत दिशाको मार्ग) साना सवारी साधनका लागि खुल्ला रहनेछ''-एक पुलिस अधिकारीले भने। उनले पेसोक हुँदै चित्रेदेखि दार्जीलिङसम्मको बाटो पनि खुल्ला रहने जानकारी दिए।

नाम्चीकी जिल्लापालद्वारा बर्खायामजन्य क्षति...

दिइन्। यसका साथै उनले आवश्यकता पर्दा तत्काल कार्यान्वन गर्न सकिने गरी आपदा पूर्वतयारी तथा प्रतिक्रियाका उपायहरू सुनिश्चित हुनुपर्ने महत्त्वमाथि पनि जोड़ दिइन्।

जिल्लाका विभिन्न भागमा पैह्रोका कारण सड़क सम्पर्कमा देखिएका समस्याहरूको समीक्षा गर्दै उनले सम्बन्धित महकुमा अधिकारीहरूलाई क्षतिको अवस्था निरीक्षण तथा प्रमाणीकरण गर्न र प्रभावित सड़क खण्डहरू सफा गर्ने तथा यातायात सुचारु गर्ने लगायतका आवश्यक कदमका लागि सम्बन्धित विभागहरूसँग समन्वय गर्न निर्देशन दिइन्।

बैठकमा जनसुविधा र सेवाहरूको प्रभावकारी प्रवाहसम्बन्धी अन्य विभिन्न विषयमा पनि छलफल गरियो र सम्बन्धित महकुमाबाट प्राप्त सुझाउहरूको आधारमा जिल्लापालले आवश्यक निर्देशनहरू प्रदान गरिन्।

बैठकमा नाम्चीका अतिरिक्त जिल्लापाल (मुख्यालय) सुवास घिमिरे, नाम्चीकी अतिरिक्त जिल्लापाल त्रिसाङ तामाङ, महकुमा अधिकारी (मुख्यालय) निम पिञ्छो भोटियासहित अन्यको उपस्थिति रहेको थियो।

गेजिङका जिल्लापालद्वारा रिम्बीमा...

सुविधाहरूको व्यवस्थाबारे विस्तृत छलफल गरियो।

जिल्लापालले बिजुलीको आवश्यकतालाई ध्यानमा राख्दै सम्बन्धित अधिकारीहरूलाई विद्युतीकरणको कामलाई तीव्रता दिन निर्देशन दिए भने दिन-रात निर्माण कार्य जारी राखेको सुनिश्चित गर्न आवश्यकताअनुसार जनशक्ति परिचालन गर्न पनि आग्रह गरे।

उनले कृषि तथा बागवानी विभाग, गेजिङलाई ५,००० लिटर क्षमताका दुईवटा पानीका ट्याङ्की उपलब्ध गराउन निर्देशन दिए।

सरसफाइसम्बन्धी कार्यजस्तै सोक पिट र शौचालयको निर्माण, पीडब्ल्यूडीद्वारा गरिनेछ। पुनर्स्थापना केन्द्र परिसरमा विद्युतीकरणको काम विद्युत् विभाग र आईटीआईले गर्नेछन् भने सेप्टिक ट्याङ्क र जलापूर्तिको काम आरडीडी बीएसी योकसमले गर्नेछ।

आईसीडीएस सुविधाहरूसँग सम्बन्धित आवश्यकताहरूबारे पनि छलफल गरियो।

जिल्लापालले कामहरू सम्पन्न गर्न स्थानीय सहयोगको महत्त्वमाथि पनि जोड़ दिए। आवश्यकताअनुसार बाहिरबाट जनशक्ति ल्याउन सकिने भए तापनि काम समयमै सम्पन्न गर्न स्थानीय समुदायको सहभागिता र सहयोग पनि अपरिहार्य हुनेछ।

त्यसपछि टोलीले राहत शिविरको निरीक्षण गऱ्यो, जहाँ प्रभावित परिवारहरूको स्थायी बसोबासका सम्बन्धमा छलफल गरियो। टोलीले घर र जग्गा दुवै गुमाएका परिवारहरूका लागि उपयुक्त जग्गा पहिचान गरी उपलब्ध गराउने विषयमा विशेष जोड़ दियो।

मूल्याङ्कनअनुसार रिम्बीमा कुल ३३ परिवार र सिङ्लिताममा आठ परिवार प्रभावित भएका छन्।

सम्बन्धित निकायहरूले भोलिदेखि नै तोकिएका कामहरू शुरु गर्नेछन्, जसमा पुनर्स्थापना केन्द्रमा विद्युत्, खानेपानी र सरसफाइको सुविधा सुनिश्चित गर्ने कार्यलाई तत्काल प्राथमिकता दिइनेछ।

जिल्ला प्रशासन र सम्बन्धित निकायहरूको समन्वयात्मक प्रयासको उद्देश्य पुनर्स्थापना केन्द्रको निर्माण कार्य समयमै सम्पन्न गर्नु र प्रभावित परिवारहरूलाई आवश्यक सुविधाहरू उपलब्ध गराउनु हो।

मणिपुरमा विभिन्न उग्रवादी पक्राउ, हतियार तथा गोलीगठ्ठा जफत

इम्फाल, ६ अक्टोबर (हिस): मणिपुर पुलिस तथा केन्द्रिय सुरक्षा बलले निरन्तर सञ्चालन गरिरहेका अभियानका क्रममा पछिल्लो २४ घण्टामा विभिन्न उग्रवादीलाई पक्राउ गर्नुका साथै हतियार तथा गोलीगठ्ठा जफत गरेको छ।

मणिपुर पुलिस मुख्यालयले मङ्गलवार जारी गरेको आधिकारिक विज्ञप्ति अनुसार, सोमवार एन्ड्रो पुलिस थानामा दर्ता भएको प्राथमिकीको सिलसिलामा प्राप्त भरपर्दो सूचनाका आधारमा सीडीओ/इम्फाल पूर्व, एन्ड्रो पुलिस थाना तथा सुरक्षा बलको संयुक्त टोलीले इम्फाल पूर्वको थम्बलनु बजारबाट मो. शम्सुदुहा उर्फ इटन (२३) लाई पक्राउ गरेको हो।

आरोपीमाथि हतियार, गोलीगठ्ठा तथा विस्फोटक पदार्थको गैरकानूनी खरिद-बिक्रीमा संलग्न रहेको आरोप छ। अनुसन्धानका क्रममा जुलाई २०२६ मा उसले दुई महिला मार्फत आफ्ना एक साथीलाई १० हजार रुपियाँमा बिक्री गर्न एउटा ह्यान्ड ग्रेनेड उपलब्ध गराएको खुलेको छ। आरोपीलाई थप आवश्यक कानुनी कारबाहीका लागि एन्ड्रो पुलिस थानाको जिम्मा लगाइएको छ।

सोही दिन प्राप्त सूचनाका आधारमा हेङ्गलेप पुलिस थाना तथा सुरक्षा बलको संयुक्त टोलीले कुकीमुन गाउँ क्षेत्रमा खोज तथा घेराबन्दी अभियान सञ्चालन गरेको थियो। क्षेत्रको तलासी लिने क्रममा टोलीले हतियार, गोलीगठ्ठा तथा विस्फोटक पदार्थ जफत गऱ्यो। जफत सामग्रीमा दुई वटा ९ एमएम सीएमजी, म्यागजिन सहित तीन वटा ९ एमएम पेस्तोल, सात वटा एकनाले बोल्ट एक्सन बन्दुक, ०.२२ एमएमका पाँच राउन्ड जीवित गोली, दुई वटा अस्थायी मोर्टार (पम्पी), एउटा नम्बर ३६ ह्यान्ड ग्रेनेड तथा एउटा मोर्टार बम रहेका छन्। सबै आपत्तिजनक सामग्री जफत गरी हेङ्गलेप पुलिस थानाको जिम्मा लगाइएको छ।

यसैबीच, अर्को अभियानका क्रममा म्यानमारमा भर्ती तथा तस्करीमा संलग्न उग्रवादी सङ्गठन प्री-पाक (प्रो) का कार्यकर्ताहरूलाई पक्राउ गरिएको छ। गत ४ अक्टोबरमा सीडीओ युनिट, काकचिङको संयुक्त टोलीले सोरा बजारमा घेराबन्दी तथा तलासी अभियान सञ्चालन गरी प्री-पाक (प्रो) को सक्रिय कार्यकर्ता मो. सिद्दीकी (२६) लाई पक्राउ गरेको थियो। उदेखि चाँदी रङको इको भ्यान (एएस-१२एई-८२८७) तथा एउटा नक्कली आधार कार्ड पनि जफत गरिएको थियो। अनुसन्धानबाट उ नयाँ भर्ती गरिएका कार्यकर्ताहरूका लागि नक्कली आधार कार्डको व्यवस्था गर्नुका साथै जफत गरिएको इको भ्यान मार्फत उनीहरूलाई म्यानमार पुर्याउने कार्यमा संलग्न रहेको खुलेको छ।त्यसपछि सीडीओ युनिट तथा काकचिङको संयुक्त टोलीले काकचिङ लमखाईमा कालो रङको थार गाडी (एएस-०१जीडब्ल्यू-६४११) रोकेर चालकलाई पक्राउ गऱ्यो। चालकको पहिचान शेखर (४५) का रूपमा भएको छ। उ प्री-पाक (प्रो) को सक्रिय सदस्य रहेको बताइएको छ। उसलाई नयाँ भर्ती गरिएका कार्यकर्ताहरूलाई म्यानमार पुर्याउने जिम्मेवारी दिइएको थियो। पक्रा परेका व्यक्तिहरू तथा जफत गरिएका सामग्रीलाई थप आवश्यक कारबाहीका लागि काकचिङ पुलिस थानाको जिम्मा लगाइएको छ। अर्को अभियान अन्तर्गत गत ४ अक्टोबरमा प्राप्त सूचनाका आधारमा सीडीओ/इम्फाल पूर्वले काकचिङको सोरा बजारमा कारबाही सञ्चालन गरी मयाङ इम्फाल बेङ्गुन अवाङ लीकाई निवासी हाफिज ताप्सीर (२३) लाई पक्राउ गरेको थियो। उदेखि १० वटा साबुनदानीमा राखिएको सन्दिग्ध हेरोइन नम्बर-

सिक्किम साहसिक पर्यटन उत्सव आयोजन गरिने

गान्तोक, ६ अक्टोबर (आईपीआर): पर्यटन तथा नागरिक उड्डयन एवं वाणिज्य तथा उद्योग विभागका मन्त्री छिरिङ टी भोटियाले मङ्गलवार आगामी सिक्किम साहसिक पर्यटन उत्सव २०२६ बारे जानकारी गराएका छन्। यो महोत्सव १ देखि ७ नोभेम्बरसम्म नाम्ची जिल्लाको लिङ्खिमटारमा आयोजना हुने तय गरिएको अवगत गराए।

मन्त्रीले यस महोत्सवलाई सिक्किमको प्राकृतिक सौन्दर्य, समृद्ध सांस्कृतिक सम्पदा र विविध पर्यटकीय अनुभवहरू प्रदर्शन गर्दै राज्यलाई साहसिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने पहलका रूपमा प्रकाश पारे। उनले यस महोत्सवले स्थानीय बासिन्दा,

देशभरिका अतिथि र अन्तराष्ट्रिय पर्यटकहरूलाई एकै ठाउँमा ल्याउने तथा उनीहरूलाई सिक्किमको अक्षुण्ण प्राकृतिक दृश्य, सांस्कृतिक विविधता र साहसिक पर्यटनका गतिविधिहरूको अनुभव प्रदान गर्ने अपेक्षा गरिएको बताए।

उनले भारत र विदेशका पर्यटक तथा आगन्तुकहरूलाई महोत्सवमा सहभागी हुन र राज्यको प्रकृति, संस्कृति तथा साहसिक गतिविधिका अद्वितीय सङ्गमको अनुभव लिन हार्दिक निमन्त्रणा दिए। मन्त्री भोटियाले स्थानीय बासिन्दा र अतिथिहरूलाई महोत्सवमा सक्रिय रूपमा सहभागी हुन तथा राज्यका विशिष्ट प्राकृतिक र सांस्कृतिक आकर्षणहरू पत्ता लगाउँदै सिक्किममा आफ्नो बसाइको भरपूर आनन्द लिन आह्वान गरे।

सिक्किम साहसिक पर्यटन उत्सव २०२६ को आधिकारिक पोर्टल अब उपलब्ध छ र इच्छुक सहभागीहरूका लागि पञ्जीकरण खुल्ला गरिएको छ। पोर्टलमा सहज पहुँच, दर्ता र अन्य जानकारीका लागि क्यूआर कोडको पनि व्यवस्था गरिएको छ।

मतदाता नामावली पञ्जीकरण अभियानलाई सुदृढ बनाउन नाम्चीमा बैठक अयोजित

नाम्ची, ६ अक्टोबर (आईपीआर): सिक्किममा जारी विशेष गहन पुनरीक्षण (एसआईआर) २०२६ को निरन्तरतास्वरूप नाम्चीकी जिल्ला चुनाउ अधिकारी (डीईओ) अनुपा तामलिङले मङ्गलवार जिल्ला प्रशासनिक केन्द्र, नाम्चीमा चुनाउ पञ्जीकरण अधिकारी (ईआरओ) सँगको बैठकको अध्यक्षता गरेकी छन्।

बैठकको क्रममा डीईओले ईआरओहरूलाई भारतको चुनाउ आयोगद्वारा जारी गरिएका पछिल्ला निर्देशनबारे जानकारी गराइन् र एसआईआर प्रक्रियाको क्रममा छुटेका हुन सक्ने योग्य मतदाताहरूका लागि विशेष पञ्जीकरण अभियान सञ्चालन गर्न निर्देशन दिइन्।

उनले सही जानकारी जनतासम्म पुऱ्याउन र पञ्जीकरण प्रक्रियासम्बन्धी कुनै पनि भ्रम वा गलत बुझाइहरू निवारण गर्न हेतु अभियानअघि अधिकारी र सर्वसाधारणसँग प्रभावकारी सञ्चारको आवश्यकतामा जोड दिइन्।

डीईओले ईआरओहरूलाई दस्तावेजहरू सङ्कलन र प्रमाणीकरण गर्दा सम्बन्धित सहायक चुनाउ पञ्जीकरण अधिकारीहरू (एईआरओ) र बुथ स्तरका अधिकारीहरू (बीएलओ)-ले तोकिएका निर्देशिका र मापदण्डहरू कड़ाइका साथ पालना गर्ने सुनिश्चित गर्न पनि निर्देशन दिइन्। उनले तोकिएको योग्यता मापदण्डअनुसार योग्य युवा मतदाताहरूलाई मतदाता नामावलीमा विधिवत समावेश गरिनुपर्ने कुरामा पनि जोड दिइन्।

बैठकमा ईआरओ (बर्फुङ) सरन डी कालिकोटे, ईआरओ (१० पोक्लोक-कामराङ) सुवास घिमिरे, ईआरओ (११ नाम्ची-सिङ्घिथाङ) वाङ्याल शेर्पासहित अन्यको उपस्थिति रहेको थियो।

अवैध आधार केन्द्रको खुलासा

दुई बाङ्ग्लादेशीसहित तीनजना पक्राउ

कोलकाता, ६ अक्टोबर (हिस): सिलगढ़ीमा पुलिसले अवैध आधार कार्ड बनाउने केन्द्र चिन्हित गरेको छ। अभियानको क्रममा दुईजना बाङ्ग्लादेशी नागरिकसहित तीनजनालाई पक्राउ गरियो। घटनास्थलबाट २८ वटाभन्दा अधिक संदिग्ध आधार कार्ड र धेरै महत्त्वपूर्ण कागज-पत्रहरू जफ्त गरियो। यो मामिला मतिगढ़ा पुलिस थानाअन्तर्गत शिशाबारी क्षेत्रको हो।

पुलिसअनुसार गुप्त सूचनाको आधारमा गत सोमबार सुकना आर्मी इन्टेलिजेन्स र मतिगढ़ा पुलिसको संयुक्त टोलीले शिशाबारी क्षेत्रमा छापामारी गऱ्यो। एउटा निजी घरमा अवैध रूपमा आधार नामाङ्कन केन्द्र चलाइरहेको खबर प्राप्त भएको थियो। कारबाहीको क्रममा बाङ्ग्लादेशी नागरिक सुशिल राय र नीलफामारी निवासी लिटु महन्तोलाई पक्राउ गरियो।

दुवै बाङ्ग्लादेशीले भारतीय परिचय-पत्रका रूपमा आधार कार्ड बनाउने प्रयास गरिरहेको आरोप छ। पुलिसअनुसार दुवैजना लगभग दुई वर्षदेखि शिशाबारी क्षेत्रमा भाड़ाको घरमा बस्दै आएका थिए। उनीहरूले आधार कार्ड बनाउनको लागि कथित रूपमा दश-दश हजार रुपियाँ दिएका थिए।

पुलिस पुछ्रअघि नै केन्द्रका प्रमुख सञ्चालक रिपन राय घटनास्थलबाट भागिसकेका थिए। उनकी पत्नी पवित्रा रानी रायलाई पुलिसले पक्राउ गरेको छ। छापामारीको क्रममा २८ वटाभन्दा बढी संदिग्ध वा अवैध रूपमा बनाइएको आधार कार्ड अनि सम्बन्धित कागज-पत्रहरू जफ्त गरियो। मतिगढ़ा थानाको पुलिसले मामिलाको जाँच शुरु गरेको छ।

लोअर स्यारीमा भाजपा महिला मोर्चाद्वारा आँगनवाड़ी मिलन कार्यक्रम आयोजित

गान्तोक, ६ अक्टोबर (हिस): सेवा सङ्कल्प अभियानअन्तर्गत भारतीय जनता पार्टी (भाजपा) सिक्किम महिला मोर्चाले लोअर स्यारीस्थित एकीकृत बाल विकास सेवा (आईसीडीएस) केन्द्रमा आँगनवाड़ी मिलन कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा भाजपा सिक्किमका राज्य प्रभारी तथा सांसद राजु विष्ट, राज्य महासचिव अर्जुन राई, महिला मोर्चाकी अध्यक्ष तथा पार्षद् सृजना छेत्रीलगायत पार्टीका पदाधिकारी तथा महिला मोर्चाका कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको क्रममा सांसद राजु विष्टले मातृ तथा बाल कल्याणका क्षेत्रमा योगदान पुऱ्याउँदै आएका आँगनवाड़ी तथा आशा कार्यकर्ताहरूलाई सम्मान गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। उनले केन्द्रमा रहेका बालकबालिकासँग अन्तरक्रिया गर्दै उनीहरूसँग समयसमेत बिताए।

भ्रमणका क्रममा प्रतिनिधिमण्डलले आईसीडीएस केन्द्रको सञ्चालन तथा सेवाबारे जानकारी लिए। टोलीले केन्द्रका कार्यकर्ताहरूसँग उपलब्ध सुविधा, प्रदान गरिँदै आएका सेवा तथा केन्द्रले सामना गरिरहेका चुनौतीबारे छलफल गरेको थियो।

सेवा पहलअन्तर्गत बालकबालिका तथा लाभार्थीहरूको उपयोगका लागि पोषण सामग्रीसहित विभिन्न आवश्यक सामग्रीसमेत केन्द्रलाई हस्तान्तरण गरिएको थियो।

भाजपा सिक्किमअनुसार आँगनवाड़ी मिलन कार्यक्रमले महिला तथा बालकबालिकाको कल्याणमा केन्द्रित हुँदै स्थानीय तहमा सेवा तथा समर्पणको भावनालाई थप सुदृढ गर्ने पार्टीको प्रयासलाई निरन्तरता दिएको छ।

सिक्किममा निर्मित नेपाली फिल्म 'हो नि हजुर' खरसाङमा प्रदर्शन हुने

खरसाङ, ६ अक्टोबर (हिस): सिक्किममा निर्माण भएको तथा खरसाङका छोरा एवं अभिनेता केवल सुब्बाको मुख्य अभिनय रहेको नेपाली फिल्म 'हो नि हजुर' खरसाङमा प्रदर्शन हुने भएको छ।

सुरज खातीको निर्देशन तथा सङ्गीत रहेको उक्त नेपाली फिल्ममा सिक्किम, दार्जीलिङ, खरसाङ र कालेबुङ क्षेत्रका कलाकारहरूको अभिनय रहेको छ।

चलचित्रको प्रदर्शनबारे जानकारी दिन सोमबार प्रेस क्लब अफ् खरसाङमा पत्रकार सम्मेलन आयोजना गरिएको थियो। चलचित्रका निर्देशक एवं सङ्गीतकार सुरज खाती तथा मुख्य अभिनेता केवल सुब्बाले चलचित्रका विभिन्न पक्षबारे जानकारी दिए।

निर्देशक खातीअनुसार पश्चिम सिक्किमका विभिन्न स्थानमा छायाङ्कन गरिएको 'हो नि हजुर' आगामी ९ अक्टोबरदेखि खरसाङको गिद्ध पहाड़स्थित सिनेमा हलमा प्रदर्शन गरिनेछ।

चलचित्रमा सङ्गीत सुरज खातीको रहेको छ भने बानिका प्रधान, इस्माइल दास, साईराज खाती, स्मिता प्रधान र सुरज खातीको स्वर रहेको छ। सङ्गीत संयोजन सुमित विश्वकर्माले गरेका छन्।

निर्देशक सुरज खातीले 'हो नि हजुर' युवा तथा पुरानो पुस्ता दुवैलाई समेटेर निर्माण गरिएको रोमान्टिक, हास्यप्रधान, पारिवारिक तथा गीत-सङ्गीतले भरिपूर्ण चलचित्र रहेको बताए। चलचित्रमा ९० को दशकको परिवेशको अनुभूति दिलाउने प्रयाससँगै वर्तमान पुस्ताको स्वादलाई समेत समेटिएको उनले जानकारी दिए।

उनले दर्शकहरूलाई चलचित्र एकपटक हेर्न प्रतिक्रिया दिन आग्रह गर्दै खरसाङवासीले पनि चलचित्रलाई माया र साथ दिने विश्वास व्यक्त गरे।

पत्रकार सम्मेलनमा बोल्दै चलचित्रका मुख्य अभिनेता केवल सुब्बाले लामो समयपछि ९० को दशकको अनुभूति गराउने तथा नयाँ पुस्तालाई समेत समेटेर सिक्किमको नेपाली चलचित्र निर्माण भएको बताए। उनले 'हो नि हजुर' पूर्ण पारिवारिक तथा मनोरञ्जनात्मक चलचित्र भएको उल्लेख गर्दै खरसाङ क्षेत्रका दर्शकहरूलाई चलचित्र हेर्न आग्रह गरे।

चलचित्रमा नयाँ र पुरानो पुस्ताका कलाकार तथा कथावस्तुलाई समेटिएकाले सबै उमेर समूहका दर्शकले मनोरञ्जन लिन सक्ने अभिनेता सुब्बाको भनाइ छ।

रम्फूमा दुईदिने सद्भावना सत्सङ्ग सम्मेलन हुने

गान्तोक ६ अक्टोबर: मानव उत्थान सेवा समिति सिक्किमको तत्त्वावधानमा आगामी १० र ११ अक्टोबर रम्फूको खेल मैदानमा दुईदिने सद्भावना सत्सङ्ग सम्मेलन आयोजना हुने भएको छ। सामाजिक सद्भाव, शान्ति र आपसी भाइचाराको सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजना हुन लागेको सम्मेलनमा सहभागी भइदिन आयोजक समितिले सर्वसाधारणमा आग्रह गरेको छ।

मङ्गलवार गान्तोकमा आयोजित पत्रकार सम्मेलनमा समितिका अध्यक्ष पूर्ण योञ्जनले सम्मेलनमा मानव धर्मका प्रणेता सतपालजी महाराज तथा विभुजी महाराजको विशेष उपस्थिति रहने जानकारी दिए। उनका अनुसार पहिलो दिन सिक्किमका मुख्यमन्त्री पीएस गोले र दोस्रो दिन राज्यपाल ओमप्रकाश माथुर मुख्य अतिथिका रूपमा सहभागी हुनेछन्। सम्मेलनमा सिक्किमसहित देशका विभिन्न स्थान तथा विदेशबाट समेत अतिथि, सन्त-महात्मा र भक्तजनको सहभागिता रहने बताएको छ। आयोजकका अनुसार सम्मेलनका लागि आवश्यक तयारी पूरा भइसकेको छ भने सम्मेलनमा करिब १५ देखि २० हजार भक्तजन सहभागी हुने अपेक्षा गरिएको छ। यसैगरी समितिका मूलसचिव प्रकाश हाङ्खिमले समितिले विभिन्न सामाजिक सेवामूलक गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिँदै आत्मज्ञानको प्रचार-प्रसार गर्नु समितिको मुख्य उद्देश्य रहेको बताए।

गान्तोकमा पहिलो मुख्यमन्त्री खुल्ला स्नुकर प्रतियोगिता आयोजना हुने

गान्तोक, ६ अक्टोबर: गान्तोक ओल्ड युथ क्लबले मुख्यमन्त्री पीएस गोलेको मार्गनिर्देशन र सहयोगमा गान्तोकमा पहिलो मुख्यमन्त्री खुल्ला स्नुकर प्रतियोगिता आयोजना गर्ने भएको छ। क्लबका सदस्यहरूले मङ्गलवार आयोजित पत्रकार सम्मेलनमा दिएको जानकारीअनुसार प्रतियोगिताका लागि ७ अक्टोबरदेखि २८ अक्टोबरसम्म पञ्जीकरण खुल्ला रहनेछ। प्रतियोगिता भने १ नोभेम्बरदेखि शुरु हुनेछ। विजेताले तीन लाख रुपियाँ तथा उपविजेताले दुई लाख रुपियाँ पुरस्कार प्राप्त गर्नेछन्। यस्तै सर्वाधिक ब्रेक स्कोर गर्ने खेलाडी र उत्कृष्ट खेलाडीलाई क्रमैले ५०-५० हजार रुपियाँ तथा चारजना

सेमिफाइनालिस्टलाई २५-२५ हजार रुपियाँ पुरस्कार प्रदान गरिने आयोजक क्लबका सदस्यहरूले जानकारी गराएका छन्। प्रतियोगिताका प्रमुख संरक्षक सिम्फेडका अध्यक्ष तेञ्जिङ दोर्जी भोटिया रहेका छन् भने सबै इच्छुक स्नुकर खेलाडीलाई प्रतियोगितामा सहभागी भइदिन क्लबका सदस्यहरूले आह्वान गरेका छन्। क्लबका सदस्यहरूले स्नुकर खेलको निम्ति यसरी प्रोत्साहित गरेकोमा मुख्यमन्त्री गोलेप्रति हार्दिक आभार व्यक्त गरेका छन्।

सोनादामा ट्राफिक व्यवस्थापन तथा रोड सेफ्टीलाई ध्यानमा राख्दै ब्यारिकेड पहल शुरु

सोनादा, ६ अक्टोबर: दार्जीलिङ जिल्ला पुलिस अधीक्षकको विशेष पहल तथा निर्देशनमा सोनादा वरिपरिका विभिन्न क्षेत्रमा ट्राफिक व्यवस्थापनलाई थप व्यवस्थित बनाउने उद्देश्यले ब्यारिकेड पहल शुरु गरिएको छ। नागरिकहरूको सड़क सुरक्षा तथा यातायात व्यवस्थापनलाई प्राथमिकतामा राख्दै सोनादा ट्राफिक गार्डद्वारा सोनादाको विभिन्न संवेदनशील तथा ट्राफिक समस्या देखिने क्षेत्रमा ब्यारिकेड राख्ने कार्य थालेको छ। यस पहलअन्तर्गत गाड़ीको आवागमनलाई व्यवस्थित बनाउनुका साथै सम्भावित दुर्घटना न्यूनीकरण र पैदलयात्री तथा आम नागरिक, विद्यार्थीहरूको सुरक्षालाई ध्यान दिइएको सोनादा ट्राफिक पुलिसका ओसी सबिन दर्लामिले जनाएका छन्। यसअघि पनि सड़क सुरक्षासँग सम्बन्धित समस्यालाई मध्यनजर गर्दै यातायात व्यवस्थापनमा थप सहजता ल्याउने ट्राफिक सचेतनाका लागि दार्जीलिङका पुलिस अधीक्षकको निर्देशनमा सोनादामा सचेतना फ्लेक्स र जेब्रा क्रसिङ निर्माण गरिएको छ।

पंजाब एण्ड सिन्ध बैंक (भारत सरकारको उपक्रम) प्रधान कार्यालयः सञ्चालन भवन, 21-ब्यांक हाउस, राजेन्द्र प्लेस, नयाँ दिल्ली- 110008 ईमेलः ho.god@psb.bank.in

पंजाब एण्ड सिंध बैंक (भारत सरकार का उपक्रम) जहाँ सेवा ही जीवन - ध्येय है

Punjab & Sind Bank (A Govt. of India Undertaking) Head Office: Operational Department, 21 -Bank house, Rajendra Place, New Delhi- 110008 Email: ho.god@psb.bank.in

सार्वजनिक सूचनाको प्रारूप

सूचनाः शून्य शेष भएको निष्क्रिय खाता बन्द गर्न हेतु

यो सूचना ती खाताधारकहरूका लागि हो, जसको खाता निष्क्रिय छ र जसमा शेष राशि शून्य छ। खाता बन्द हुनबाट बच्न कृपया **07.11.2026** मा वा त्योभन्दा अघि आफ्नो निकटतम पञ्जाब एण्ड सिन्ध ब्यांक शाखामा अद्यतन केवाईसी दस्तावेज जमा गरेर आफ्नो खाता पुनः सक्रिय बनाउनुहोस्। उक्त मितिसम्म सक्रिय नगरिएको खाता, कुनै सूचनाबिनै **08.11.2026** मा त्यस उपरान्त बन्द पनि गर्न सक्छ।

महाप्रबन्धक
सञ्चालन विभाग

'पीएम मेमेन्टोस्' ले सिक्किमको सांस्कृतिक सम्पदालाई नागरिकको समीप पुऱ्याउँछ

गान्तोक, ६ अक्टोबर: 'नमामि गङ्गे' अभियानलाई सहयोग गर्ने उदात्त उद्देश्यका साथै 'पीएम मेमेन्टोस्'-को आठौं संस्करणले नागरिकहरूलाई भारतको विविध सांस्कृतिक सम्पदासँग जोड्ने र त्यसको एक अंश आफूसँग राख्ने अवसर प्रदान गर्दछ।

यस संस्करणमा लिलामीका लागि राखिएका वस्तुहरूमध्ये सिक्किमका दुई विशिष्ट कलाकृतिहरू समावेश छन्, जसले उक्त राज्यको अद्वितीय कलात्मक सम्पदाको झलक प्रस्तुत गर्छन्। यी कलाकृतिहरूको समावेशीकरणले सिक्किमको सम्पदालाई राष्ट्रिय मञ्चमा स्थापित गरेको छ; यसले कुनै समय औपचारिक आदान-प्रदानको हिस्सा रहेका वस्तुहरूलाई

नागरिक र सङ्कलकहरूसँग नयाँ सम्बन्ध जोड्ने मौका दिएको छ।

विशेष रूपमा प्रस्तुत गरिएका वस्तुहरूमध्ये एउटा भगवान् बुद्धको उत्कृष्ट ढङ्गले बनाइएको पित्तलको मूर्ति हो, जुन सिक्किमका राज्यपालले प्रधानमन्त्री नेन्द्र मोदीलाई उपहारस्वरूप प्रदान गरेका थिए। दोस्रो कलाकृति

तिब्बती बौद्ध परम्पराको 'टेबल-टप प्रेयर ह्विल' (टेबलमा राख्न मिल्ने प्रार्थना चक्र) वा 'मणि खोरलो' हो। यसमा पवित्र मन्त्र ओम मणि पद्मे हुङ कुँदिएको छ, जसले हिमाली राज्यको कलात्मक र आध्यात्मिक भावनालाई प्रतिबिम्बित गर्दछ।

यस वर्षको लिलामीमा यी दुई कलाकृतिको उपस्थिति भारतको सांस्कृतिक विविधताको परिचायक हो। यसले 'पीएम मेमेन्टोस्' जस्ता पहलहरूले देशका विविध सांस्कृतिक परम्पराहरूलाई नागरिकको नजिक ल्याएर एकताको सूत्रका रूपमा खेल्न सक्ने महत्त्वपूर्ण भूमिकालाई पनि उजागर गर्दछ। 'पीएम मेमेन्टोस्'-को आठौं संस्करण हाल सञ्चालनमा छ र यसको म्याद ३१ अक्टोबर, २०२६ सम्म थपिएको छ। लिलामीबाट प्राप्त रकम 'नमामि गङ्गे' परियोजनाको सहयोगमा खर्च गरिनेछ। इच्छुक सहभागीहरूले 'पीएम मेमेन्टोस्' को आधिकारिक ई-लिलामी पोर्टल https://pmmementos.gov.in मार्फत अनलाइन बोली लगाउन सक्छन्। **(पीआईबी)।**

Fax No : 03592 22210
E-mail : planning_dev@yahoo.co.in

GOVERNMENT OF SIKKIM
PLANNING AND DEVELOPMENT DEPARTMENT
TASHILING SECRETARIAT
GANGTOK - 737101

No....1094..../P&DD Dated....03.10.2026

Notice

Planning and Development Department, Government of Sikkim is conducting interview for the post of 1 Team Leader (Data Analytics, Monitoring and Evaluation) and 3 Sector Experts under NITI Aayog's State Support Mission in Planning and Development Department for the shortlisted candidates.

The list of candidates and other details including date, time and venue of the interview are available at website-www.sikkim.gov.in.

(M.T. Sherpa), IAS
Commissioner cum Secretary
Planning and Development Department

R.O.No: 215/IPR/PUB/Classi/2026-27
Date: 03/10/2026

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँडागाउँ, ताडोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादकः राजेन्द्र प्रधान, सम्पादकः श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्सः 231265। ईमेलः himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386